विधेयक संख्या :

# नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक

२०८३

सङ्घीय संसद सचिवालय,
सिंहदरबार, काठमाडौं।

# उद्देश्य र कारण

नेपालको अर्थतन्त्रको दिगो विकासमा सहयोग पुऱ्याउने उद्देश्यले मूल्य तथा शोधनान्तर स्थिरता कायम राखी समग्र वित्तीय क्षेत्रको स्थायित्व सुदृढ गर्न केन्द्रिय बैङ्कको रूपमा नेपाल राष्ट्र बैङ्कको स्थापना सम्बन्धी व्यवस्था गर्न नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ कार्यान्वयनमा रहेको छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक तथा वित्तीय क्षेत्रमा आएको परिवर्तन, वित्तीय प्रणालीको विस्तार, डिजिटल प्रविधिको प्रयोग तथा केन्द्रीय बैङ्कको भूमिकामा आएको विकासलाई दृष्टिगत गर्दा प्रचलित ऐनका केही व्यवस्थालाई थप स्पष्ट, व्यवस्थित तथा समयानुकूल बनाउनु आवश्यक भएको छ। विशेषगरी बैङ्कको उद्देश्य, गभर्नर तथा सञ्चालकको नियुक्ति र पदमुक्ति सम्बन्धी व्यवस्था, वित्तीय स्थायित्व कायम गर्ने संयन्त्र, डिजिटल करेन्सी सम्बन्धी व्यवस्था तथा नियामकीय अधिकारलाई स्पष्ट र प्रभावकारी बनाउन र ऐनमा रहेका कतिपय अस्पष्ट तथा व्यवहारमा कठिनाइ उत्पन्न गर्ने प्रावधानलाई स्पष्ट गरी नेपाल राष्ट्र बैङ्कलाई अझ स्वायत्त, उत्तरदायी, पारदर्शी तथा प्रभावकारी रूपमा सञ्चालन गर्न कानूनी सुधार आवश्यक छ।

उल्लिखित व्यवस्था कार्यान्वयन गरी मुलुकको मौद्रिक तथा वित्तीय प्रणालीलाई थप सुदृढ, विश्वसनीय र समयसापेक्ष बनाउन वाञ्छनीय भएकोले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न यो विधेयक तर्जुमा गरी सङ्घीय संसदमा पेश गरेको छु।

(डा. स्वर्णिम वाग्ले)
अर्थमन्त्री

## सैद्धान्तिक अवधारणा

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक, मौद्रिक तथा वित्तीय क्षेत्रमा विकसित नयाँ प्रवृत्ति, लगानी वातावरणमा आएको परिवर्तन तथा वित्तीय प्रणालीमा प्रविधिको बढ्दो प्रयोगलाई दृष्टिगत गर्दै नेपालको अर्थतन्त्रलाई समयसापेक्ष, गतिशील र दिगो बनाउनु आवश्यक देखिएको छ। मुलुकको समष्टिगत आर्थिक स्थायित्व कायम राख्न मूल्य तथा शोधनान्तर स्थिरता सुदृढ गर्नुका साथै समग्र वित्तीय क्षेत्रको स्थायित्व, विश्वसनीयता र प्रभावकारिता अभिवृद्धि गर्न नेपाल राष्ट्र बैङ्कको भूमिका थप सक्षम, उत्तरदायी तथा प्रभावकारी बनाउनु आवश्यक भएको छ।

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ कार्यान्वयनको क्रममा देखिएका व्यावहारिक समस्या, अस्पष्ट प्रावधान तथा समयानुकूल सुधारको आवश्यकतालाई सम्बोधन गर्न ऐनमा संशोधन गर्नु आवश्यक भएको छ। विशेषगरी केन्द्रीय बैङ्कको संस्थागत सुदृढीकरण, नियामकीय तथा सुपरीवेक्षकीय अधिकारको स्पष्टता, गभर्नर तथा सञ्चालक नियुक्ति सम्बन्धी व्यवस्था, वित्तीय स्थायित्व कायम गर्ने संयन्त्र तथा डिजिटल वित्तीय प्रणालीसँग सम्बन्धित विषय समेतलाई समावेश गरी ऐनलाई समयसापेक्ष बनाउनु आवश्यक देखिएको छ।

उक्त उद्देश्य प्राप्तिका लागि नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई सङ्घीय संसदमा पेश गर्न अनुमति प्राप्त भएकोले प्रस्तुत विधेयक पेश गरिएको हो।

(डा. स्वर्णिम वाग्ले)
अर्थमन्त्री

# आर्थिक टिप्पणी

नेपालको अर्थतन्त्रको दिगो विकासमा सहयोग पुऱ्याउने उद्देश्यले मूल्य तथा शोधनान्तर स्थिरता कायम राख्न तथा समग्र वित्तीय क्षेत्रको स्थायित्व सुदृढ गर्न नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्ने प्रस्ताव गरिएको हो। प्रस्तावित संशोधन मुख्यतः प्रचलित कानूनी तथा संस्थागत व्यवस्थालाई समयानुकूल, स्पष्ट र प्रभावकारी बनाउने प्रकृतिको रहेको तथा ऐन अन्तर्गतका संरचना, जनशक्ति र कार्यप्रणाली हाल कार्यान्वयनमा नै रहेको हुँदा संशोधित व्यवस्थाको कार्यान्वयनबाट नेपाल सरकारलाई कुनै अतिरिक्त आर्थिक दायित्व पर्ने देखिँदैन।

(डा. स्वर्णिम वाग्ले)
अर्थमन्त्री

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

नेपालको अर्थतन्त्रको दिगो विकासमा सहयोग पुऱ्याउने उद्देश्यले मूल्य तथा शोधनान्तर स्थिरता कायम राख्न तथा समग्र वित्तीय क्षेत्रको स्थायित्व सुदृढ गर्न नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ कार्यान्वयनमा रहेको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय क्षेत्रमा आएको परिवर्तन, मौद्रिक तथा वित्तीय प्रणालीमा विकसित नयाँ अभ्यास तथा समयानुकूल कानूनी सुधारको आवश्यकतालाई दृष्टिगत गरी सो ऐनलाई परिमार्जन तथा संशोधन गर्न प्रस्तावित "नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक" तर्जुमा गरिएको हो।

प्रस्तावित विधेयकमा कुनै नयाँ प्रत्यायोजित व्यवस्थापन सम्बन्धी अधिकार सिर्जना नगरिएको तथा विद्यमान कानूनी संरचनाभित्र रही व्यवस्थालाई स्पष्ट, व्यवस्थित र समयसापेक्ष बनाउने प्रयोजन मात्र रहेको हुँदा प्रत्यायोजित व्यवस्थापन सम्बन्धमा थप व्याख्या आवश्यक नदेखिएको व्यहोरा पेश गरेको छु।

(डा. स्वर्णिम वाग्ले)
अर्थमन्त्री

# व्याख्यात्मक टिप्पणी

नेपालको अर्थतन्त्रको दिगो विकासमा सहयोग पुऱ्याउने उद्देश्यले मूल्य तथा शोधनान्तर स्थिरता कायम राख्न तथा समग्र वित्तीय क्षेत्रको स्थायित्व सुदृढ गर्न नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ कार्यान्वयनमा रहेको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय प्रणाली, मौद्रिक व्यवस्थापन, डिजिटल वित्तीय कारोबार तथा नियामकीय अभ्यासमा आएको परिवर्तनलाई दृष्टिगत गरी प्रचलित ऐनका केही व्यवस्थालाई थप स्पष्ट, व्यवस्थित तथा समयानुकूल बनाउन आवश्यक देखिएको छ।

प्रस्तावित विधेयकमा वित्तीय संस्था, मुद्रा, करेन्सी, मौद्रिक दायित्व तथा सम्झौतायोग्य ऋण उपकरण जस्ता शब्दको परिभाषालाई परिमार्जन तथा स्पष्ट गर्ने, बैङ्कको उद्देश्य र कार्यक्षेत्रलाई समसामयिक बनाउने, गभर्नर तथा सञ्चालकको नियुक्ति र पदमुक्ति सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्ने, सञ्चालक समितिको काम, कर्तव्य तथा अधिकारलाई स्पष्ट गर्ने तथा खुद आय र वितरणयोग्य आयको गणना तथा बाँडफाँट सम्बन्धी व्यवस्थालाई समयानुकूल बनाउने प्रस्ताव गरिएको छ। त्यसैगरी, बैङ्क नोट, सिक्का तथा डिजिटल करेन्सीको सर्वस्वीकार्यता, करेन्सी निष्कासन तथा सुरक्षासम्बन्धी व्यवस्था, आवश्यक जानकारी तथा विवरण सङ्कलन गर्न सक्ने अधिकार, वित्तीय संस्थाको वित्तीय अवस्था सुधारका लागि सिफारिस गर्न सक्ने व्यवस्था तथा असल नियतले गरेको कार्यमा जवाफदेही नहुने सम्बन्धी व्यवस्थालाई समेत स्पष्ट र प्रभावकारी बनाउने उद्देश्य राखिएको छ।

प्रस्तावित संशोधन मूलतः प्रचलित व्यवस्थालाई स्पष्ट, व्यवस्थित र समयसापेक्ष बनाउने प्रकृतिको रहेको तथा साविक ऐनको आधारभूत संरचना र उद्देश्यमा तात्त्विक परिवर्तन नगरेको हुँदा थप विस्तृत व्याख्या आवश्यक नदेखिएको व्यहोरा पेश गरेको छु।

(डा. स्वर्णिम वाग्ले)
अर्थमन्त्री

# <u>नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना</u> :** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u> :** (१) यस ऐनको नाम "नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ मा संशोधन</u> :** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ :-

"(च) "वाणिज्य बैङ्क" भन्नाले बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित सङ्घीय कानूनबमोजिम इजाजतप्राप्त "क" वर्गको बैङ्क सम्झनु पर्छ।"

(२) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ :-

"(छ) "वित्तीय संस्था" भन्नाले कृषि, सहकारी, उद्योग वा अन्य कुनै खास आर्थिक प्रयोजनको लागि कर्जा दिने वा सर्वसाधारण जनताबाट निक्षेप सङ्कलन गर्ने उद्देश्यले प्रचलित कानूनबमोजिम स्थापना भएको

वित्तीय संस्था वा डिजिटल बैङ्क सम्झनु पर्छ र सो शब्दले वित्तीय होल्डिङ् कम्पनी, विप्रेषण कारोबार गर्ने, भुक्तानी प्रणाली सञ्चालन वा भुक्तानी सेवा प्रदान गर्ने संस्था वा बैङ्कको सिफारिसमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वित्तीय संस्था भनी तोकेको संस्थालाई समेत जनाउँछ।"

**स्पष्टीकरण** : "वित्तीय होल्डिङ कम्पनी" भन्नाले वाणिज्य बैङ्क वा वित्तीय संस्थाको नेपालमा संस्थापित कम्तीमा एक सहायक कम्पनी, संयुक्त उपक्रम वा त्यस्तै अन्य संरचनागत स्वामित्व भएको वाणिज्य बैङ्क वा वित्तीय संस्था सम्झनु पर्छ।"

(३) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छ :-

"(ज) "मुद्रा" भन्नाले करेन्सी, पोस्टल अर्डर, पोस्टल नोट, मनि अर्डर, चेक, ड्राफ्ट, ट्राभलर्स चेक, प्रतीतपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र वा क्रेडिट कार्ड सम्झनु पर्छ र सो शब्दले बैङ्कले सार्वजनिक सूचना प्रकाशन गरी तोकिदिएको अन्य मौद्रिक उपकरणलाई समेत जनाउँछ।"

(४) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ :-

"(झ) "करेन्सी" भन्नाले नगदको रूपमा चलनचल्तीमा रहेको बैङ्क नोट सम्झनु पर्छ र सो शब्दले सिक्का तथा बैङ्कबाट जारी भएको डिजिटल करेन्सीलाई समेत जनाउँछ।"

(५) खण्ड (य) को सट्टा देहायको खण्ड (य) राखिएको छ :-

"(य) "मौद्रिक दायित्व" भन्नाले बैङ्कको वासलातमा भएको चलनचल्तीमा रहेको करेन्सी र वाणिज्य बैङ्क, वित्तीय संस्था, नेपाल सरकार तथा अन्य संस्थाको बैङ्कमा रहेको निक्षेप सम्झनु पर्छ र सो शब्दले बैङ्कले वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई भुक्तानी गर्न बाँकी रकमलाई समेत जनाउँछ।"

(६) खण्ड (ल२) पछि देहायको खण्ड (ल३) राखिएको छ :-

"(ल३) "विनिमययोग्य ऋण उपकरण" भन्नाले ऋणपत्रको रूपमा नेपाल सरकारबाट जारी भएको प्रमिसरी नोट सम्झनुपर्छ।"

३. **<u>मूल ऐनको दफा ३ मा संशोधन</u> :** मूल ऐनको दफा ३ को उपदफा (७) मा रहेको "काठमाडौँ" भन्ने शब्दपछि "उपत्यकामा" भन्ने शब्द थपी "शाखा, उपशाखा तथा अन्य कार्यालयहरू" भन्ने शब्दहरूको सट्टा "कार्यालय" भन्ने शब्द राखिएको छ।

४. **<u>मूल ऐनको दफा ४ मा संशोधन</u> :** मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

"४. **<u>बैङ्कको उद्देश्य</u>** : (१) बैङ्कको उद्देश्य देहायबमोजिम हुनेछः-

(क) मूल्य स्थिरता कायम गर्ने, र

(ख) खण्ड (क) को प्रतिकूल नहुने गरी बैङ्किङ् तथा वित्तीय क्षेत्र र बाह्य क्षेत्रको स्थायित्व कायम गर्ने।

(२) उपदफा (१) बमोजिमको उद्देश्यमा प्रतिकूल प्रभाव नपर्ने गरी बैङ्कले नेपाल सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउनेछ।"

**५.** **<u>मूल ऐनको दफा ५ मा संशोधन</u> :** मूल ऐनको दफा ५ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) विदेशी मुद्राको विनिमय दर पद्धति तथा विनिमय दर निर्धारण गर्ने,"

(ख) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-

"(झ) भुक्तानी तथा फछ्र्यौट (क्लियरिङ), हिसाब मिलान (सेटलमेन्ट) प्रणालीको स्थापना र प्रवर्धन गर्ने, गराउने र सोको नियमन गर्ने,"

(ग) खण्ड (झ१) को सट्टा देहायको खण्ड (झ१) राखिएको छ :-

“(झ१) तरलता व्यवस्थापनको लागि आवश्यक उपकरणको प्रयोग गर्ने तथा खुला बजार कारोबार सञ्चालन गर्ने,”

(घ) खण्ड (झ१) पछि देहायका खण्ड (झ२), (झ३), (झ४) र (झ५) थपिएका छन् :-

“(झ२) बैङ्किङ तथा वित्तीय सेवामा सर्वसाधारणको पहुँच अभिवृद्धि गर्ने,

(झ३) बैङ्किङ तथा वित्तीय प्रणालीमा सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने,

(झ४) समष्टिगत विवेकशील (म्याक्रोप्रुडेन्सियल) नियामकको रूपमा कार्य गर्ने,

(झ५) प्रचलित कानून बमोजिम समस्याग्रस्त बैङ्क वा वित्तीय संस्थालाई नियन्त्रणमा लिने वा सुधारका उपाय वा प्रक्रिया अवलम्बन गर्ने वा फरफारक (रिजोलुशन) गर्ने,”

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

“(२क) यस ऐन र अन्य प्रचलित कानूनको अधीनमा रही बैङ्कले केन्द्रीय बैङ्क सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास तथा मान्यता अनुरूप आफ्नो कार्य सम्पादन गर्न सक्नेछ।”

६. **मूल ऐनको दफा ७ मा संशोधन :** मूल ऐनको दफा ७ को, –

(१) उपदफा (१) को,-

(क) खण्ड (ग) मा रहेको "वा" भन्ने शब्द झिकिएको छ।

(ख) खण्ड (घ) को सट्टा देहायको खण्ड "घ" राखिएको छ :-

"(घ) खरिद गरेर, भाडामा लिएर वा कुनै तरिकाबाट चल अचल सम्पत्ति माथि अधिकार प्राप्त गर्ने,

(ग) खण्ड (घ) पछि देहायका खण्ड (ङ) र (च) थपिएका छन् :–

"(ङ) सरकारी वित्त र विकासात्मक कार्य (क्वाजी फिस्कल अपरेसन) सँग सम्बन्धित कार्य गर्ने, र

(च) नेपाल सरकार, सरकारी स्वामित्वमा रहेको संस्था, सार्वजनिक निकाय, कम्पनी वा अन्य संस्थाको दायित्वको जमानत दिने।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले देहायका काम गर्न सक्नेछः-

(क) बैङ्क नोट, सिक्का वा असर्फी उत्पादन तथा विक्री वितरण गर्ने,

(ख) विदेशी मुद्रा खरिद विक्री तथा लगानी गर्ने,

(ग) सुन खरिद बिक्री तथा लगानी गर्ने,

(घ) आफ्नो कारोबार र व्यवस्था सञ्चालन गर्न बैङ्कलाई आवश्यक पर्ने सम्पत्ति प्राप्त गर्ने वा खरिद गर्ने, र

(ङ) बैङ्कका कर्मचारीलाई कर्जा प्रदान गर्ने।"

(३) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले–आफ्नो उद्देश्य प्राप्त गर्न सहयोग गर्ने देहाय बमोजिमका काम गर्ने संस्थालाई सो संस्थाको कुल पुँजीको दश प्रतिशतमा ननाघ्ने गरी ऋण प्रदान गर्न वा त्यस्ता संस्थाको शेयरमा स्वामित्व प्राप्त गर्न सक्नेछ :-

(क) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको धितो मूल्याङ्कन, सञ्चालन र संरक्षण गर्ने,

(ख) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको धितो पुनःसंरचना गर्ने र हस्तान्तरण गर्ने,

(ग) साख मूल्याङ्कन गर्ने तथा साख सम्बन्धी सूचना आदान प्रदान गर्ने,

(घ) तथ्याङ्क प्रशोधन गर्ने र सम्प्रेषण गर्ने,

(ङ) वित्तीय उपकरण मुद्रण गर्ने,

(च) भुक्तानीको क्लियरिङ् गर्ने,

(छ) सम्पत्तिलाई तरल बनाउने,

(ज) सम्पत्ति व्यवस्थापन गर्ने, र

(झ) ट्रष्टीको रूपमा काम गर्ने।"

७. <u>**मूल ऐनको दफा १० मा संशोधन**</u> **:** मूल ऐनको दफा १० को उपदफा (३) मा रहेका "सार्वजनिक निकाय" भन्ने शब्दहरूको सट्टा "प्रदेश सरकार, स्थानीय तह, सार्वजनिक निकाय, सहकारी, उद्योग व्यवसाय" भन्ने शब्दहरू राखिएका छन्।

८. <u>**मूल ऐनको दफा ११ मा संशोधन**</u> **:** मूल ऐनको दफा ११ को,-

(१) उपदफा (१) मा रहेका "बैङ्क सुपरिवेक्षण" भन्ने शब्दहरूको सट्टा "वाणिज्य बैङ्क वा वित्तीय संस्थाको नियमन, सुपरीवेक्षण, भुक्तानी प्रणाली" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :-

"(५) बैङ्कले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृतिमा अन्तर्राष्ट्रिय सङ्घ, संस्थासँग

ऋण, अनुदान वा प्राविधिक सहायता प्राप्त गर्न सक्नेछ।”

९. **<u>मूल ऐनको दफा १३ मा संशोधन</u> :** मूल ऐनको दफा १३ मा रहेका “नेपाल सरकार” भन्ने शब्दहरूको सट्टा “नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह” भन्ने शब्दहरू राखिएका छन्।

१०. **<u>मूल ऐनको दफा १४ मा संशोधन</u> :** मूल ऐनको दफा १४ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

“(घ) दफा २० बमोजिमको योग्यता पुगेका व्यक्ति मध्येबाट सोही दफाको खण्ड (ग) मा उल्लिखित छुट्टाछुट्टै क्षेत्रको प्रतिनिधित्व हुने गरी नेपाल सरकारले नियुक्त गरेका पाँचजना गैह्र कार्यकारी स्वतन्त्र सञ्चालक

११. **<u>मूल ऐनको दफा १५ मा संशोधन</u> :** मूल ऐनको दफा १५ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (२) बमोजिमको सिफारिस समितिले दफा २० बमोजिमको योग्यता पुगेका लब्धप्रतिष्ठित व्यक्ति तथा बैङ्कको डेपुटी गभर्नरमध्येबाट तीन जनाको नाम गभर्नरको नियुक्तिको लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा सिफारिस गर्नेछ।"

१२. **मूल ऐनको दफा १६ मा संशोधन :** मूल ऐनको दफा १६ को उपदफा (२) मा रहेका "बैङ्कका विशिष्ट श्रेणीका अधिकृतहरूमध्येबाट" भन्ने शब्दहरूको सट्टा "डेपुटी गभर्नरको पद रिक्त हुनुभन्दा कम्तीमा तीस दिन अगावै बैङ्कको कार्यकारी निर्देशकको पदमा कार्यरत रहेका अधिकृतमध्येबाट" भन्ने शब्दहरू राखिएका छन्।

१३. **मूल ऐनको दफा १८ मा संशोधन :** मूल ऐनको दफा १८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) नेपाल सरकारले मनासिब देखेमा कार्यकाल समाप्त भएको गभर्नर र सञ्चालकलाई एक पटकको लागि पुनः नियुक्ति गर्न सक्नेछ।"

१४. **मूल ऐनको दफा २० मा संशोधन :** मूल ऐनको दफा २० को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) अर्थशास्त्र, मौद्रिक, बैङ्किङ्, वित्तीय, तथ्याङ्क वा लेखा, सार्वजनिक प्रशासन, वाणिज्य, व्यवस्थापन, वाणिज्य कानून विषयमा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरी नेपाल सरकारको विशिष्ट श्रेणी, बैङ्कको कार्यकारी निर्देशक, विश्वविद्यालयको प्राध्यापक वा अन्तर्राष्ट्रिय वित्तीय संस्थाको कार्यकारी तहको पद वा सो सरहको पदमा कम्तीमा दश वर्षको अनुभव भएको व्यक्ति।"

**१५. मूल ऐनको दफा २१ मा संशोधन :** मूल ऐनको दफा २१ को,-

(१) खण्ड (घ) मा रहेका “पाँच प्रतिशत” भन्ने शब्दहरूको सट्टा “एक प्रतिशत” भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) मानसिक अस्वस्थताको कारण सञ्चालकको पदमा रही कार्यसम्पादन गर्न असमर्थ रहेको व्यक्ति,”

(३) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) भ्रष्टाचार, बैङ्किङ् कसूर, चोरी, कीर्ते, ठगी, जालसाजी, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसार-पसार, सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको व्यक्ति,"

(४) खण्ड (छ) पछि देहायका खण्ड (ज) र (झ) थपिएका छन्ः-

"(ज) समितिको पदेन बाहेकको सञ्चालकको हकमा नेपाल सरकार र नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको सार्वजनिक

निकायका बहालवाला पदाधिकारी तथा कर्मचारी, र

(झ) समितिको पदेन बाहेकको सञ्चालकको हकमा अवकाश भएको तीन बर्ष पूरा नभएको बैङ्कको पूर्व कर्मचारी।"

१६. **<u>मूल ऐनको दफा २२ मा संशोधन</u> :** मूल ऐनको दफा २२ को उपदफा (४) को सट्टा देहायको **<u>उपदफा</u>** (४) राखिएको छ :-

"(४) दफा २३ को उपदफा (१) बमोजिम जाँचबुझ समिति गठन भएपछि गर्भनर र उपदफा (३) बमोजिम समितिले छानबिन सुरु गरेपछि डेपुटी गभर्नर तथा सञ्चालक आफ्नो पदबाट स्वतः निलम्बन भएको मानिनेछ।"

१७. **<u>मूल ऐनको दफा २३ मा संशोधन</u> :** मूल ऐनको दफा २३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) दफा २२ को उपदफा (२) बमोजिम गभर्नरलाई पदमुक्त गर्नु अघि नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिमको जाँचबुझ समिति गठन गर्नेछ :-

(क) उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीश पदबाट अवकाशप्राप्त व्यक्तिमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति -अध्यक्ष

(ख) ऐनको दफा २० बमोजिमको योग्यता पुगेका लब्धप्रतिष्ठित व्यक्तिहरू मध्येबाट नेपाल सरकारले तोकेको दुई जना - सदस्य”

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

“(४) जाँचबुझ समितिले तीस दिनभित्र राय ठहर सहितको सिफारिस नेपाल सरकारसमक्ष पेस गर्नु पर्नेछ र नेपाल सरकारले त्यसरी सिफारिस पेस भएको तीस दिनभित्र गभर्नरलाई हटाउने वा नहटाउने सम्बन्धमा निर्णय गर्नेछ।

(३) उपदफा (४) पछि देहायका उपदफा (५) र (६) थपिएका छन् :-

“(५) दफा २२ को उपदफा (३) बमोजिम नेपाल सरकारले समितिबाट छानबिन गराएकोमा समितिले तीस दिनभित्र राय ठहर सहितको सिफारिस नेपाल सरकारसमक्ष पेस गर्नु पर्नेछ र नेपाल सरकारले त्यसरी सिफारिस पेस भएको तीस दिनभित्र सञ्चालक वा डेपुटी गभर्नरलाई हटाउने वा नहटाउने सम्बन्धमा निर्णय गर्नेछ।

(६) उपदफा (४) र (५) बमोजिमको अवधिभित्र गभर्नर, डेपुटी गभर्नर वा सञ्चालकलाई हटाउने वा नहटाउने सम्बन्धमा निर्णय नभएमा सो अवधि पछि निलम्बित गभर्नर, डेपुटी गभर्नर वा सञ्चालकको निलम्बन स्वतः फुकुवा भएको मानिनेछ।”

१८. **मूल ऐनको दफा २५ मा संशोधन** : मूल ऐनको दफा २५ मा रहेको “सामान्यतया” भन्ने शब्दको सट्टा "कम्तीमा" भन्ने शब्द राखिएको छ।

१९. **मूल ऐनको दफा २८ मा संशोधन** : मूल ऐनको दफा २८ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

"(५) समितिको अध्यक्षता गर्ने व्यक्ति र कम्तीमा दुई जना स्वतन्त्र सञ्चालकसहित चार जना सञ्चालकको उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।"

२०. **मूल ऐनको दफा २९ मा संशोधन** : मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छ :-

"२९. **समितिको काम, कर्तव्य तथा अधिकार** : (१) बैङ्कको उद्देश्य प्राप्तिको लागि आवश्यक नीति तर्जुमा गर्ने र सोको कार्यान्वयनको अनुगमन गर्ने जिम्मेवारी समितिको हुनेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा असर नपर्ने गरी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) मौद्रिक नीति तर्जुमा गर्ने र सोको समीक्षा गर्ने,

(ख) विदेशी विनिमय नीति निर्माण गर्ने र विनिमय दर निर्धारण पद्धति तय गर्ने,

(ग) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको नियमन तथा सुपरीवेक्षण सम्बन्धी नीति तर्जुमा गर्ने,

(घ) वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई इजाजतपत्र जारी गर्ने र त्यस्तो इजाजतपत्र खारेज गर्ने सम्बन्धमा आवश्यक नीति तर्जुमा गर्ने,

(ङ) बैङ्कले नेपाल सरकारलाई प्रदान गर्ने कर्जाको सीमा स्वीकृत गर्ने,

(च) वाणिज्य बैङ्क तथा वित्तीय संस्थामा रहेको निक्षेप तथा कर्जाको ब्याज दर सम्बन्धमा आवश्यक नीति तर्जुमा गर्ने,

(छ) बैङ्क नोट, सिक्का तथा डिजिटल करेन्सी जारी गर्ने सम्बन्धी नीति तर्जुमा गर्ने,

(ज) बैङ्कको व्यवस्थापन तथा कार्य सञ्चालन सम्बन्धी आवश्यक नीति, नियम र विनियम बनाउन तथा निर्देशन जारी गर्ने,

(झ) बैङ्कको रणनीतिक योजना तर्जुमा गर्ने,

(ञ) बैङ्कको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ट) बैङ्कको लेखा सम्बन्धी नीति तर्जुमा गर्ने,

(ठ) बैङ्कको वार्षिक हिसाब लेखापरीक्षण गर्ने, गराउने तथा वार्षिक हिसाब स्वीकृत गरी सोको प्रतिवेदन नेपाल सरकारमा पेश गर्ने,

(ड) बैङ्कको आन्तरिक लेखापरीक्षण र वित्तीय प्रतिवेदनको ढाँचा, जोखिम व्यवस्थापन, अनुपालना, सूचना प्रविधि र आन्तरिक नियन्त्रण प्रणालीको नीति तर्जुमा गर्ने तथा अनुगमन गर्ने,

(ढ) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने तरलता सम्बन्धी नीति तर्जुमा गर्ने,

(ण) बैङ्कका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी विनियम स्वीकृत गर्ने, कर्मचारी दरबन्दी निर्धारण तथा कर्मचारी व्यवस्थापन सम्बन्धी नीति स्वीकृत गर्ने,

(त) यस ऐन र बैङ्कले नियमन गर्ने विषयसँग सम्बद्ध कानून बनाउन वा संशोधन गर्न आवश्यक देखेमा सोको कारण खुलाई

मस्यौदासहित नेपाल सरकारमा सिफारिस गर्ने,

(थ) आवश्यकता अनुसार विषयगत उपसमिति गठन गर्ने,

(द) यस ऐन तथा प्रचलित कानूनद्वारा प्रदान गरिएको अन्य कार्य सम्पादन गर्ने, गराउने।"

२१. **<u>मूल ऐनको दफा ३० मा संशोधन</u>** : मूल ऐनको दफा ३० को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

"(ख१) बैङ्कको प्रमुख कार्यकारीको रूपमा काम गर्ने।"

(ख) खण्ड (च) मा रहेका "नीति निर्धारण गर्ने" भन्ने शब्दहरूको सट्टा "नीति कार्यान्वयन गर्ने" भन्ने शब्दहरू राखिएका छन्।

(ग) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छः-

"(च१) वाणिज्य बैङ्क वा वित्तीय संस्थाले प्रवाह गर्नुपर्ने क्षेत्रगत कर्जा नीति कार्यान्वयन गर्ने, गराउने।"

(घ) खण्ड (छ) मा रहेका "नीति निर्धारण गर्ने" भन्ने शब्दहरूको सट्टा "नीति कार्यान्वयन गर्ने" भन्ने शब्दहरू राखिएका छन्।

(ङ) खण्ड (ज) मा रहेका “नीति निर्माण गर्ने” भन्ने शब्दहरूको सट्टा “नीति कार्यान्वयन गर्ने” भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

“(३) उपदफा (१) बमोजिमको कार्य सम्पादनको क्रममा महत्त्वपूर्ण र जटिल लागेको विषयमा गभर्नरले दफा ३३ बमोजिमको व्यवस्थापन समिति वा समितिले गठन गरेको विषयगत उपसमितिसँग छलफल गरी निर्णय गर्न सक्नेछ।”

२२. **<u>मूल ऐनको दफा ३३ मा संशोधन</u> :** मूल ऐनको दफा ३३ को,-

(१) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) समितिले आफ्नो कार्य सम्पादन गर्दा व्यवस्थापन समितिको प्रतिवेदन समेतका आधारमा देशको मौद्रिक तथा आर्थिक अवस्थाको मूल्याङ्कन गर्नु पर्नेछ।"

(२) उपदफा (४) पछि देहायका उपदफा (५), (६) र (७) थपिएका छन् :-

"(५) व्यवस्थापन समितिले महिनाको कम्तीमा एक पटक बैठक बसी बैङ्कको प्रशासन र सञ्चालन, मौद्रिक तथा नियमन नीति सञ्चालन, देशको बैङ्किङ् प्रणालीको स्वस्थता, मुद्रा, पुँजी तथा विदेशी विनिमय बजारको अवस्था लगायतका नीतिहरूको कार्यान्वयन

तथा त्यसले बैङ्किङ प्रणालीमा पार्नसक्ने प्रभाव, परिस्थिति र महत्त्वपूर्ण घटनाका सम्बन्धमा मूल्याङ्कन गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम गरिएको मूल्याङ्कनको प्रतिवेदन व्यवस्थापन समितिले त्रैमासिक रूपमा समितिसमक्ष पेस गर्नु पर्नेछ।

(७) व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।"

२३. **<u>मूल ऐनको दफा ३४ मा संशोधन</u>:** मूल ऐनको दफा ३४ को सट्टा देहायको दफा ३४ राखिएको छ :-

"**३४. <u>लेखापरीक्षण समिति</u> :** (१) समितिले आफूप्रति उत्तरदायी हुनेगरी देहाय बमोजिमको एक लेखापरीक्षण समिति गठन गर्नेछ :-

(क) दफा १४ को खण्ड (घ) बमोजिमका सञ्चालकमध्येबाट समितिले तोकेको एक जना सञ्चालक -संयोजक

(ख) दफा १४ को खण्ड (घ) बमोजिमका सञ्चालकमध्येबाट समितिले तोकेको एकजना सञ्चालक -सदस्य

(ग) समितिले तोकेको सम्बन्धित विषयको विज्ञ एकजना -सदस्य

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम समितिले विज्ञ तोक्दा दफा २१ बमोजिम अयोग्य नरहेको र मान्यता प्राप्त विश्वविद्यालयबाट लेखा सम्बन्धी विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी वा चार्टर्ड एकाउण्टेन्सीको उपाधि हासिल गरी लेखा वा लेखापरीक्षणको क्षेत्रमा कम्तीमा दश वर्षको कार्य अनुभव भएको व्यक्तिलाई तोक्नु पर्नेछ।

तर बैङ्कको सञ्चालक तथा कर्मचारी अवकाश भएको तीन वर्ष पूरा नभएसम्म विज्ञ सदस्यको रूपमा तोक्न सकिने छैन।

(३) बैङ्कको आन्तरिक लेखापरीक्षण विभागले लेखापरीक्षण समितिको सचिवालयको रूपमा काम गर्नेछ।

(४) लेखापरीक्षण समितिले आवश्यकता अनुसार बैङ्कमा कार्यरत कर्मचारी वा बाह्य विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) बैङ्कको आन्तरिक लेखापरीक्षण विभागले आफ्ना काम कारबाहीहरू समावेश गरी लेखापरीक्षण समिति मार्फत समितिसमक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ।"

२४. **मूल ऐनको दफा ३५ मा संशोधन :** मूल ऐनको दफा ३५ को उपदफा (१) को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

“(ख) आन्तरिक र बाह्य लेखापरीक्षण प्रतिवेदन मार्फत प्राप्त भएको सिफारिस कार्यान्वयनको अनुगमन गर्ने।”

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) बैङ्कले अपनाएको उपयुक्त जोखिम व्यवस्था कार्यान्वयनको सुपरीवेक्षण गरी आकस्मिकरूपमा देखा परेको गम्भीर प्रकृतिको विषय तत्काल समितिलाई जानकारी गराउने र सुपरीवेक्षणको क्रममा देखिएका कैफियत सम्बन्धी प्रतिवेदन त्रैमासिकरूपमा समितिमा पेस गर्ने।"

(३) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) प्रचलित कानून तथा अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त लेखापरीक्षण मापदण्ड बमोजिम बैङ्कको लेखापरीक्षण सम्बन्धी आवश्यक विनियम वा मापदण्ड बनाई स्वीकृतिको लागि समितिमा पेस गर्ने।"

२५. **<u>मूल ऐनको दफा ३७ मा संशोधन</u> :** मूल ऐनको दफा ३७ को,-

(१) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) गभर्नर, डेपुटी गभर्नर वा सञ्चालक पदमा बहाल रहेसम्म बैङ्कबाट इजाजतपत्र प्राप्त वाणिज्य बैङ्क वा वित्तीय संस्था तथा त्यस्तो बैङ्क वा वित्तीय संस्थाबाट व्यावसायिक कर्जा लिने फर्म, कम्पनी, व्यावसायिक संस्था वा सम्बद्ध पक्षको लेखापरीक्षण गर्ने वा अन्य कुनै पनि सेवा प्रदान गर्ने वा स्वार्थ बाझिने कुनै कार्यमा संलग्न हुन पाउने छैन।"

२६. **<u>मूल ऐनको दफा ३९ मा संशोधन</u> :** मूल ऐनको दफा ३९ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) नेपाल सरकारले बैङ्कको अनुरोधमा उपदफा (१) बमोजिमको पुँजी वृद्धि गर्न सक्नेछ।"

(२) उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थपिएका छन् :-

"(४) बैङ्कको लेखापरीक्षण गरिएको वार्षिक वित्तीय विवरणमा उपदफा (१) बमोजिमको पुँजी घट्न गएमा समितिले पुँजी पुनर्स्थापना गर्न नेपाल सरकारलाई अनुरोध गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम अनुरोध भई आएमा नेपाल सरकारले रकम नगद वा प्रचलित ब्याजदरमा जारी गरिएको विनिमययोग्य ऋण

उपकरण (नेगोसिएवल डेब्ट इन्स्ट्रयुमेन्ट) मार्फत आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र बैङ्कलाई उपलब्ध गराउनु पर्नेछ।"

२७. **<u>मूल ऐनमा दफा ३९क. थप</u> :** मूल ऐनको दफा ३९ पछि देहायको दफा ३९क. थपिएको छः-

"**३९क. <u>कोष सम्बन्धी व्यवस्था</u> :** (१) बैङ्कले देहाय बमोजिमका कोष स्थापना गर्नेछ :-

(क) <u>साधारण जगेडा कोष</u> : बैङ्कले खुद नोक्सानी बेहोर्न र पुँजी वृद्धि गर्न एक साधारण जगेडा कोष स्थापना गर्नेछ।

(ख) <u>पुनर्मूल्याङ्कन जगेडा कोष</u> : बैङ्कको लगानी रहेको वित्तीय उपकरण, विदेशी मुद्रा, सुन र अन्य सम्पत्तिमा हुने पुनर्मूल्याङ्कन नाफा वा नोक्सानीको लेखाङ्कन गर्न बैङ्कले पुनर्मूल्याङ्कन जगेडा कोष स्थापना गर्नेछ।

(ग) <u>वित्तीय विकास कोष</u> : बैङ्कले वित्तीय क्षेत्रको स्थायित्व, वित्तीय पहुँच अभिवृद्धि, वित्तीय प्रणाली सुदृढीकरण र समग्र वित्तीय क्षेत्रको विकासको लागि कुल मौद्रिक दायित्वको पाँच प्रतिशतमा नबढ्ने

गरी वित्तीय विकास कोष स्थापना गर्नेछ।

(घ) <u>विशेष जगेडा कोष</u> : समितिको निर्णय बमोजिम बैङ्कले विशेष प्रयोजनको लागि बैङ्कको कुल मौद्रिक दायित्वको दुई प्रतिशत भन्दा बढी नहुने गरी विशेष जगेडा कोष स्थापना गर्नेछ।

(२) उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमको वित्तीय विकास कोष र विशेष जगेडा कोषको सञ्चालन तथा प्रयोग समितिले निर्धारण गरेबमोजिम हुनेछ।"

२८. **<u>मूल ऐनको दफा ४०, ४१ र ४२ मा संशोधन</u>** : मूल ऐनको दफा ४०, ४१ र ४२को सट्टा देहायका दफा ४०, ४१ र ४२ राखिएका छन् :-

"४०. **<u>खुद आय व्यय र वितरणयोग्य आयको गणना</u>** : (१) बैङ्कले दफा ९० बमोजिम प्रत्येक आर्थिक वर्षमा आय व्ययको हिसाब तयार गरी खुद आय व्यय र वितरणयोग्य आयको गणना गर्नेछ।

(२) बैङ्कको वितरणयोग्य आयको गणना देहायबमोजिम गरिनेछ :-

(क) खुद आयबाट पुनर्मूल्याङ्कन नाफा बराबरको रकम घटाएर सो रकम दफा ३९क. को उपदफा (१)

को खण्ड (ख) बमोजिमको पुनर्मूल्याङ्कन जगेडा कोषमा जम्मा गरेर,

(ख) अघिल्ला आर्थिक वर्षहरूमा खुद नाफाबाट कटौती गरिएको तर चालु आर्थिक वर्षमा वास्तविक रूपमा खर्च भएको पूनर्मूल्याङ्कन नाफाको रकम दफा ३९क. को उपदफा (१) को खण्ड (ख) बमोजिमको पुनर्मूल्याङ्कन जगेडा कोषबाट कटौती गरी सो रकम वितरणयोग्य आयमा थप गरेर, र

(ग) प्रचलित लेखामानबमोजिम समायोजन गर्नुपर्ने अन्य रकमलाई समायोजन गरेर।"

४१. **वितरणयोग्य आयको बाँडफाँट :** (१) बैङ्कले दफा ४० बमोजिमको वितरणयोग्य आयलाई देहायबमोजिम बाँडफाँट गर्नेछ :-

(क) वितरणयोग्य आयको पन्ध्र प्रतिशतमा नघट्ने गरी समितिले निर्धारण गरेको रकम दफा ३९क. को उपदफा (१) को खण्ड (क)

बमोजिमको साधारण जगेडा कोषमा जम्मा गर्नु पर्नेछ।

तर साधारण जगेडा कोष र चुक्ता पुँजीको योगफल कुल मौद्रिक दायित्वको पन्ध्र प्रतिशत पूरा भएमा साधारण जगेडा कोषमा थप रकम जम्मा गर्नुपर्ने छैन।

(ख) समितिले वितरणयोग्य आयको बढीमा पाँच प्रतिशत रकम दफा ३९क. को उपदफा (१) को खण्ड (ग) बमोजिमको वित्तीय विकास कोषमा जम्मा गर्न सक्नेछ।

(ग) समितिले वितरणयोग्य आयको बढीमा पाँच प्रतिशत रकम दफा ३९क. को उपदफा (१) को खण्ड (घ) बमोजिमको विशेष जगेडा कोषमा जम्मा गर्न सक्नेछ।

(घ) खण्ड (क), (ख) र (ग) बमोजिमको रकम छुट्याएपछि वितरणयोग्य आयको बाँकी रकमबाट दफा ७५ बमोजिम आर्थिक वर्षको अन्त्यमा नेपाल सरकारले बैङ्कलाई तिर्न बाँकी रहेको कर्जा तथा ब्याज शोधभर्ना प्राप्त गरी बाँकी रहेको

वितरणयोग्य आय बैङ्कले नेपाल सरकारलाई हस्तान्तरण गर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएदेखि बाहेक अन्य तरिकाबाट बैङ्कको आय वितरण गरिने छैन।

४२. **<u>खुद व्ययको बाँडफाँट</u> :** (१) कुनै आर्थिक वर्षमा पुनर्मूल्याङ्कन नोक्सानी भएमा त्यस्तो नोक्सानीलाई दफा ३९क. को उपदफा (१) को खण्ड (ख) बमोजिमको पुनर्मूल्याङ्कन जगेडा कोष हिसाबबाट व्यहोरिनेछ। त्यस्तो पुनर्मूल्याङ्कन जगेडा कोष हिसाब शून्य भएपश्चात् त्यस्तो नोक्सानी क्रमशः चालू आर्थिक वर्षको खुद आय, दफा ३९क. को उपदफा (१)को खण्ड (क) साधारण जगेडा कोष र बैङ्कको पुँजी खाता हिसाबबाट खर्च शोधभर्ना गर्नु पर्नेछ।

(२) कुनै आर्थिक वर्षमा बैङ्कले पुनर्मूल्याङ्कन नाफा वा नोक्सानी बाहेक खुद नोक्सानी व्यहोर्नु परेमा त्यस्तो नोक्सानीलाई क्रमशः दफा ३९क. को उपदफा (१) को खण्ड (क) बमोजिमको साधारण जगेडा कोष र बैङ्कको पुँजी खाता हिसाबबाट बेहोरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम बैङ्कको पुँजी खाता हिसाबबाट क्रमशः पुनर्मूल्याङ्कन नोक्सानी र खुद नोक्सानी बेहोर्नु परेको कारणबाट बैङ्कको पुँजी घट्न गएमा नेपाल

सरकारले सो पुँजी छ महिनाभित्र पुनः कायम गर्नु पर्नेछ।"

२९. **<u>मूल ऐनको दफा ४४ मा संशोधन</u>** : मूल ऐनको दफा ४४ को सट्टा देहायको दफा ४४ राखिएको छ :-

"४४. **<u>मौद्रिक नीति</u>** : (१) बैङ्कलाई नेपालको मौद्रिक नीति निर्माण गर्ने, कार्यान्वयन गर्ने र गराउने अधिकार हुनेछ।

(२) बैङ्कको मौद्रिक नीति निर्माण, सोको घोषणा र प्रकाशन प्रत्येक आर्थिक वर्ष सुरु भएको पन्ध्र दिनभित्र गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको मौद्रिक नीतिमा बैङ्कले त्रैमासिकरूपमा समीक्षा तथा पुनरावलोकन गर्न सक्नेछ।"

३०. **<u>मूल ऐनको दफा ४९ मा संशोधन</u>** : मूल ऐनको दफा ४९ को,-

(१) उपदफा (१)को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) पुनर्कर्जा सुविधा उपयोग गर्ने वाणिज्य बैङ्क वा वित्तीय संस्थासँग रहेको असल कर्जा,"

(२) उपदफा (२) झिकिएको छ।

(३) उपदफा (३) मा रहेका "वा (२)" भन्ने शब्दहरू झिकिएका छन्।

३१. **<u>मूल ऐनमा दफा ४९क. थप</u>** : मूल ऐनको दफा ४९ पछि देहायको दफा ४९क. थपिएको छः-

"४९क. **<u>अन्तिम ऋणदाताको रूपमा ऋण प्रदान गर्ने</u>** : (१) बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनबमोजिम इजाजतप्राप्त संस्थाले उपलब्ध उपकरणको माध्यमबाट आवश्यक तरलता व्यवस्थापन गर्न नसकी तत्कालको दायित्व पूरा गर्न असमर्थ भई प्रणालीगत जोखिम सृजना हुने र बैङ्किङ् प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयतामा कमी आउन सक्ने जोखिम देखिएमा वित्तीय दायित्व खाम्नसक्ने क्षमता भएका वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई दफा ४९ को उपदफा (१) बमोजिमको जायजेथाको सुरक्षणमा अन्तिम ऋणदाताको रूपमा बैङ्कले ऋण प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजतप्राप्त संस्थालाई अन्तिम ऋणदाताको रूपमा प्रदान गरिएको ऋणको अवधि बढीमा एक सय असी दिनको हुनेछ।

(३) उपदफा (१) बमोजिम प्रदान गरिएको ऋणको व्याजदर तथा अन्य शर्त बैङ्कले तोकेबमोजिम हुनेछ।"

३२. **<u>मूल ऐनको दफा ५१ मा संशोधन</u>** : मूल ऐनको दफा ५१ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) बैङ्कले नेपाली रुपैयाँलाई कुनै सङ्केत निर्धारण गरी प्रयोगमा ल्याउन सक्नेछ।"

३३. **<u>मूल ऐनको दफा ५२ मा संशोधन</u>** : मूल ऐनको दफा ५२ को,-

(१) उपदफा (२) को ठाउँ ठाउँमा रहेका "(मोहर, डबल र सोभन्दा बढी दरको)" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ :-

"(६) च्यातिएको, मेटिएको वा झुत्रिएको बैङ्क नोट वा प्रयोग गर्न निषेध गरिएको बैङ्क नोट वा डिजिटल करेन्सी बैङ्कले पुनः निष्कासन गर्ने वा चलनचल्तीमा ल्याउने छैन।"

३४. **<u>मूल ऐनको दफा ५३ मा संशोधन</u>** : मूल ऐनको दफा ५३ को सट्टा देहायको दफा ५३ राखिएको छ :-

"**५३. <u>करेन्सी सर्वस्वीकार्य हुने</u>** : बैङ्कद्वारा कानूनी ग्राह्य बनाई नेपालभित्र निष्कासन गरिएको बैङ्क नोट, सिक्का वा डिजिटल करेन्सी सबै किसिमको सार्वजनिक वा व्यक्तिगत ऋण चुक्ता गर्न त्यस्तो नोट, सिक्का वा डिजिटल करेन्सीमा अङ्कित रकमसम्मको लागि सर्वस्वीकार्य हुनेछ।"

३५. **<u>मूल ऐनको दफा ५५ मा संशोधन</u>** : मूल ऐनको दफा ५५ को सट्टा देहायको दफा ५५ राखिएको छ :-

"**५५. <u>करेन्सी निष्कासन र सुरक्षा</u>** : बैङ्क नोट छाप्ने, डिजिटल करेन्सी जारी गर्ने र टकमरी गर्ने, जारी नगरिएको बैङ्क नोट, सिक्का र डिजिटल करेन्सीलाई समुचित रूपमा राखी सुरक्षा प्रदान गर्ने,

चलनचल्तीमा नरहेको पुरानो बैङ्क नोट वा डिजिटल करेन्सी वा सिक्का, प्लेट र डाईलाई ऐतिहासिक अभिलेखको लागि मुद्रा सङ्ग्रहालयमा सुरक्षित राख्ने, प्लेट र डाई तथा उत्पादनको क्रममा प्रयोग गरिएको अन्य सामग्री, नोट र डिजिटल करेन्सी नष्ट गर्ने सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।"

३६. **<u>मूल ऐनको दफा ५६ मा संशोधन</u> :** मूल ऐनको दफा ५६ को ठाउँ ठाउँमा रहेका "बैङ्क नोट वा सिक्का" भन्ने शब्दहरूको सट्टा "बैङ्क नोट, डिजिटल करेन्सी वा सिक्का" भन्ने शब्दहरू राखिएका छन्।

३७. **<u>मूल ऐनको दफा ५७ मा संशोधन</u> :** मूल ऐनको दफा ५७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले डिजाइन मेटिएको, विकृत भएको वा पचास प्रतिशतभन्दा बढी भाग नभएको कारण दोहोरो भुक्तानी जानसक्ने बैङ्क नोट, डिजिटल करेन्सी वा खोटो मुद्रा सटही गर्न इन्कार गर्न सक्नेछ।"

३८. **<u>मूल ऐनको दफा ५९ मा संशोधन</u> :** मूल ऐनको दफा ५९ को ठाउँ ठाउँमा रहेका "बैङ्क नोट" भन्ने शब्दहरूको सट्टा "बैङ्क नोट वा डिजिटल करेन्सी" भन्ने शब्दहरू राखिएका छन्।

३९. **<u>मूल ऐनको दफा ६० मा संशोधन</u>** : मूल ऐनको दफा ६० को ठाउँ ठाउँमा रहेका "बैङ्क नोट" भन्ने शब्दहरूको सट्टा "बैङ्क नोट, डिजिटल करेन्सी" भन्ने शब्दहरू राखिएका छन्।

४०. **<u>मूल ऐनको दफा ६१ मा संशोधन</u>** : मूल ऐनको दफा ६१ को,-

(१) उपदफा (१) र (२) को ठाउँ ठाउँमा रहेका "बैङ्क नोट" भन्ने शब्दहरूको सट्टा "बैङ्क नोट, डिजिटल करेन्सी" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (३) मा रहेका "जाली नोट" भन्ने शब्दहरूको सट्टा "जाली नोट वा डिजिटल करेन्सी" भन्ने शब्दहरू राखिएका छन्।

४१. **<u>मूल ऐनको दफा ७५ मा संशोधन</u>** : मूल ऐनको दफा ७५ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) यस दफाको अधीनमा रही बैङ्कले उपदफा (५) बमोजिम नेपाल सरकारलाई अधिविकर्ष (ओभरड्राफ्ट)को रूपमा ऋण प्रवाह गर्न तथा उपदफा (७) बमोजिम नेपाल सरकारले जारी गरेको ऋणपत्र खरिद गर्न सक्नेछ।"

(२) उपदफा (३) मा रहेको "विशेष" भन्ने शब्द झिकिएको छ।

(३) उपदफा (४), (५) र (६) को सट्टा देहायका उपदफा (४), (५) र (६) राखिएका छन्:-

“(४) नेपाल सरकार वा नेपाल सरकारको पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएको संस्थालाई प्रदान गर्ने अधिविकर्ष नेपाली रुपैयाँमा भुक्तानी गर्नेछ।

(५) बैङ्कले नेपाल सरकार वा नेपाल सरकारको पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएका संस्थालाई प्रवाह गरेको अधिविकर्ष कुनै पनि समयमा नेपाल सरकारको अघिल्लो आर्थिक वर्षको राजश्व आयको पाँच प्रतिशतभन्दा बढी हुनेछैन।

(६) उपदफा (५) बमोजिमको राजस्व आयको गणना गर्दा ऋण सापटी, आर्थिक अनुदान वा अन्य कुनै पनि किसिमको आर्थिक सहयोग तथा सम्पत्ति बिक्रीबाट भएको आर्जन समावेश हुनेछैन।”

(४) उपदफा (६) पछि देहायका उपदफा (६क), (६ख), (६ग) र (६घ) थपिएका छन् :-

(६क) उपदफा (५) बमोजिमको अधिविकर्षलाई नेपाल सरकारबाट जारी भएको विनिमययोग्य ऋण उपकरण (नेगोसिएवल डेब्ट इन्स्ट्रयुमेन्ट) को रूपमा प्रमाणित गरी बैङ्कलाई बुझाउनु पर्नेछ।

(६ख) उपदफा (४) बमोजिम नेपाल सरकार वा नेपाल सरकारको पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएको संस्थालाई ऋण दिएको अधिविकर्षको ऋणपत्रको अवधि अधिविकर्षको अवधि बराबर र ब्याजदर बैङ्क दर बराबर हुनु पर्नेछ।

(६ग) यस दफा बमोजिम नेपाल सरकार वा नेपाल सरकारको पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएको संस्थालाई अधिविकर्ष प्रदान गर्दा लिखित सम्झौता गरी सो सम्झौतामा अधिविकर्षको मूलधन रकम, परिपक्वता अवधि, ब्याज दर तथा अन्य शुल्कहरू उल्लेख गर्नु पर्नेछ।

(६घ) उपदफा (२) बमोजिमको अधिविकर्षको भुक्तानी नेपाल सरकारले एक सय असी दिनभित्र प्रचलित बजार ब्याजदरमा नगद वा बजारयोग्य ऋणपत्र मार्फत गर्नु पर्नेछ र त्यस्तो बजारयोग्य ऋणपत्रको अवधि एक सय असी दिनभन्दा बढी हुनेछैन।"

(५) उपदफा (७) मा रहेका "अघिल्लो आर्थिक वर्षको" भन्ने शब्दहरूको सट्टा "विगत तीन आर्थिक वर्षको औषत" भन्ने शब्दहरू राखिएका छन्।

(६) उपदफा (८) को खण्ड (ख) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर यस खण्ड बमोजिम प्राथमिक निष्काशनको समयमा बैङ्कबाट खरिद गरिने ऋणपत्रको अधिकतम रकम अघिल्लो तीन आर्थिक वर्षको औषत राजस्व आयको पाँच प्रतिशतभन्दा बढी हुने छैन।"

४२. <u>मूल ऐनको दफा ७९ मा संशोधन</u> **:** मूल ऐनको दफा ७९ को उपदफा (५) पछि देहायका उपदफा (६), (७) र (८) थपिएका छन् :-

"(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निक्षेप सङ्कलन गर्ने वा नगर्ने गरी प्रचलित कानूनबमोजिम स्थापित वित्तीय कारोबार गर्ने संस्थाको बैङ्कले नियमन तथा सुपरीवेक्षण गर्नेछ।

(७) उपदफा (६) बमोजिम नियमन तथा सुपरीवेक्षण गर्ने सम्बन्धमा बैङ्कले आवश्यक देखेका विषयमा नियम तथा विनियम बनाउन र आवश्यक आदेश, निर्देशन तथा सूचना जारी गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम बनाएको नियम तथा विनियम र जारी भएको आदेश, निर्देशन तथा सूचनाको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।"

४३. **मूल ऐनको दफा ८४ मा संशोधन :** मूल ऐनको दफा ८४ को,-

(१) उपदफा (२) पछि देहायका उपदफा (२क), (२ख) र (२ग) थपिएका छन् :-

"(२क) बैङ्कले वाणिज्य बैङ्क वा वित्तीय संस्था वा निक्षेप सङ्कलन गर्ने वा नगर्ने गरी प्रचलित कानूनबमोजिम स्थापित वित्तीय कारोबार गर्ने संस्था वा दफा ५ को उपदफा (१) को खण्ड (च२) बमोजिमको सहकारी संस्था वा वाणिज्य बैङ्क वा वित्तीय संस्थाको स्वदेश वा विदेशस्थित सहायक कम्पनी वा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्था वा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सहायक कम्पनीमा प्रत्यक्ष वित्तीय स्वार्थ रहेको सम्बद्ध

व्यक्ति, फर्म, कम्पनी वा संस्थाको समष्टिगत निरीक्षण तथा सुपरीवेक्षण गर्नेछ।

(२ख) बैङ्कले निरीक्षण तथा सुपरीवेक्षण गर्न अन्य नियामक निकायसँग सम्झौता गरी आवश्यक सूचना तथा वित्तीय विवरण आदान-प्रदान गर्न सक्नेछ।

(२ग) उपदफा (२क) बमोजिमको समष्टिगत निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी अन्य व्यवस्था बैङ्कले निर्धारण गरेबमोजिम हुनेछ।"

(२) उपदफा (३)मा रहेका "उपदफा (२) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपदफा (२), (२क), (२ख) र (२ग) बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

४४. **<u>मूल ऐनको दफा ८६क. मा संशोधन</u> :** मूल ऐनको दफा ८६क. को सट्टा देहायको दफा ८६क. राखिएको छ :-

**"८६क. <u>बैङ्कलाई जानकारी गराउनु पर्ने</u> :** (१) वाणिज्य बैङ्क वा वित्तीय संस्था प्रचलित कानूनबमोजिम दामासाही वा खारेजीमा पर्ने अवस्था भएमा वा त्यस्तो बैङ्क वा वित्तीय संस्थाले भुक्तानी गर्नुपर्ने कुनै रकम भुक्तानी गर्न नसक्ने वा पूरा गर्नुपर्ने कुनै वा सबै दायित्व पूरा गर्न उल्लेखनीय रूपमा (म्याटेरियल्ली) असमर्थ भएमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाले सोको जानकारी बैङ्कलाई तत्काल गराउनु पर्नेछ।

(२) बैङ्कले एकल वा सामुहिक रूपमा दफा ८६ख. बमोजिम समस्याग्रस्त वाणिज्य बैङ्क

वा वित्तीय संस्थालाई वित्तीय सङ्कटको अवस्थामा शीघ्र सुधार गर्न सम्बन्धित बैङ्क वा वित्तीय संस्थाको सञ्चालक समितिबाट कार्ययोजना स्वीकृत गराई आवधिक रूपमा बैङ्कसमक्ष पेश गर्न आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्ययोजनामा समावेश गर्नुपर्ने आवश्यक विषयहरू बैङ्कले तोक्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम पेस भएको कार्ययोजना कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा बैङ्कले सो बाधा अडकाउ फुकाउन आवश्यक निर्देशन दिन सक्नेछ।"

४५. **<u>मूल ऐनको दफा ८६ख. मा संशोधन</u>** : मूल ऐनको दफा ८६ख. मा रहेका "कुनै अवस्था विद्यमान रहेको" भन्ने शब्दहरू पछि "वा हुन सक्ने" भन्ने शब्दहरू थपी सोही दफाको,-

(१) खण्ड (ग) झिकिएको छ।

(२) खण्ड (च) मा रहेका "न्यूनतम पुँजी कोष कायम गर्न नसकेमा" भन्ने शब्दहरू पछि "वा गर्न नसक्ने कुरामा बैङ्क विश्वस्त भएमा" भन्ने शब्दहरू थपिएका छन्।

(३) खण्ड (छ) झिकिएको छ।

(४) खण्ड (ञ) मा रहेका "प्रतिकुल असर पार्ने अवस्था विद्यमान भएको" भन्ने शब्दहरू पछि "वा हुन सक्ने" भन्ने शब्दहरू थपिएका छन्।

४६. **मूल ऐनको दफा ८६ग. मा संशोधन** : मूल ऐनको दफा ८६ग. को,-

(१) उपदफा (१) मा रहेका "अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरू पछि "वाणिज्य बैङ्क वा वित्तीय संस्थाको पुनर्संरचना गर्न" भन्ने शब्दहरू थपी सोही उपदफाको,-

(क) खण्ड (ख) मा रहेका "अन्य अधिकारहरू आवश्यकता अनुसार" भन्ने शब्दहरू पछि "समस्याग्रस्त अवस्था रहेसम्म" भन्ने शब्दहरू थपिएका छन्।

(ख) खण्ड (च) मा रहेका "प्रतिबन्ध लगाउने वा सोको" भन्ने शब्दहरू झिकिएका छन्।

(ग) खण्ड (ट) मा रहेका "कुनै खास अवधिका लागि गर्न रोक लगाउने" भन्ने शब्दहरूको सट्टा "बैङ्कले तोकेको अवधिका लागि रोक लगाउने" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (५) मा रहेका "दुई वर्षसम्म" भन्ने शब्दहरूको सट्टा "एक वर्षसम्म" भन्ने शब्दहरू राखिएका छन्।

४७. **मूल ऐनको दफा ८६घ. मा संशोधन** : मूल ऐनको दफा ८६घ. को उपदफा (१) मा रहेका "दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिमको आदेश दिई" भन्ने शब्दहरू पछि "पुनःसञ्चालन गर्ने उद्देश्यले वाणिज्य बैङ्क वा वित्तीय संस्थाको पुनर्संरचना गर्न" भन्ने शब्दहरू थपिएका छन्।

४८. **<u>मूल ऐनको दफा ८६ङ. मा संशोधन</u>** : मूल ऐनको दफा ८६ङ. को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई अन्य वाणिज्य बैङ्क वा वित्तीय संस्थामा गाभ्ने,"

४९. **<u>मूल ऐनको दफा ८६च. मा संशोधन</u>** : मूल ऐनको दफा ८६च. को उपदफा (२) मा रहेका "राम्रोसँग सञ्चालन" भन्ने शब्दहरूको सट्टा "पुनर्संरचना मार्फत पुनःसञ्चालन" भन्ने शब्दहरू राखिएका छन्।

५०. **<u>मूल ऐनको दफा ८८ मा संशोधन</u>** : मूल ऐनको दफा ८८ को उपदफा (१) को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) ऋणीको क्रेडिट स्कोरिङ गर्न,"

(२) खण्ड (च) मा रहेका "बैङ्कलाई प्रतिवेदन पेश गर्न" भन्ने शब्दहरू पछि "र बैङ्कले तोकेको कर्जा सूचना सम्बन्धी अन्य कार्य गर्न" भन्ने शब्दहरू थपिएका छन्।

५१. **<u>मूल ऐनको दफा ८८क. मा संशोधन</u>** : मूल ऐनको दफा ८८क. को सट्टा देहायको दफा ८८क. राखिएको छ :-

**"८८क. <u>फरफारकको कार्य गर्न सक्ने</u>** : (१) बैङ्कले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको मूल्याङ्कन गर्दा मनासिब समय सीमाभित्र सुधार गर्न सकिने नदेखेमा देहायको कुनै अवस्थामा वाणिज्य बैङ्क

वा वित्तीय संस्थालाई आफ्नो नियन्त्रणमा लिई फरफारकको कार्य अगाडि बढाउन सक्नेछ :-

(क) पूर्ण वा आंशिक रूपमा आफ्नो दायित्व भुक्तानी गर्न नसकेमा वा त्यस्तो भुक्तानी गर्न नसक्ने कुरामा बैङ्क विश्वस्त भएमा,

(ख) सुपरीवेक्षकीय विश्लेषणका आधारमा भुक्तानी गर्नुपर्ने दायित्व पूरा गर्न नसक्ने अवस्था भएमा,

(ग) खुद सम्पत्तिभन्दा दायित्व बढी भएमा वा बढी हुन सक्ने देखिएमा,

(घ) बैङ्कले तोकेका सबै प्रकारका पुँजी तथा कोषहरूले समेत खाम्न नसक्ने गरी घाटामा गएमा,

(ङ) बैङ्कले दफा ८६छ. बमोजिम फरफारकको प्रक्रियामा लैजाने निर्णय गरेमा,

(च) प्रचलित कानूनबमोजिम वाणिज्य बैङ्क वा वित्तीय संस्थाको खारेजी वा दामासाहीको प्रक्रिया प्रारम्भ भएमा वा दामासाहीमा पर्न सक्ने कुरामा बैङ्क विश्वस्त भएमा।

(२) कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था उपर रहेको निक्षेपकर्ता तथा सुरक्षित साहुको दाबीलाई फरफारक गर्ने गराउने अधिकार बैङ्कलाई हुनेछ।

(३) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको फरफारक सम्बन्धी कार्य गर्दा लागेको सम्पूर्ण खर्च त्यस्तो संस्थाको सम्पत्ति बिक्री र सेयरधनीको सेयर स्वामित्वबाट व्यहोरिनेछ। त्यस्तो रकम अपुग भएमा फरफारक सम्बन्धी खर्च असुरक्षित तथा अबिमित साहुको खर्चबाट व्यहोरिनेछ।

(४) उपदफा (१) बमोजिम बैङ्कले देहायबमोजिम गर्न वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारकको कार्य अगाडि बढाउनेछ :-

(क) वित्तीय स्थायित्वको लागि वाणिज्य बैङ्क वा वित्तीय संस्थाको अपरिहार्य कार्य सञ्चालन गर्ने,

<u>**स्पष्टीकरण**</u> : यस खण्डको प्रयोजनको लागि “अपरिहार्य कार्य” भन्नाले आर्थिक वा वित्तीय स्थायित्वमा अवरोध हुन नदिन वाणिज्य बैङ्क वा वित्तीय संस्थाका सेवा वा व्यावसायिक क्रियाकलाप लगायतका कार्य सम्झनुपर्छ।

(ख) निक्षेपकर्तालाई कानूनले संरक्षण प्रदान गरेको हदसम्म संरक्षण प्रदान गर्ने,

(ग) फरफारकको खर्च न्यूनतम गर्ने।

(५) उपदफा (१) बमोजिम फरफारक गर्दा उपदफा (४) बमोजिमको उद्देश्य अनुसार हुने गरी मितव्ययी, पारदर्शी तथा जवाफदही रूपमा गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम बैङ्कले फरफारक गर्दा देखापरेको बाधा अड्चन तथा सोको निरूपण सम्बन्धी विस्तृत मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ।

(७) फरफारक सम्बन्धी कार्ययोजना, मूल्याङ्कन तथा बाधा अड्चन फुकाउने सम्बन्धी व्यवस्था बैङ्कले तोकेबमोजिम हुनेछ।"

५२. **<u>मूल ऐनमा दफा ८८क१. थप</u> :** मूल ऐनको दफा ८८क. पछि देहायको दफा ८८क१. थपिएको छ :-

"**८८क१. <u>बैङ्कले विवरण राख्न वा राख्न लगाउन सक्ने</u> :** बैङ्कले एकीकृत र केन्द्रीकृत ग्राहक पहिचान, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी गर्ने कार्यमा संलग्न भएको व्यक्ति, फर्म, कम्पनी वा सङ्गठित संस्थाको सम्बन्धमा नेपाल सरकार तथा संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्बाट पारित प्रस्ताव (रेजोलुसन) बमोजिम सूचीकृत भएको व्यक्ति, समूह वा सङ्गठनको सूचीको अभिलेख, खाता रोक्का तथा उच्च पदस्थ अधिकारी लगायत वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सुशासनसँग सम्बन्धित एकीकृत विवरण राख्न वा कुनै संस्थालाई राख्न लगाउन सक्नेछ।"

५३. **मूल ऐनको दफा ८८ख. मा संशोधन** : मूल ऐनको दफा ८८ख. को उपदफा (५) पछि देहायका उपदफा (६) र (७) थपिएका छन् :-

"(६) विशेष प्रशासन समूहले सम्पादन गर्ने कामकारबाही बैङ्कले तोकेबमोजिम हुनेछ र बैङ्कले त्यस्तो कामकारबाहीको नियमित रूपमा अनुगमन गरी विशेष प्रशासन समूहलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(७) उपदफा (६) बमोजिम बैङ्कले दिएको निर्देशनको पालना गर्नु विशेष प्रशासन समूहको कर्तव्य हुनेछ।"

५४. **मूल ऐनको दफा ८८ग. मा संशोधन** : मूल ऐनको दफा ८८ग. को,-

(१) उपदफा (१) मा रहेका "गर्न पाउने" भन्ने शब्दहरूको सट्टा "गर्ने" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (२) को खण्ड (क) मा रहेका "नयाँ व्यक्तिलाई बिक्री गर्ने" भन्ने शब्दहरू पछि "वा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति र दायित्व पूर्ण वा आंशिक रूपमा अन्य वाणिज्य बैङ्क वा वित्तीय संस्था वा अन्य कुनै संस्थालाई तोकिएबमोजिम हस्तान्तरण गर्ने गराउने" भन्ने शब्दहरू थपिएका छन्।

(३) उपदफा (३) को खण्ड (ग) मा रहेका "सम्पत्ति वा दायित्व" भन्ने शब्दहरू पछि "पूर्ण वा आंशिक रूपमा" भन्ने शब्दहरू थपिएका छन्।

(४) उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छः-

"(५क) विशेष प्रशासन समूहले वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारक गर्दा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको खारेजी हुँदा प्राप्त हुने सुविधाभन्दा कम नहुने गरी फरफारक गर्नु पर्नेछ।"

(५) उपदफा (७) मा रहेका "विशेष प्रशासन समूहलाई" भन्ने शब्दहरूको सट्टा "विशेष प्रशासन समूहलाई दफा ८६ख. को अधीनमा रही" भन्ने शब्दहरू राखिएका छन्।

(६) उपदफा (१२) मा रहेको "तोकिए बमोजिम" भन्ने शब्दहरू पछि "आवश्यक स्वीकृतिको लागि" भन्ने शब्दहरू थपिएका छन्।

**५५. <u>मूल ऐनको दफा ८८घ. मा संशोधन</u> :** मूल ऐनको दफा ८८घ. को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :-

"(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशेष प्रशासन समूहले फरफारक प्रक्रिया सुरु गरेको कारणले मात्र कुनै प्राकृतिक वा कानूनी व्यक्तिले वाणिज्य बैङ्क वा वित्तीय संस्थासँग फरफारकको प्रक्रिया सुरु हुनुभन्दा अगाडि गरेको करार सम्झौता स्वतः समाप्त हुने छैन।"

**५६. <u>मूल ऐनको दफा ८६छ. मा संशोधन</u> :** मूल ऐनको दफा ८६छ. को सट्टा देहायको दफा ८६छ. राखिएको छ :-

"८८छ. <u>वित्तीय स्थिति सुधारको लागि सिफारिस गर्नसक्ने</u> : (१) यस परिच्छेदबमोजिम कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्बन्धमा सुरु भएको फरफारकको प्रक्रिया सम्पन्न गर्दा समग्र वित्तीय स्थायित्व वा प्रणालीमा नकारात्मक असर पर्ने देखिएमा विशेष प्रशासन समूहले सोही व्यहोरा उल्लेख गरी त्यस्तो अवस्था सृजना हुन नदिन सम्बन्धित बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्वको अवस्था समेत समावेश गरी भविष्यमा चाल्नुपर्ने कदम सहितको प्रतिवेदन तयार गरी बैङ्कसमक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि बैङ्कले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारक गर्दा समग्र वित्तीय स्थायित्व वा प्रणालीमा नकारात्मक असर पर्ने देखिन आएमा र नेपाल सरकारले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थामा फरफारकको लागि अल्पकालीन वित्तीय लगानी गर्दा वित्तीय स्थिति सुधार हुन सक्ने अवस्था देखिएमा बैङ्कले आफ्नो राय सहितको व्यहोरा नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस भई आएमा नेपाल सरकारले सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई त्यस्तो लगानी गर्न सक्नेछ।

(४) उपदफा (२) को प्रयोजनको लागि बैङ्कले फरफारक प्रक्रियामा रहेका वाणिज्य बैङ्क

वा वित्तीय संस्था वा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाका प्राप्तकर्ता (अक्वायरर) वा दफा ८८ज. बमोजिमका पुल संस्था (ब्रीज इन्ष्टिच्यूसन)लाई कर्जा वा जमानत दिन, वाणिज्य बैङ्क वा वित्तीय संस्था वा पुल संस्थामा लगानी गर्न वा ऋण उपकरणको खरिद मार्फत वाणिज्य बैङ्क वा वित्तीय संस्थाको स्रोत सकिएपछि अल्पकालीन वित्तीय सहयोग गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ।

(५) उपदफा (२) बमोजिम बैङ्कको सिफारिसमा नेपाल सरकारले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था वा पुल संस्थामा लगानी गरी त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्था वा पुल संस्थाको वित्तीय स्थिति सुधार भएमा त्यस्तो सुधारका लागि प्रदान गरिएका सुविधाको अन्त्य गर्ने तथा सुधार भएको मितिले बढीमा पाँच वर्षभित्र बोलकबोलको माध्यमद्वारा नेपाल सरकारले आफ्नो लगानी भएको रकम निजी क्षेत्रलाई बिक्री गरी उठाउनु पर्नेछ।"

**५७.** **<u>मूल ऐनको दफा ८८ज. मा संशोधन</u> :** मूल ऐनको दफा ८८ज. को उपदफा (४) मा रहेका "पुल संस्था वा एकाइको" भन्ने शब्दहरू पछि "संस्थापना, अनुमतिपत्र," भन्ने शब्दहरू थपिएका छन्।

**५८.** **<u>मूल ऐनको दफा ८८झ. मा संशोधन</u> :** मूल ऐनको दफा ८८झ. को उपदफा (१) को खण्ड (घ)को अन्त्यमा रहेको

पूर्ण विराम चिन्ह "।" को सट्टा अर्ध विराम "," चिन्ह राखी सो खण्ड पछि देहायका खण्ड (ङ), (च), (छ) र (ज) थपिएका छन् :-

"(ङ) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र बैङ्कलाई तिर्नुपर्ने रकम,

(च) अन्य वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई तिर्नुपर्ने बक्यौता रकम,

(छ) अन्य साहुहरू र अन्य दाबीहरूको लागि भुक्तानी योग्य रकम, र

(ज) प्रचलित कानूनब मोजिमका शेयरधनीहरूले प्राप्त गर्ने भुक्तानी।"

५९. **मूल ऐनको दफा ८८ञ. मा संशोधन :** मूल ऐनको दफा ८८ञ. को उपदफा (१) मा रहेका "कुनै पनि कार्य" भन्ने शब्दहरू पछि "विशेष प्रशासन समूहले निर्धारण गरेको निश्चित समयको लागि" भन्ने शब्दहरू थपिएका छन्।

६०. **मूल ऐनको दफा ८८ट. मा संशोधन :** मूल ऐनको दफा ८८ट. को,-

(१) उपदफा (१)मा रहेका "विशेष प्रशासन समूहले" भन्ने शब्दहरूको सट्टा "बैङ्कले तोकेको समयावधिको लागि देहायको अवस्थामा विशेष प्रशासन समूहले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छ :-

"(७) कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थामा फरफारकको लागि विशेष प्रशासन समूह

गठन भई प्रक्रियामा रहेको अवस्थामा कसैले प्रदान गरिरहेको विद्युत, पानी, टेलिफोन, तथ्याङ्क, सूचना प्रविधि, भुक्तानी तथा फस्यौंट, घरजग्गा, सवारी साधन जस्ता अन्य वस्तु तथा सेवा, सो वस्तु तथा सेवा बापतको रकम प्राप्त नगरेको वा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्था फरफारकको प्रक्रियामा रहेको कारणले मात्र बन्द गर्न गराउन पाइने छैन।"

(३) उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः-

"(८) उपदफा (७) बमोजिमको वस्तु तथा सेवा बापतको भुक्तानीको हकमा विशेष प्रशासन समूहले फरफारकको प्रक्रिया सुरु हुनु अघि कायम रहेको वक्यौता रकम सम्बन्धित सेवा प्रदायकलाई भुक्तानी गर्नु पर्नेछ।"

६१. **<u>मूल ऐनको दफा ८८ठ. मा संशोधन</u> :** मूल ऐनको दफा ८८ठ. को उपदफा (३) र (४) को **<u>सट्टा</u>** देहायका उपदफा (३) र (४) राखिएका छन् :-

"(३) यस परिच्छेद बमोजिम विशेष प्रशासन समूह वा बैङ्कले गरेको काम कारबाहीबाट दफा ८८ग. को उपदफा (५क) बमोजिम वाणिज्य बैङ्क वा वित्तीय संस्थाको खारेजी हुँदा प्राप्त हुने सुविधा भन्दा फरफारक गर्दा प्राप्त हुने सुविधा कम हुने अवस्था उत्पन्न भएमा मर्का पर्ने पक्षले विशेष प्रशासन समूहले बैङ्कमा प्रतिवेदन पेश गरेको वा

कुनै कारणले विशेष प्रशान समूह विघटन भएकोमा विघटन भएको मितिले साठी दिनभित्र मौद्रिक क्षतिपूर्तिको लागि अदालत समक्ष निवेदन दिन सक्नेछ।

तर अदालतबाट अन्यथा आदेश भएकोमा बाहेक त्यसरी निवेदन परेको कारणले मात्र फरफारकको प्रक्रियामा रहेका कुनै कार्य निलम्बन, परिमार्जन, खारेज वा रद्द हुने छैन।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा अदालतले देहायको अवस्थामा मर्का पर्ने पक्षलाई मनासिब माफिकको मौद्रिक क्षतिपूर्ति उपलब्ध गराइदिन सक्नेछः-

(क) फरफारकको क्रममा अधिकार क्षेत्र नाघी गरेको कुनै काम कारबाही भएकोमा,

(ख) यस ऐन बमोजिम फरफारकको प्रक्रिया पूरा नगरेकोमा,

(ग) फरफारकको कारबाही गर्दा पर्याप्त आधार र कारण बिना गरेकोमा।"

६२. **मूल ऐनको दफा ८८ण. मा संशोधन** : मूल ऐनको दफा ८८ण. को उपदफा (१) मा रहेका "राम्रोसँग सञ्चालन हुन नसक्ने भन्ने कुरामा बैङ्क विश्वस्त भएमा त्यस्तो वाणिज्य

बैङ्क वा वित्तीय संस्थालाई खारेज गर्नको लागि अदालतसमक्ष निवेदन दिन सक्नेछ" भन्ने शब्दहरूको सट्टा "पुनर्संरचना मार्फत पुनःसञ्चालन हुन नसक्ने भन्ने कुरामा बैङ्क विश्वस्त भएमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई खारेज गर्नको लागि बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनबमोजिम अदालतसमक्ष निवेदन दिन सक्नेछ" भन्ने शब्दहरू राखिएका छन्।

६३. **<u>मूल ऐनको दफा ९२ मा संशोधन</u> :** मूल ऐनको दफा ९२ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) उपदफा (१) बमोजिम महालेखा परीक्षकले बैङ्कको लेखापरीक्षण गर्दा लेखापरीक्षण सम्बन्धी प्रचलित कानूनको अधीनमा रही केन्द्रीय बैङ्कको लेखापरीक्षणको अनुभव रहेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त लेखापरीक्षकको सहयोग लिन सक्नेछ।"

६४. **<u>मूल ऐनको दफा ९३ मा संशोधन</u> :** मूल ऐनको दफा ९३ को सट्टा देहायको दफा ९३ राखिएको छ :-

"९३. **<u>बैङ्कका कार्यको प्रतिवेदन</u> :** (१) बैङ्कले प्रत्येक आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र वार्षिक वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गराउने तथा प्रत्येक महिना समाप्त भएको पन्ध्र दिनभित्र मासिक वासलात तयार गरी प्रकाशन गर्नेछ।

(२) बैङ्कले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र बैङ्कको लेखापरीक्षण गरिएको वित्तीय विवरण र आर्थिक तथा वित्तीय अवस्था

समावेश भएको वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष पेस गर्नु पर्नेछ।"

६५. **<u>मूल ऐनको दफा १०४ मा संशोधन</u> :** मूल ऐनको दफा १०४ मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह" भन्ने शब्दहरू राखिएका छन्।

६६. **<u>मूल ऐनको दफा १०७ मा संशोधन</u> :** मूल ऐनको दफा १०७ को सट्टा देहायको दफा १०७ राखिएको छ :-

**"१०७. <u>असल नियतले गरेको काममा जवाफदेही हुनु नपर्ने</u> :** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम वा जारी गरिएको आदेश वा निर्देशनबमोजिम असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा गभर्नर, डेपुटी गभर्नर, सञ्चालक वा बैङ्कका कर्मचारी वा विशेष प्रशासन समूह वा बैङ्कले नियुक्त गरेको प्रतिनिधि वा एजेन्ट व्यक्तिगत वा सामुहिक रूपले जवाफदेही हुने छैनन्।

तर जानाजान वा गलत मनसायबाट गरे वा नगरेको कुनै कामको सन्दर्भमा भने निजहरू व्यक्तिगत रूपमा जिम्मेवार हुनेछन्।

(२) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम तथा विनियम वा जारी गरिएको आदेश वा निर्देशनको पालना गर्नको निमित्त असल नियतले गरे वा गर्न खोजेको कुनै कुराले हुन आएको वा हुने हानि-नोक्सानीको सम्बन्धमा गभर्नर, डेपुटी गभर्नर,

सञ्चालक वा बैङ्कका कुनै अधिकृत वा कर्मचारी वा बैङ्कले नियुक्त गरेको प्रतिनिधि वा एजेन्ट विरुद्ध कुनै किसिमको मुद्दा परेमा त्यस्तो मुद्दाको खर्च बैङ्कले व्यहोर्नेछ।

तर जानाजान वा गलत मनसायबाट गरे वा नगरेको कुनै कामको सन्दर्भमा परेको मुद्दाको खर्च बैङ्कले व्यहोर्ने छैन।"

६७. **<u>मूल ऐनको दफा ११० मा संशोधन</u> :** मूल ऐनको दफा ११० को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न बैङ्कले नेपाल सरकारको सहमति लिई नेपाल सरकार र बैङ्क बिच हुने व्यापारिक कारोबारको विषयमा आवश्यक नियम बनाउन सक्नेछ।"

(२) उपदफा (२) को खण्ड (क) पछि देहायका खण्ड (क१) र (क२) थपिएका छन् :-

"(क१) विदेशी विनमय कारोबार।

(क२) जलेको, च्यातिएको, अत्रिएको, मेटिएको वा आकृति बिग्रिएको बैङ्क नोट तथा सिक्काको सट्टाभर्ना।

६८. **<u>खारेजी</u> :** मूल ऐनको दफा ९१ र १०६ग. खारेज गरिएका छन्।

६९. <u>रूपान्तर</u> **:** मूल ऐनको ठाउँ ठाउँमा रहेका "बैङ्क वा वित्तीय संस्था" भन्ने शब्दहरूको सट्टा "वाणिज्य बैङ्क वा वित्तीय संस्था" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ।

# नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को तेस्रो संशोधनको तीन महले विवरण

| क्र.सं. | दफा/उपदफा | विद्यमान व्यवस्था | संशोधनका लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| १. | दफा २ को खण्ड (च), (छ), (ज), (झ) र (य) को सट्टा खण्ड (च), (छ), (ज), (झ) र (य) राखिएको। | (च) "वाणिज्य बैङ्क" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको वाणिज्य बैङ्क सम्झनु पर्छ। | (च) "वाणिज्य बैङ्क" भन्नाले बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित सङ्घीय कानूनबमोजिम इजाजतप्राप्त "क" वर्गको बैङ्क सम्झनु पर्छ। | वाणिज्य बैङ्कको परिभाषालाई थप स्पष्ट पार्न आवश्यक भएकोले |
| | | (छ) "वित्तीय संस्था" | (छ) "वित्तीय संस्था" भन्नाले | वित्तीय संस्थाको परिभाषा |

| | | | | |
|---|---|---|---|---|
| | | भन्नाले कृषि, सहकारी, उद्योग वा अन्य कुनै खास आर्थिक प्रयोजनको लागि कर्जा दिने वा सर्वसाधारण जनताबाट निक्षेप सङ्कलन गर्ने उद्देश्यले प्रचलित कानूनबमोजिम स्थापना भएको वित्तीय संस्था सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले | कृषि, सहकारी, उद्योग वा अन्य कुनै खास आर्थिक प्रयोजनको लागि कर्जा दिने वा सर्वसाधारण जनताबाट निक्षेप सङ्कलन गर्ने उद्देश्यले प्रचलित कानूनबमोजिम स्थापना भएको वित्तीय संस्था वा डिजिटल बैङ्क सम्झनु पर्छ र सो शब्दले वित्तीय होल्डिङ् कम्पनी, विप्रेषण कारोबार गर्ने, भुक्तानी | भित्र वित्तीय होल्डिङ कम्पनी, डिजिटल माध्यमबाट कारोबार गर्ने संस्था र बैङ्कले इजाजतपत्र वा अनुमतिपत्र दिएका विप्रेषण कारोवार गर्ने वा भुक्तानी प्रणाली सञ्चालन वा भुक्तानी सेवा प्रदान गर्ने संस्थालाई समावेश गर्नु उपयुक्त हुने देखिएको। |

| | | | | |
|---|---|---|---|---|
| | | नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वित्तीय संस्था भनी तोकेको संस्थालाई समेत जनाउँछ। | प्रणाली सञ्चालन वा भुक्तानी सेवा प्रदान गर्ने संस्था वा बैङ्कको सिफारिसमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वित्तीय संस्था भनी तोकेको संस्थालाई समेत जनाउँछ।"<br>**<u>स्पष्टीकरण</u> :** "वित्तीय होल्डिङ् कम्पनी" भन्नाले वाणिज्य बैङ्क वा वित्तीय | |

| | | | | |
|---|---|---|---|---|
| | | | संस्थाको नेपालमा संस्थापित कम्तीमा एक सहायक कम्पनी, संयुक्त उपक्रम वा त्यस्तै अन्य संरचनागत स्वामित्व भएको वाणिज्य बैङ्क वा वित्तीय संस्था सम्झनु पर्छ। | |
| | | (ज) "मुद्रा" भन्नाले सबै किसिमको करेन्सी नोट, पोस्टल अर्डर, पोस्टल नोट, मनि अर्डर, चेक, ड्राफ्ट, ट्राभलर्स चेक, प्रतीतपत्र, | (ज) "मुद्रा" भन्नाले करेन्सी, पोस्टल अर्डर, पोस्टल नोट, मनि अर्डर, चेक, ड्राफ्ट, ट्राभलर्स चेक, प्रतीतपत्र, विनिमयपत्र, | करेन्सी' को परिभाषामा बैङ्कबाट जारी डिजिटल करेन्सीसमेतलाई समेटिएको हुनाले 'करेन्सी नोट' को सट्टामा 'करेन्सी' शब्द प्रयोग |

| | | | | |
|---|---|---|---|---|
| | | विनिमयपत्र, प्रतिज्ञापत्र, क्रेडिट कार्ड सम्झनु पर्छ र सो शब्दले बैङ्कले आवश्यकता अनुसार सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको अन्य यस्तै प्रकारका मौद्रिक उपकरण समेतलाई जनाउँछ। | प्रतिज्ञापत्र वा क्रेडिट कार्ड सम्झनु पर्छ र सो शब्दले बैङ्कले सार्वजनिक सूचना प्रकाशन गरी तोकिदिएको अन्य मौद्रिक उपकरणलाई समेत जनाउँछ। | गर्न उपयुक्त हुने देखिएको। |
| | | (झ) "करेन्सी नोट" भन्नाले नगदको रूपमा चलनचल्तीमा रहेको बैङ्क | (झ) "करेन्सी" भन्नाले नगदको रूपमा चलनचल्तीमा रहेको | बैङ्कबाट जारी डिजिटल करेन्सीसमेतलाई 'करेन्सी' को परिभाषाभित्र समावेश |

| | | | | |
|---|---|---|---|---|
| | | नोट सम्झनु पर्छ र सो शब्दले सिक्का समेतलाई जनाउँछ। | बैङ्क नोट सम्झनु पर्छ र सो शब्दले सिक्का तथा बैङ्कबाट जारी भएको डिजिटल करेन्सीलाई समेत जनाउँछ। | गर्न र बैङ्कबाट जारी गरिने डिजिटल करेन्सीलाई यस ऐनको व्यवस्थाद्वारा बैङ्क नोटसरह मान्यता दिई यसको प्रयोग सार्वजनिक रुपमा चलनचल्ती ल्याउन "करेन्सी" को परिभाषाभित्र 'डिजिटल करेन्सी' समेत समावेश गर्नु उपयुक्त हुने देखिएको। |
| | | (य) "मौद्रिक दायित्व" भन्नाले बैङ्कको | (य) "मौद्रिक दायित्व" भन्नाले बैङ्कको | आधुनिक अर्थतन्त्रमा बैङ्कहरूसँग हुने निक्षेप, |

| | | | | |
|---|---|---|---|---|
| | | वासलातमा भएको चलनचल्तीमा रहेको बैङ्क नोट तथा सिक्का सम्झनु पर्छ। | वासलातमा भएको चलनचल्तीमा रहेको करेन्सी र वाणिज्य बैङ्क, वित्तीय संस्था, नेपाल सरकार तथा अन्य संस्थाको बैङ्कमा रहेको निक्षेप सम्झनु पर्छ र सो शब्दले बैङ्कले वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई भुक्तानी गर्न बाँकी रकमलाई समेत जनाउँछ।" | सरकारी मौज्दात, र अन्य व्यावसायिक दायित्वहरूलाई पनि बैङ्कको दायित्व मानिने हुनाले नोट/सिक्का बाहेक अन्य मौद्रिक निक्षेपहरू पनि समावेश गरी मौद्रिक दायित्वको यथार्थपरक परिभाषा गर्न उपयुक्त हुने देखिएको। |

| | | | | |
|---|---|---|---|---|
| २. | दफा २ को खण्ड (ल२) पछि खण्ड (ल३) थपिएको। | नभएको। | (ल३)"सम्झौतायोग्य ऋण उपकरण" भन्नाले ऋणपत्रको रूपमा नेपाल सरकारबाट जारी भएको प्रमिसरी नोट सम्झनु पर्छ। | प्रमिसरी नोट समेत ऋण उपकरण भएको। |
| ३. | दफा ३ को उपदफा (७) | बैङ्कको केन्द्रिय कार्यालय काठमाडौंमा रहनेछ र बैङ्कले आवश्यकता अनुसार नेपालभित्र वा बाहिर जुनसुकै ठाँउमा शाखा, उपशाखा तथा अन्य कार्यालयहरु खोल्न र | बैङ्कको केन्द्रिय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र बैङ्कले आवश्यकता अनुसार नेपालभित्र वा बाहिर जुनसुकै ठाँउमा कार्यालय खोल्न र एजेण्ट वा प्रतिनिधि नियुक्त गर्न सक्नेछ। | थप स्पष्ट गर्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | एजेण्ट वा प्रतिनिधि नियुक्त गर्न सक्नेछ। | | |
| ४. | दफा ४ को सट्टा दफा ४ राखिएको। | ४. **<u>बैङ्कको उद्देश्य</u>** : (१) बैङ्कको उद्देश्य देहायबमोजिम हुनेछः-<br><br>(क) आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधानान्तर स्थिरता कायम गर्नका लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सो को | ४. **<u>बैङ्कको उद्देश्य</u>** : (१) बैङ्कको उद्देश्य देहायबमोजिम हुनेछः-<br><br>(क) मूल्य स्थिरता कायम गर्ने,<br><br>(ख) खण्ड (क) को प्रतिकूल नहुने गरी बैङ्किङ् तथा वित्तीय क्षेत्र र बाह्य क्षेत्रको स्थायित्व कायम गर्ने। | बैङ्कको उद्देश्य थप स्पष्ट गर्न आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | व्यवस्थापन गर्ने, ,<br>(ख) वित्तीय पहुँच अभिवृद्धि र बैकिङ्ग तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैकिङ्ग तथा वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने,<br>(ग) सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने।<br>(२) उपदफा (१) | (२) उपदफा (१) बमोजिमको उद्देश्यमा प्रतिकूल प्रभाव नपर्ने गरी बैङ्कले नेपाल सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउनेछ। | |

| | | | | |
|---|---|---|---|---|
| | | बमोजिमको उद्देश्यमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी बैङ्कले नेपाल सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउनेछ। | | |
| ५. | दफा ५ को उपदफा (१) को खण्ड (घ), (झ) र (झ१) सट्टा खण्ड (घ), (झ) र (झ१) राखिएको। | (घ) विनिमय दर पद्धति निर्धारण गर्ने, | (घ) विदेशी मुद्राको विनिमय दर पद्धति र दर निर्धारण गर्ने, | नेपाल राष्ट्र बैङ्कको काम, कर्तव्य र अधिकारमा समयसापेक्ष सुधार गर्न उपयुक्त हुने देखिएको। |
| | | "(झ) भुक्तानी, फछ्र्यौट (क्लियरिङ्) तथा हिसाब मिलान (सेटलमेन्ट) पद्धतिको स्थापना तथा प्रबर्धन गरी सो | "(झ) भुक्तानी तथा फछ्र्यौट (क्लियरिङ्), हिसाब मिलान (सेटलमेन्ट) प्रणालीको स्थापना र | |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यलाई नियमित गर्ने, र | प्रबर्धन गर्ने, गराउने र सोको नियमन गर्ने, | |
| | | "(झ१) तरलता व्यवस्थापनको निमित्त आवश्यक उपकरणको माध्यमद्वारा खुला बजार कारोबार सञ्चालन गर्ने, | "(झ१) तरलता व्यवस्थापनको लागि आवश्यक उपकरणको प्रयोग गर्ने तथा खुला बजार कारोबार सञ्चालन गर्ने, | |
| ६. | दफा ५ को खण्ड (झ१) पछि खण्ड (झ२), (झ३), (झ४) र (झ५) | नभएको। | (झ२) बैङ्किङ् तथा वित्तीय सेवामा सर्वसाधारणको पहुँच अभिवृद्धि गर्ने, | नेपाल राष्ट्र बैङ्कको काम, कर्तव्य र अधिकारमा समयसापेक्ष थप गर्न |

| | | | | |
|---|---|---|---|---|
| | थपिएको। | | (झ३) बैङ्किङ् तथा वित्तीय प्रणालीमा सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने, | उपयुक्त हुने देखिएको। |
| | | | (झ४) समष्टिगत विवेकशील (म्याक्रोप्रुडेन्सियल) नियामकको रूपमा कार्य गर्ने, | |
| | | | (झ५) प्रचलित कानूनबमोजिम | |

| | | | | |
|---|---|---|---|---|
| | | | समस्याग्रस्त बैङ्क वा वित्तीय संस्थालाई नियन्त्रणमा लिने वा सुधारका अन्य उपाय वा प्रक्रिया अवलम्बन गर्ने वा फरफारख (रिजोलुशन) गर्ने, | |
| ७. | दफा ५ को उपदफा (२) पछि उपदफा (२क) थपिएको। | नभएको | “(२क) यस ऐन र अन्य प्रचलित कानूनको अधीनमा रही बैङ्कले केन्द्रीय बैङ्क सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास तथा मान्यता अनुरूप आफ्नो कार्य सम्पादन गर्न | नेपाल राष्ट्र बैङ्कले अन्तर्राष्ट्रिय अभ्यासलाई अवलम्बन गर्न आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | | सक्नेछ।” | |
| ८. | दफा ७ को उपदफा (१) को खण्ड (ग) | कुनै किसिमको व्यापार गर्ने, वा | खण्ड (ग) मा रहेको “वा” भन्ने शब्द झिकिएको छ। | कानून तर्जुमाको दृष्टिकोणले मिलाउन उपयुक्त भएको। |
| ९. | दफा ७ को उपदफा (१) खण्ड (घ) को सट्टा खण्ड (घ) राखिएको। | (घ) खरिद गरेर, भाडामा लिएर वा कुनै तरिकाबाट चल अचल सम्पत्ति माथि अधिकार प्राप्त गर्ने।<br>तर आफ्नो कारोबार र व्यवस्था सञ्चालन गर्न वा आफ्नो उद्देश्य पूरा गर्न | (घ) खरिद गरेर, भाडामा लिएर वा कुनै तरिकाबाट चल अचल सम्पत्ति माथि अधिकार प्राप्त गर्ने, | नेपाल राष्ट्र बैङ्कको काम, कर्तव्य र अधिकारमा समयसापेक्ष सुधार गर्न उपयुक्त हुने देखिएको। |

| | | | | |
|---|---|---|---|---|
| | | आवश्यक पर्ने सम्पत्ति भने बैङ्कले प्राप्त गर्न सक्नेछ। | | |
| १०. | दफा ७ को उपदफा (१) खण्ड (घ) पछि खण्ड (ङ) र (च) थपिएको। | नभएको | (ङ) यस ऐनमा अन्यथा उल्लेख भएकोमा बाहेक सरकारी वित्त र विकासात्मक कार्य (क्वाजी फिस्कल अपरेसन)सँग सम्बन्धित कार्य गर्ने,<br>(च) नेपाल सरकार, सरकारी स्वामित्वमा रहेको संस्था, सार्वजनिक | |

| | | | | |
|---|---|---|---|---|
| | | | निकाय, कम्पनी वा अन्य संस्थाको दायित्वको जमानत दिने। | |
| ११. | दफा ७ को उपदफा (२) को सट्टा उपदफा (२) राखिएको। | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले देहायका काम गर्न सक्नेछः-<br>(क) बैङ्कको आफ्नो काम कारबाही वा दायित्व पूरा गर्न सहयोग हुने काम कारबाही गर्ने संस्थालाई सो | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले देहायका काम गर्न सक्नेछः-<br>(क) बैङ्क नोट, सिक्का वा असर्फी उत्पादन तथा बिक्री वितरण गर्ने,<br>(ख) विदेशी मुद्रा खरिद बिक्री तथा लगानी गर्ने, | |

| | | | | |
|---|---|---|---|---|
| | | संस्थाको कुल पूँजीको दश प्रतिशत ननाघ्ने गरी ऋण प्रदान गर्ने वा त्यस्ता संस्थाको शेयरमा स्वामित्व प्राप्त गर्ने।<br>**<u>स्पष्टीकरणः</u>** यस खण्डको प्रयोजनको लागि बैङ्कको काम कारबाही वा दायित्व पूरा गर्न सहयोग हुने काम कारबाही गर्ने संस्था भन्नाले विशुद्ध | (ग) सुन खरिद बिक्री तथा लगानी गर्ने,<br>(घ) आफ्नो कारोबार र व्यवस्था सञ्चालन गर्न बैङ्कलाई आवश्यक पर्ने सम्पत्ति प्राप्त गर्ने वा खरिद गर्ने, र<br>(ङ) बैंकका कर्मचारीलाई कर्जा प्रदान गर्ने। | |

| | | | | |
|---|---|---|---|---|
| | | रुपमा बाणिज्य बैङ्क वा वित्तीय संस्थाको धितो मूल्याङ्कन, सञ्चालन र संरक्षण गर्ने, धितो पुनसंरचना गर्ने र हस्तान्तरण गर्ने, साख मूल्याङ्कन गर्ने, साख सूचना आदान प्रदान गर्ने, तथ्याङ्क प्रशोधन गर्ने र संप्रेषण गर्ने, वित्तीय उपकरण मुद्रण गर्ने, भुक्तानीको क्लियरिङ्ग | | |

| | | | | |
|---|---|---|---|---|
| | | गर्ने, सम्पत्तिलाई तरल बनाउने, बैङ्क नोट वा सिक्का उत्पादन गर्ने, ट्रष्टिको रुपमा काम गर्ने जस्ता बैङ्कले तोकेको अन्य कुनै पनि संस्था वा कम्पनी सम्झनु पर्छ।<br>(ख) बैङ्कले आफ्ना कर्मचारीलाई कर्जा प्रदान गर्ने। | | |

| | | | | |
|---|---|---|---|---|
| १२. | दफा ७ को उपदफा (२) पछि उपदफा (३) थपिएको | नभएको। | (३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले आफ्नो उद्देश्य प्राप्त गर्न सहयोग गर्ने देहाय बमोजिमका काम गर्ने संस्थालाई सो संस्थाको कुल पुँजीको दश प्रतिशत ननाघ्ने गरी ऋण प्रदान गर्न वा त्यस्ता संस्थाको शेयरमा स्वामित्व प्राप्त गर्न सक्नेछः-<br>(क) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको धितो मूल्याङ्कन, सञ्चालन र | |

| | | | | |
|---|---|---|---|---|
| | | | संरक्षण गर्ने,<br>(ख) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको धितो पुनःसंरचना गर्ने र हस्तान्तरण गर्ने,<br>(ग) साख मूल्याङ्कन गर्ने तथा साख सम्बन्धी सूचना आदान प्रदान गर्ने,<br>(घ) तथ्याङ्क प्रशोधन गर्ने र सम्प्रेषण गर्ने,<br>(ङ) वित्तीय उपकरण मुद्रण | |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्ने,<br>(च) भुक्तानीको क्लियरिङ् गर्ने,<br>(छ) सम्पत्तिलाई तरल बनाउने,<br>(ज) सम्पत्ति व्यवस्थापन गर्ने, र<br>(झ) ट्रष्टीको रूपमा काम गर्ने। | |
| **१३.** | दफा १० को उपदफा (३) | बैङ्कले अनुरोध गरेको खण्डमा नेपाल सरकार, सार्वजनिक निकाय तथा | दफा १० को उपदफा (३) मा रहेका "सार्वजनिक निकाय" भन्ने शब्दहरूको सट्टा | |

| | | | | |
|---|---|---|---|---|
| | | निजी क्षेत्रले बैङ्कलाई आर्थिक तथा वित्तीय विषयमा आवश्यक सूचना उपलब्ध गराउनु पर्नेछ। | "प्रदेश सरकार, स्थानीय तह, सार्वजनिक निकाय, सहकारी, उद्योग व्यवसाय" भन्ने शब्दहरू राखिएका छन्। | |
| १४. | दफा ११ को उपदफा (१) को सट्टा उपदफा (१) राखिएको। | बैङ्कले आफ्नो अधिकारक्षेत्रभित्र रहेका मौद्रिक नीति, विदेशी विनिमय नीति, शोधनान्तर, बैङ्क सुपरिवेक्षण तथा अन्य सम्बन्धित विषयहरुका सम्बन्धमा अन्तर्राष्ट्रिय संघ, | (१) मा रहेका "बैङ्क सुपरिवेक्षण" भन्ने शब्दहरूको सट्टा "वाणिज्य बैङ्क वा वित्तीय संस्थाको नियमन, सुपरीवेक्षण, भुक्तानी प्रणाली" भन्ने शब्दहरू राखिएका छन्। | नेपाल राष्ट्र बैङ्कको काम, कर्तव्य र अधिकारलाई थप स्पष्ट गर्न आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | संस्थाहरुमा नेपालको प्रतिनिधित्व गर्नेछ। | | |
| १५. | दफा ११ को उपदफा (४) पछि उपदफा (५) थपिएको। | नभएको। | (५) बैङ्कले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृतिमा अन्तर्राष्ट्रिय सङ्घ, संस्थासँग ऋण, अनुदान वा प्राविधिक सहायता प्राप्त गर्न सक्नेछ। | |
| १६. | दफा १३ | **खाता सञ्चालनः** बैङ्कले नेपाल सरकार अन्य सरकारी निकाय, वाणिज्य बैङ्क तथा वित्तीय संस्था, सार्वजनिक संस्थान, विदेशी | दफा १३ मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह" भन्ने शब्दहरू राखिएका छन्। | नेपाल राष्ट्र बैङ्कले खाता सञ्चलन गर्ने पद्धतिलाई थप स्पष्ट पार्न आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | नियोग, विदेशी केन्द्रिय वैङ्क, विदेशी वैङ्क तथा अन्तर्राष्ट्रिय संघ, संस्थाको लागि खाता खोली सञ्चालन गर्न सक्नेछ। यस्तो खाता खोल्ने र सञ्चालन गर्ने प्रक्रिया बैङ्कले तोके बमोजिम हुनेछ।<br><br>तर बैङ्कले कुनै व्यक्ति, उद्योग वा राजनैतिक संस्थाको लागि खाता | | |

| | | | | |
|---|---|---|---|---|
| | | सञ्चालन गर्ने छैन। | | |
| १७. | दफा १४ को खण्ड (घ) को सट्टा खण्ड (घ) राखिएको। | (घ) आर्थिक, मौद्रिक, बैङ्किङ्ग, वित्तीय तथा वाणिज्य कानूनको क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तिहरु मध्येबाट नेपाल सरकारले नियुक्त गरेका तीजना सञ्चालक -सदस्य | (घ) दफा २० बमोजिमको योग्यता पुगेका व्यक्तिहरू मध्येबाट सोही दफामा उल्लिखित छुट्टाछुट्टै क्षेत्रको प्रतिनिधित्व हुने गरी नेपाल सरकारले नियुक्त गरेका पाँच जना गैह्र कार्यकारी स्वतन्त्र सञ्चालक -सदस्य | नेपाल राष्ट्र बैङ्कको गभर्नर तथा सञ्चालक नियुक्ति प्रक्रियालाई थप स्पष्ट र प्रभावकारी बनाउन आवश्यक भएको। |
| १८. | दफा १५ को उपदफा (३) को सट्टा उपदफा (३) | (३) उपदफा (२) बमोजिम गठन भएको समितिले गभर्नरको | (३) उपदफा (२) बमोजिमको सिफारिस समितिले दफा २० | |

| | | | | |
|---|---|---|---|---|
| | राखिएको। | नियुक्तिका लागि सिफारिस गर्दा आर्थिक, मौद्रिक, बैङ्किङ्ग, वित्तीय, वाणिज्य, व्यवस्थापन तथा वाणिज्यकानून क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरु तथा डेपुटी गभर्नरहरू मध्येबाट तीन जनाको नामावली नेपाल सरकार, मन्त्रिपरिषद्मा सिफारिस गर्नेछ। | बमोजिमको योग्यता पुगेका लब्धप्रतिष्ठित व्यक्ति तथा बैङ्कको डेपुटी गभर्नरहरू मध्येबाट तीन जनाको नाम गभर्नरको नियुक्तिको लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा सिफारिस गर्नेछ। | |
| १९. | दफा १६ को उपदफा | (२) उपदफा (१) बमोजिम गभर्नरले डेपुटी | दफा १६ को उपदफा (२) मा रहेका “बैङ्कका विशिष्ट | |

| | | | | |
|---|---|---|---|---|
| | (२) | गभर्नर पदमा नियुक्तिको लागि सिफारिश गर्दा बैङ्कका विशिष्ट श्रेणीका अधिकृतहरुमध्येबाट कार्यक्षमताको आधारमा रिक्त पदको दोब्बर संख्यामा नामावली सिफारिश गर्नु पर्नेछ। | श्रेणीका अधिकृतहरूमध्येबाट" भन्ने शब्दहरूको सट्टा "डेपुटी गभर्नरको पद रिक्त हुनुभन्दा कम्तीमा तीस दिन अगावै बैङ्कको कार्यकारी निर्देशकको पदमा कार्यरत रहेका अधिकृतमध्येबाट" भन्ने शब्दहरू राखिएका छन्। | |
| २०. | दफा १८ को उपदफा (२) को सट्टा उपदफा (२) राखिएको। | (२) नेपाल सरकारले मनासिब देखेमा कार्यकाल समाप्त भएको गभर्नरलाई पुनः एक पटकको कार्यकालको निमित्त र | (२) नेपाल सरकारले मनासिब देखेमा कार्यकाल समाप्त भएको गभर्नर र सञ्चालकलाई एक पटकको लागि पुनः नियुक्ति गर्न | |

| | | | | |
|---|---|---|---|---|
| | | सञ्चालकलाई जतिसुकै पटकको कार्यकालको निमित्त पनि पुनः नियुक्ति गर्न सक्नेछ।" | सक्नेछ। | |
| २१. | दफा २० को खण्ड (ग) को सट्टा खण्ड (ग) राखिएको। | (ग) आर्थिक, मौद्रिक, बैङ्किङ्ग, वित्तीय, वाणिज्य, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित वा कानुन विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी आर्थिक, मौद्रिक, बैङ्किङ्ग, वित्तीय वाणिज्य कानुनको क्षेत्रमा कार्य अनुभव हासिल | (ग) अर्थशास्त्र, मौद्रिक, बैङ्किङ्, वित्तीय, तथ्याङ्क, सार्वजनिक प्रशासन, वाणिज्य, व्यवस्थापन, वाणिज्य कानून तथा लेखा विषयमा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर तह वा सो सरहको उपाधि हासिल गरी नेपाल सरकारको विशिष्ट | |

| | | | | |
|---|---|---|---|---|
| | | गरेको,<br><br>स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि “कार्य अनुभव” भन्नाले नेपाल सरकार वा बैङ्कको विशिष्ट श्रेणीको पद वा विश्वविद्यालयको प्राध्यापक वा “क” श्रेणीको वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कार्यकारी प्रमुख वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाको कार्यकारी तहको पद वा सो सरहको पद वा | श्रेणी, बैङ्कको कार्यकारी निर्देशक, विश्वविद्यालयको प्राध्यापक वा अन्तर्राष्ट्रिय वित्तीय संस्थाको कार्यकारी तहको पद वा सो सरहको पदमा कम्तीमा दश वर्षको अनुभव भएको व्यक्ति। | |

| | | | | |
|---|---|---|---|---|
| | | मर्यादाक्रमको हिसाबले सो पदभन्दा उच्च पदमा कार्य गरेको कार्य अनुभव सम्झनु पर्छ। | | |
| २२. | दफा २१ को खण्ड (घ) | (घ) वाणिज्य बैङ्क तथा वित्तीय संस्थामा पाँच प्रतिशत वा सो भन्दा बढी शेयर वा मतदानको अधिकार भएको व्यक्ति, वा | (घ) मा रहेका "पाँच प्रतिशत" भन्ने शब्दहरूको सट्टा "एक प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्। | |
| २३. | दफा २१ को खण्ड (च) र (छ) को सट्टा खण्ड | (च) बहुलाएको व्यक्ति, वा | (च) मानसिक अस्वस्थताको कारण सञ्चालकको पदमा रही | |

| | | | | |
|---|---|---|---|---|
| | (च) र (छ) राखिएको। | | कार्यसम्पादन गर्न असमर्थ रहेको व्यक्ति, | |
| | | (छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको व्यक्ति। | (छ) भ्रष्टाचार, बैङ्किङ् कसूर, चोरी, कीर्ते, ठगी, जालसाजी, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसार-पसार, सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय | |

| | | | | |
|---|---|---|---|---|
| | | | पाएको व्यक्ति, | |
| २४. | दफा २१ को खण्ड (छ) पछि खण्ड (ज) र (झ) थपिएको। | नभएको। | (ज) समितिको पदेन बाहेकको सञ्चालकको हकमा नेपाल सरकार र नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको सार्वजनिक निकायका पदाधिकारी तथा कर्मचारी, र | |
| | | | (झ) समितिको पदेन बाहेकको सञ्चालकको हकमा अवकाश भएको तीन बर्ष पूरा नभएको बैङ्कको पूर्व | |

| | | | | |
|---|---|---|---|---|
| | | | कर्मचारी। | |
| २५. | दफा २२ को उपदफा (४) को सट्टा उपदफा (४) राखिएको। | (४) नेपाल सरकारले उपदफा (१) बमोजिम गभर्नर, डेपुटी गभर्नर र सञ्चालकलाई पदमुक्त गर्ने प्रक्रिया सुरु गर्नासाथ निजहरु आफ्नो पदबाट स्वतः निलम्बन भएको मानिनेछन्। | (४) दफा २३ को उपदफा (१) बमोजिम जाँचबुझ समिति गठन भएपछि गर्भनर र उपदफा (3) बमोजिम समितिले छानबिन सुरु गरेपछि डेपुटी गभर्नर तथा सञ्चालक आफ्नो पदबाट स्वतः निलम्बन भएको मानिनेछ। | नेपाल राष्ट्र बैङ्कमा गभर्नर र सञ्चालक नियुक्तिमा पारदर्शीता कायम गर्न आवश्यक भएको। |
| २६. | दफा २३ को उपदफा (१) को सट्टा उपदफा (१) राखिएको। | (१) नेपाल सरकारले दफा २२ को उपदफा (२) बमोजिम गभर्नरलाई | (१) दफा २२ को उपदफा (२) बमोजिम गभर्नरलाई पदमुक्त गर्नु अघि नेपाल | |

| | | | | |
|---|---|---|---|---|
| | | पदमुक्त गर्नु अघि देहाय बमोजिमको जाँचबुझ समिति गठन गरी सो समितिको सिफारिसमा गभर्नरलाई पदमुक्त गर्नेछः—<br><br>(क) सर्वोच्च अदालतबाट अवकाश प्राप्त न्यायाधीशमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति -अध्यक्ष<br><br>(ख) आर्थिक, मौद्रिक, बैङ्किङ्ग, वित्तीय, वाणिज्य तथा | सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिमको जाँचबुझ समिति गठन गर्नेछ :-<br><br>(क) उच्च अदालतको मुख्य न्यायाधीश पदबाट अवकाशप्राप्त व्यक्तिहरू मध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति<br><br>(ख) पूर्व गभर्नरहरू मध्येबाट नेपाल सरकारले तोकेको एक जना -सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| | | व्यवस्थापन क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरुमध्येबाट नेपाल सरकारले तोकेको **दुई**जना व्यक्ति- सदस्य | (ग) ऐनको दफा २० बमोजिमको योग्यता पुगेका लब्धप्रतिष्ठित व्यक्तिहरू मध्येबाट नेपाल सरकारले तोकेको एक जना- सदस्य | |
| २७. | दफा २३ को उपदफा (४) को सट्टा उपदफा (४) राखिएको। | (४) जाँचबुझ समितिले राय ठहर सहितको आफ्नो सिफारिस एक महिनाभित्र नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ। | (४) जाँचबुझ समितिले एक महिनाभित्र राय ठहर सहितको सिफारिस नेपाल सरकारसमक्ष पेस गर्नु पर्नेछ र नेपाल सरकारले त्यसरी सिफारिस पेस भएको तीस दिनभित्र | |

| | | | | |
|---|---|---|---|---|
| | | | गभर्नरलाई हटाउने वा नहटाउने सम्बन्धमा निर्णय गर्नेछ। | |
| २८. | दफा २३ को उपदफा (४) पछि उपदफा (५) र (६) थपिएको। | नभएको | (५) दफा २२ को उपदफा (३) बमोजिम नेपाल सरकारले समितिबाट छानबिन गराएकोमा समितिले एक महिनाभित्र राय ठहर सहितको सिफारिस नेपाल सरकारसमक्ष पेस गर्नु पर्नेछ र नेपाल सरकारले त्यसरी सिफारिस पेस भएको तीस दिनभित्र सञ्चालक वा डेपुटी | |

| | | | | |
|---|---|---|---|---|
| | | | गभर्नरलाई हटाउने वा नहटाउने सम्बन्धमा निर्णय गर्नेछ । | |
| | | | (६) उपदफा (४) र (५) बमोजिमको अवधिभित्र गभर्नर, डेपुटी गभर्नर वा सञ्चालकलाई हटाउने वा नहटाउने सम्बन्धमा निर्णय नभएमा सो अवधि पछि निलम्बित गभर्नर, डेपुटी गभर्नर वा सञ्चालकको निलम्बन स्वतः फुकुवा भएको | |

| | | | | |
|---|---|---|---|---|
| | | | मानिनेछ। | |
| २९. | दफा २५ मा संशोधन | **२५. <u>गभर्नर नियुक्तिको सार्वजनिक सूचनाः</u>** नेपाल सरकारले बहालवाला गभर्नरको पद रिक्त हुनुभन्दा सामान्यतया एक महिना अगावै गभर्नरको पदमा यस ऐन बमोजिम नियुक्त गरी सोको सूचना सार्वजनिक रूपमा प्रकाशन तथा प्रसारण गर्नेछ। | दफा २५ मा रहेको "सामान्यतया" भन्ने शब्दको सट्टा "कम्तीमा" भन्ने शब्द राखिएको छ। | पद रिक्त हुनुभन्दा एक महिना अगावै नियुक्ति गर्दा नियुक्ति प्रक्रियामा निश्चितता हुने तथा समयमै पारदर्शी रूपमा गभर्नर नियुक्ति गर्न आवश्यक भएको। |
| ३०. | दफा २८ को उपदफा | (५) समितिको बैठकको | (५) समितिको अध्यक्षता गर्ने | समितिको बैठकलाई |

| | | | | |
|---|---|---|---|---|
| | (५) को सट्टा उपदफा (५) राखिएको। | अध्यक्षता गर्ने व्यक्ति र कम्तीमा **तीनजना** सञ्चालकको उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।<br><br>तर तीनजना सञ्चालकमध्ये **एकजना** दफा १४ को खण्ड (घ) बमोजिमको सञ्चालक हुनु अनिवार्य हुनेछ। | व्यक्ति र कम्तीमा दुई जना स्वतन्त्र सञ्चालकसहित चार जना सञ्चालकको उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ। | निश्चितता प्रदान गर्न आवश्यक भएको। |
| **३१.** | दफा २९ को सट्टा | २९. **समितिको काम,** | २९. **समितिको काम,** | समितिको काम, कर्तव्य र |

| | | | | |
|---|---|---|---|---|
| | दफा २९ राखिएको। | **<u>कर्तव्य तथा अधिकारः</u>** समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः—<br><br>(क) मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गर्ने।<br><br>(ख) बैङ्क नोट तथा सिक्काको दर, चित्र, आकार, धातु, नोट छपाई गर्ने वस्तु वा अन्य पदार्थ सम्बन्धमा आवश्यक निर्णय गर्ने र सो | **<u>कर्तव्य तथा अधिकार</u>** : (१) बैङ्कको उद्देश्य प्राप्तिको लागि आवश्यक नीति तर्जुमा गर्ने र सोको कार्यान्वयनको अनुगमन गर्ने जिम्मेवारी समितिको हुनेछ।<br><br>(२) उपदफा (१) को सर्वसामान्यतामा असर नपर्ने गरी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-<br><br>(क) मौद्रिक नीति तर्जुमा गर्ने र सोको समीक्षा | अधिकारलाई थप प्रभावकारी र स्पष्ट गर्न आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | को निष्कासनका सम्बन्धमा आवश्यक नीतिको तर्जुमा गर्ने।<br><br>(ग) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको निरीक्षण तथा सुपरिवेक्षण गराउने व्यवस्था र बैङ्किङ्ग तथा वित्तीय व्यवस्थाका सम्बन्धमा आवश्यक नीति निर्माण गर्ने।<br><br>(घ) बैङ्कको नियम तथा विनियम स्वीकृत गर्ने | गर्ने,<br><br>(ख) विदेशी विनिमय नीति निर्माण गर्ने र विनिमय दर निर्धारण पद्धति तय गर्ने,<br><br>(ग) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको नियमन तथा सुपरीवेक्षण सम्बन्धी नीति तर्जुमा गर्ने,<br><br>(घ) वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई इजाजतपत्र जारी गर्ने र त्यस्तो | |

| | | | | |
|---|---|---|---|---|
| | | र बैङ्कको सञ्चालन र व्यवस्थापनमा लागू हुने नीति निर्माण गर्ने।<br><br>(ङ) बैङ्कका कर्मचारीहरुको नियुक्ति, बढुवा, सरुवा, बर्खास्ती, पारिश्रमिक, निवृत्तभरण, उपदान, सञ्चय कोष, विदा, आचरण तथा सेवा सम्बन्धी अन्य शर्तहरु बारे नीति निर्धारण गर्ने।<br><br>(च) बैङ्कको लागि | इजाजतपत्र खारेज गर्ने सम्बन्धमा आवश्यक नीति तर्जुमा गर्ने,<br><br>(ङ) बैङ्कले नेपाल सरकारलाई प्रदान गर्ने कर्जाको सीमा स्वीकृत गर्ने,<br><br>(च) वाणिज्य बैङ्क तथा वित्तीय संस्थामा रहेको निक्षेप तथा कर्जाको ब्याज दर सम्बन्धमा आवश्यक नीति तर्जुमा | |

| | | | | |
|---|---|---|---|---|
| | | वार्षिक कार्यक्रम र बजेट तथा वार्षिक लेखापरीक्षणको हिसाब स्वीकृत गर्ने र सोको प्रतिवेदन जानकारीको लागी नेपाल सरकारमा पेश गर्ने।<br><br>(छ) बैङ्कको काम कारबाही बारेको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने।<br><br>(ज) वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई इजाजतपत्र दिने र रद्द गर्ने | गर्ने,<br><br>(छ) बैङ्क नोट, सिक्का तथा डिजिटल करेन्सी जारी गर्ने सम्बन्धी नीति तर्जुमा गर्ने,<br><br>(ज) बैङ्कको व्यवस्थापन तथा कार्य सञ्चालन सम्बन्धी आवश्यक नीति, नियम र विनियम बनाउन तथा निर्देशन जारी गर्ने,<br><br>(झ) बैङ्कको रणनीतिक | |

| | | | | |
|---|---|---|---|---|
| | | सम्बन्धमा नीति निर्माण गर्ने।<br><br>(झ) बैङ्कले नेपाल सरकारलाई प्रदान गर्ने कर्जाको सीमा स्वीकृत गर्ने।<br><br>(ञ) बैङ्कले वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई दिने कर्जा तथा पुनर्कर्जाको रकम, सीमा तथा शर्तको निर्धारण गर्ने।<br><br>(ट) अन्तर्राष्ट्रिय संघ, | योजना तर्जुमा गर्ने,<br><br>(ञ) बैङ्कको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,<br><br>(ट) बैङ्कको लेखा सम्बन्धी नीति तर्जुमा गर्ने,<br><br>(ठ) बैङ्कको वार्षिक हिसाब लेखापरीक्षण गर्ने, गराउने तथा वार्षिक हिसाब स्वीकृत गरी सोको प्रतिवेदन नेपाल सरकारमा पेश गर्ने, | |

| | | | | |
|---|---|---|---|---|
| | | संस्थामा बैङ्कको सदस्यता सम्बन्धमा निर्णय गर्ने।<br><br>(ठ) बैङ्कको वित्तीय स्रोत परिचालन र लगानी नीति निर्माण गर्ने।<br><br>(ड) यस ऐनमा संशोधन गर्नु पर्ने आवश्यकता देखिएमा सो को कारण खुलाई नेपाल सरकार समक्ष प्रस्ताव पेश गर्ने।<br><br>(ढ) यस ऐन अन्तर्गत | (ड) बैङ्कको आन्तरिक लेखापरीक्षण र वित्तीय प्रतिवेदनको ढाँचा, जोखिम व्यवस्थापन, अनुपालना, सूचना प्रविधि र आन्तरिक नियन्त्रण प्रणालीको नीति तर्जुमा गर्ने तथा अनुगमन गर्ने,<br><br>(ढ) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने तरलता सम्बन्धी नीति तर्जुमा गर्ने,<br><br>(ण) बैङ्कका कर्मचारीको | |

| | | | | |
|---|---|---|---|---|
| | | गभर्नरको अधिकार क्षेत्रभित्र पर्ने बाहेकका अरु सबै विषयमा निर्णय गर्ने।<br><br>(ण) समितिमा रहेका अधिकारहरु अवधि तोकी वा नतोकी गभर्नर वा समितिद्वारा गठित उपसमितिलाई प्रत्यायोजन गर्ने। | सेवा, शर्त र सुविधा सम्बन्धी विनियम स्वीकृत गर्ने, कर्मचारी दरबन्दी निर्धारण तथा कर्मचारी व्यवस्थापन सम्बन्धी नीति स्वीकृत गर्ने,<br><br>(त) यस ऐन र बैङ्कले नियमन गर्ने विषयसँग सम्बद्ध कानून बनाउन वा संशोधन गर्न आवश्यक देखेमा सोको कारण खुलाई | |

| | | | | |
|---|---|---|---|---|
| | | | मस्यौदासहित नेपाल सरकारमा सिफारिस गर्ने,<br>(थ) आवश्यकता अनुसार विषयगत उपसमिति गठन गर्ने,<br>(द) यस ऐन तथा प्रचलित कानूनद्वारा प्रदान गरिएको अन्य कार्य सम्पादन गर्ने, गराउने। | |
| ३२. | दफा ३० को उपदफा (१) को खण्ड (ख) पछि | नभएको | (ख१) बैङ्कको प्रमुख कार्यकारीको रूपमा काम | |

| | | | | |
|---|---|---|---|---|
| | खण्ड (ख१) थपिएको | | गर्ने। | |
| ३३. | दफा ३० को उपदफा (१) को खण्ड (च) मा संशोधन | (च) वाणिज्य बैङ्क तथा वित्तीय संस्थामा रहेको निक्षेप तथा कर्जाको ब्याज दर सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने। | खण्ड (च) मा रहेका “नीति निर्धारण गर्ने” भन्ने शब्दहरूको सट्टा “नीति कार्यान्वयन गर्ने” भन्ने शब्दहरू राखिएका छन्। | |
| ३४. | दफा ३० को उपदफा (१) को खण्ड (च) पछि खण्ड (च१) थपिएको | नभएको | (च१) वाणिज्य बैङ्क वा वित्तीय संस्थाले प्रवाह गर्नुपर्ने क्षेत्रगत कर्जा नीति कार्यान्वयन गर्ने, गराउने।" | |
| ३५. | दफा ३० को उपदफा | (छ) वाणिज्य बैङ्क तथा | खण्ड (छ) मा रहेका “नीति | |

| | | | | |
|---|---|---|---|---|
| | (१) को खण्ड (छ) र (ज) मा संशोधन | वित्तीय संस्थाले कर्जा वा निक्षेपमा लिने वा दिने ब्याज दर सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने। | निर्धारण गर्ने" भन्ने शब्दहरूको सट्टा "नीति कार्यान्वयन गर्ने" भन्ने शब्दहरू राखिएका छन्। | |
| | | (ज) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाले कायम गर्नु पर्ने तरलता सम्बन्धी नीति निर्माण गर्ने। | खण्ड (ज) मा रहेका "नीति निर्माण गर्ने" भन्ने शब्दहरूको सट्टा "नीति कार्यान्वयन गर्ने" भन्ने शब्दहरू राखिएका छन्। | |
| ३६. | दफा ३० को उपदफा (२) पछि उपदफा (३) | नभएको | (३) उपदफा (१) बमोजिमको कार्य सम्पादनको | |

| | | | | |
|---|---|---|---|---|
| | थपिएको। | | क्रममा महत्त्वपूर्ण र जटिल लागेको विषयमा गभर्नरले दफा ३३ बमोजिमको व्यवस्थापन समिति वा समितिले गठन गरेको विषयगत उपसमितिसँग छलफल गरी निर्णय गर्न सक्नेछ। | |
| ३७. | दफा ३३ को उपदफा (४) को सट्टा उपदफा (४) राखिएको। | (४) समितिले आफ्नो कार्य सम्पादन गर्ने सिलसिलामा आवधिक रुपमा देशको मौद्रिक तथा आर्थिक अवस्थाको | (४) समितिले आफ्नो कार्य सम्पादन गर्दा व्यवस्थापन समितिको प्रतिवेदन समेतका आधारमा देशको मौद्रिक तथा आर्थिक अवस्थाको मूल्याङ्कन | नेपाल राष्ट्र बैङ्कको काम कारबाहीलाई नतिजामुखी बनाउन आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | मूल्याङ्कन गर्नु पर्नेछ। यसका लागि व्यवस्थापन समितिले कम्तीमा महिनाको एकपटक समितिमा बैङ्कको प्रशासन र सञ्चालनका बारेमा, मौद्रिक तथा नियमन नीति सञ्चालनका बारेमा र देशको बैङ्किङ्ग प्रणालीको स्वस्थता, मुद्रा, पुँजी तथा विदेशी विनिमय बजारको अवस्था लगायत त्यस्ता नीतिहरुको कार्यान्वयन | गर्नु पर्नेछ। | |

| | | | | |
|---|---|---|---|---|
| | | तथा त्यसले बैङ्किङ्ग प्रणालीमा पार्न सक्ने प्रभाव, परिस्थिति र महत्वपूर्ण घटनाहरुका बारेमा प्रतिवेदन पेश गर्नेछ। | | |
| ३८. | दफा ३३ को उपदफा (४) पछि उपदफा (५), (६) र (७) थपिएको। | नभएको | (५) व्यवस्थापन समितिले महिनाको कम्तीमा एक पटक बैठक बसी बैङ्कको प्रशासन र सञ्चालन, मौद्रिक तथा नियमन नीति सञ्चालन, देशको वैङ्किङ् प्रणालीको स्वस्थता, मुद्रा, पुँजी तथा विदेशी विनिमय बजारको | व्यवस्थापन समितिको बैठक सम्बन्धी व्यवस्था गरी समितिको काम कारबाहीलाई प्रभावकारी बनाउन आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | | अवस्था लगायतका नीतिहरूको कार्यान्वयन तथा त्यसले बैङ्किङ् प्रणालीमा पार्नसक्ने प्रभाव, परिस्थिति र महत्त्वपूर्ण घटनाका सम्बन्धमा मूल्याङ्कन गर्नु पर्नेछ। | |
| | | | (६) उपदफा (५) बमोजिम गरिएको मूल्याङ्कनको प्रतिवेदन व्यवस्थापन समितिले प्रत्येक त्रैमासिक रुपमा समितिसमक्ष पेस गर्नु पर्नेछ। | |
| | | | (७) व्यवस्थापन समितिको | |

| | | | | |
|---|---|---|---|---|
| | | | बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ। | |
| ३९. | दफा ३४ को सट्टा दफा ३४ राखिएको छ। | ३४. **<u>लेखापरीक्षण समितिः</u>** समितिले आफूप्रति उत्तरदायी हुने गरी देहाय बमोजिमको एउटा लेखापरीक्षण समिति गठन गर्नेछः—<br>(क) समितिले तोकेको एकजना सञ्चालक -संयोजक | ३४. **<u>लेखापरीक्षण समिति</u> :** (१) समितिले आफूप्रति उत्तरदायी हुनेगरी देहाय बमोजिमको एक लेखापरीक्षण समिति गठन गर्नेछ :–<br>(क) दफा १४ को खण्ड (घ) बमोजिमका सञ्चालकमध्येबाट समितिले तोकेको एक जना सञ्चालक | लेखापरीक्षण सम्बन्धमा स्पष्ट व्यवस्था गरी सोको माध्यमबाट वित्तीय अनुशासन कायम गर्न, गभर्नर वा डेपुटी गभर्नरको पेशागत आचरणलाई र बैङ्कको पूँजीको सम्बन्धमा थप स्पष्ट गर्न आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | (ख) समितिले तोकेको सम्बन्धित विषयको विज्ञ एकजना - सदस्य<br><br>(ग) बैङ्कको आन्तरिक लेखापरीक्षण विभागको प्रमुख - सदस्य सचिव | – संयोजक<br><br>(ख) दफा १४ को खण्ड (घ) बमोजिमका सञ्चालकमध्येबाट समितिले तोकेको एक जना सञ्चालक – सदस्य<br><br>(ग) समितिले तोकेको सम्बन्धित विषयको विज्ञ एक जना – सदस्य<br><br>(२) उपदफा (१) को खण्ड (ग) बमोजिम समितिले विज्ञ तोक्दा दफा २१ बमोजिम | |

| | | | | |
|---|---|---|---|---|
| | | | अयोग्य नरहेको र मान्यता प्राप्त विश्वविद्यालयबाट लेखा सम्बन्धी विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी वा चार्टर्ड एकाउण्टेन्सीको उपाधि हासिल गरी लेखा वा लेखापरीक्षणको क्षेत्रमा कम्तीमा दश वर्षको कार्य अनुभव भएको व्यक्तिलाई तोक्नु पर्नेछ।<br><br>तर बैङ्कको सञ्चालक तथा कर्मचारी अवकाश भएको तीन वर्ष पूरा नभएसम्म विज्ञ | |

| | | | | |
|---|---|---|---|---|
| | | | सदस्यको रूपमा तोक्न सकिने छैन।<br><br>(३) बैङ्कको आन्तरिक लेखापरीक्षण विभागले लेखापरीक्षण समितिको सचिवालयको रूपमा काम गर्नेछ।<br><br>(४) लेखापरीक्षण समितिले आवश्यकता अनुसार बैङ्कमा कार्यरत कर्मचारी वा बाह्य विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ। | |

| | | | | |
|---|---|---|---|---|
| | | | (५) बैङ्कको आन्तरिक लेखापरीक्षण विभागले आफ्ना काम कारबाहीहरू समावेश गरी लेखापरीक्षण समिति मार्फत समितिसमक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ। | |
| ४०. | दफा ३५ को उपदफा (१) को खण्ड (ख), (ग) र (ङ) को सट्टा खण्ड (ख), (ग) र (ङ) राखिएको। | (ख) बैङ्कको आवधिक वासलात तथा अन्य कागजातको लेखापरीक्षण र त्यस्ता कागजात ठीकसँग तैयार भए नभएको बारे यकिन | (ख) आन्तरिक र बाह्य लेखापरीक्षण प्रतिवेदन मार्फत प्राप्त भएको सिफारिस कार्यान्वयनको अनुगमन गर्ने। | |

| | | | | |
|---|---|---|---|---|
| | | गर्ने। | | |
| | | (ग) बैङ्कले अपनाएको उपयुक्त जोखिम व्यवस्था कार्यान्वयनको सुपरिवेक्षण गर्ने। | (ग) बैङ्कले अपनाएको उपयुक्त जोखिम व्यवस्था कार्यान्वयनको सुपरीवेक्षण गरी आकस्मिकरूपमा देखा परेको गम्भीर प्रकृतिको विषय तत्काल समितिलाई जानकारी गराउने र सुपरीवेक्षणको क्रममा देखिएका कैफियत सम्बन्धी प्रतिवेदन त्रैमासिकरूपमा समितिमा पेस गर्ने। | |

| | | | | |
|---|---|---|---|---|
| | | (ङ) प्रचलित कानुन तथा अन्तर्राष्ट्रिय लेखा मापदण्ड अनुरुप बैङ्कको लेखापरीक्षण कार्यको निमित्त विनियम बनाई स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने। | (ङ) प्रचलित कानून तथा अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त लेखापरीक्षण मापदण्ड बमोजिम बैङ्कको लेखापरीक्षण सम्बन्धी आवश्यक विनियम वा मापदण्ड बनाई स्वीकृतिको लागि समितिमा पेस गर्ने। | |
| ४१. | दफा ३७ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांश | गभर्नर वा डेपुटी गभर्नरले आफ्नो पदमा रहुन्जेलसम्म बैङ्कलाई आफ्नो पेशागत सेवा पूर्णरुपमा प्रदान गर्नु पर्नेछ। बैङ्कले मनोनयन | उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ। | |

| | | | | |
|---|---|---|---|---|
| | | गरेकोमा बाहेक निजहरुले अन्य ठाउँमा पारिश्रमिक लिई वा नलिई कुनै पनि किसिमको पद ग्रहण गर्न वा नोकरी गर्न वा सेवा प्रदान गर्न पाउने छैन।<br><br>तर मुनाफा नकमाउने उद्देश्यले गठन भएका मेडिकल एशोसिएसन इन्जिनियर्स एशोसिएसन बार बैङ्कर्स एशोसिएसन चार्टर्ड एकाउण्टेण्ट्स एशोसिएसन जस्ता पेशागत | | |

| | | | | |
|---|---|---|---|---|
| | | तथा व्यावसायिक सङ्घ संस्थामा कुनै पद ग्रहण गरी प्रदान गरेको सेवाको हकमा भने यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन। | | |
| ४२. | दफा ३७ को उपदफा (१) पछि उपदफा (१क) थपिएको। | नभएको | (१क) गभर्नर, डेपुटी गभर्नर वा सञ्चालक पदमा बहाल रहेसम्म बैङ्कबाट इजाजतपत्र प्राप्त वाणिज्य बैङ्क वा वित्तीय संस्था तथा त्यस्तो बैङ्क वा वित्तीय संस्थाबाट व्यावसायिक कर्जा लिने फर्म, कम्पनी, | |

| | | | | |
|---|---|---|---|---|
| | | | व्यावसायिक संस्था वा सम्बद्ध पक्षको लेखापरीक्षण गर्ने वा अन्य कुनै पनि सेवा प्रदान गर्ने वा स्वार्थ बाझिने कुनै कार्यमा संलग्न हुन पाउने छैन। | |
| ४३. | दफा ३९ को<br>उपदफा (३) को सट्टा उपदफा (३) राखिएको। | (३) उपदफा (१) बमोजिमको पुँजी नेपाल सरकारले थपघट गर्न सक्नेछ। यसरी पुँजी थपघट गर्दा नेपाल सरकारले बैङ्कसँग परामर्श | (३) नेपाल सरकारले बैङ्कको अनुरोधमा उपदफा (१) बमोजिमको पुँजी वृद्धि गर्न सक्नेछ। | |

| | | | | |
|---|---|---|---|---|
| | | लिनेछ। | | |
| ४४. | दफा ३९ को उपदफा (३) पछि उपदफा (४) र (५) थपिएको। | नभएको | (४) बैङ्कको लेखापरीक्षण गरिएको वार्षिक वित्तीय विवरणमा उपदफा (१) बमोजिमको पुँजी घट्न गएमा समितिले पुँजी पुनर्स्थापना गर्न नेपाल सरकारलाई अनुरोध गर्नु पर्नेछ। | |
| | | | (५) उपदफा (४) बमोजिम अनुरोध भई आएमा नेपाल सरकारले रकम नगद वा प्रचलित ब्याजदरमा जारी | |

| | | | | |
|---|---|---|---|---|
| | | | गरिएको विनिमय योग्य ऋण उपकरण (नेगोसिएवल डेट इन्स्ट्रयुमेन्ट) मार्फत आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र बैङ्कलाई उपलब्ध गराउनु पर्नेछ। | |
| ४५. | दफा ३९ पछि दफा ३९क. थपिएको। | नभएको | **३९क. <u>कोष सम्बन्धी व्यवस्था</u> :** (१) बैङ्कले देहाय बमोजिमका कोष स्थापना गर्नेछः-<br><br>(क) <u>साधारण जगेडा कोष</u> **:** बैङ्कले खुद नोक्सानी बेहोर्न र पुँजी वृद्धि गर्न एक | नेपाल राष्ट्र बैङ्कले स्थापना गर्न सक्ने कोषको व्यवस्थापन गरी सोको प्रभावकारी कार्यान्वयनलाई सहज बनाउन आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | | साधारण जगेडा कोष स्थापना गर्नेछ।<br><br>(ख) पुनर्मूल्याङ्कन जगेडा कोष : बैङ्कको लगानी रहेको वित्तीय उपकरण, विदेशी मुद्रा, सुन र अन्य सम्पत्तिमा हुने पुनर्मूल्याङ्कन नाफा वा नोक्सानीको लेखाङ्कन गर्न बैङ्कले पुनर्मूल्याङ्कन जगेडा कोष स्थापना गर्नेछ।<br><br>(ग) वित्तीय विकास कोष : बैङ्कले वित्तीय क्षेत्रको स्थायित्व, वित्तीय पहुँच अभिवृद्धि, वित्तीय प्रणाली सुदृढीकरण र समग्र वित्तीय | |

| | | | | |
|---|---|---|---|---|
| | | | क्षेत्रको विकासको लागि कुल मौद्रिक दायित्वको पाँच प्रतिशतमा नबढ्ने गरी वित्तीय विकास कोष स्थापना गर्नेछ।<br><br>(घ) <u>विशेष जगेडा कोष</u> : समितिको निर्णय बमोजिम बैङ्कले विशेष प्रयोजनको लागि बैङ्कको कुल मौद्रिक दायित्वको दुई प्रतिशतभन्दा बढी नहुने गरी विशेष जगेडा कोष स्थापना गर्नेछ।<br><br>(२) उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमको वित्तीय विकास कोष र विशेष | |

| | | | | |
|---|---|---|---|---|
| | | | जगेडा कोषको सञ्चालन तथा प्रयोग समितिले निर्धारण गरेबमोजिम हुनेछ। | |
| ४६. | दफा ४०, ४१ र ४२ को सट्टा दफा ४०, ४१ र ४२ राखिएको। | **४०. <u>खुद आय व्ययको गणना:</u>** (१) बैङ्कले प्रत्येक आर्थिक वर्षमा आफ्नो आय व्ययको विवरण तयार गर्नेछ।<br><br>(२) उपदफा (१) बमोजिम आय व्ययको विवरण तयार गर्दा नेपाल लेखामान बमोजिम गर्नु | **४०. <u>खुद आय व्यय र वितरणयोग्य आयको गणना</u> :** (१) बैङ्कले दफा ९० बमोजिम प्रत्येक आर्थिक वर्षमा आय व्ययको हिसाब तयार गरी खुद आय व्यय र वितरणयोग्य आयको गणना गर्नेछ।<br><br>(२) बैङ्कको वितरणयोग्य | बैङ्कको वितरणयोग्य आयको यथार्थ स्थिति पत्ता लगाई सोको परिचालनलाई प्रभावकारी बनाउन आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | पर्नेछ। <br><br> (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल लेखामानमा समावेश नभएका क्षेत्रहरुको हकमा अन्तर्राष्ट्रिय लेखा मापदण्डलाई आधारको रुपमा लिनु पर्नेछ। <br><br> (४) आय व्ययको विवरण तयार गर्दा बैङ्कलाई प्राप्त भैसकेको | आयको गणना देहायबमोजिम गरिनेछः- <br><br> (क) खुद आयबाट पुनर्मूल्याङ्कन नाफा बराबरको रकम घटाएर सो रकम दफा ३९क. को उपदफा (१) को खण्ड (ख) बमोजिमको पुनर्मूल्याङ्कन सञ्चित कोषमा जम्मा गरेर, <br><br> (ख) अघिल्ला आर्थिक वर्षहरूमा खुद नाफाबाट कटौती गरिएको तर चालु आर्थिक वर्षमा वास्तविक | |

| | | | | |
|---|---|---|---|---|
| | | आय, बैङ्कले व्यहोरेको वा व्यहोर्न बाँकी रहेको व्यय र खुद मूल्याङ्कन आय वा व्यय समायोजन गरी खराब वा शङ्कास्पद ऋण तथा सम्पत्तिको ह्रास कट्टी व्यवस्था घटाई खुद आय यकिन गर्नु पर्नेछ। | रूपमा खर्च भएको पूनर्मूल्याङ्कन नाफाको रकम दफा ३९क. को उपदफा (१) को खण्ड (ख) बमोजिमको पुनर्मूल्याङ्कन जगेडा कोषबाट कटौती गरी सो रकम वितरणयोग्य आयमा थप गरेर, र<br><br>(ग) प्रचलित लेखामानबमोजिम समायोजन गर्नुपर्ने अन्य रकमलाई समायोजन गरेर। | |
| | | ४१. <u>खुद आयको</u> | ४१. <u>वितरणयोग्य आयको</u> | |

| | | | | |
|---|---|---|---|---|
| | | **<u>बाँडफाँटः</u>** (१) कुनै आर्थिक वर्षमा बैङ्कले खुद आय आर्जन गरेमा त्यस्तो आयको बाँडफाँट तथा प्रयोग देहाय बमोजिम गर्नु पर्नेछः—<br><br>(क) खुद आयबाट पुनर्मूल्याङ्कन नाफा बराबरको रकमलाई पुनर्मूल्याङ्कन जगेडा कोषमा छुट्टयाई राख्नु पर्नेछ।<br><br>(ख) खण्ड (क) | **<u>बाँडफाँट</u>** : (१) बैङ्कले दफा ४० बमोजिमको वितरणयोग्य आयलाई देहायबमोजिम बाँडफाँट गर्नेछः-<br><br>(क) वितरणयोग्य आयको पन्ध्र प्रतिशतमा नघट्ने गरी समितिले निर्धारण गरेको रकम दफा ३९क. को उपदफा (१) को खण्ड (क) बमोजिमको साधारण जगेडा कोषमा जम्मा गर्नु पर्नेछ।<br><br>तर साधारण जगेडा कोष र चुक्ता पुँजीको योगफल कुल | |

| | | | | |
|---|---|---|---|---|
| | | बमोजिमको रकम छुट्ट्याएपछि कायम हुन आउने वितरणयोग्य खुद आयको पाँच प्रतिशत रकम मौद्रिक दायित्व कोषमा, दश प्रतिशतमा नघट्ने गरी समितिले तोकेको रकम साधारण जगेडा कोषमा, पाँच प्रतिशत रकम वित्तीय स्थायित्व कोषमा तथा समितिले तोके बमोजिमको रकम खुद सञ्चित बचत कोषमा राख्नु पर्नेछ। | मौद्रिक दायित्वको पन्ध्र प्रतिशत पूरा भएमा साधारण जगेडा कोषमा थप रकम जम्मा गर्नुपर्ने छैन।<br>(ख) समितिले वितरणयोग्य आयको बढीमा पाँच प्रतिशत रकम दफा ३९क. को उपदफा (१) को खण्ड (ग) बमोजिमको वित्तीय विकास कोषमा जम्मा गर्न सक्नेछ।<br>(ग) समितिले वितरणयोग्य आयको बढीमा | |

| | | | | |
|---|---|---|---|---|
| | | (ग) खण्ड (ख) बमोजिम रकम विनियोजन गरिसकेपछि समितिले बाँकी बचतबाट अन्य कोषमा आवश्यकता अनुसार रकम विनियोजन गरी बाँकी रहन आउने रकम नेपाल सरकारमा दाखिला गर्नु पर्नेछ।<br><br>(घ) साधारण जगेडा कोषमा रकम छुट्याउँदा बैङ्कको वार्षिक बजेटमा उल्लेख भएको पुँजीगत | पाँच प्रतिशत रकम दफा ३९क. को उपदफा (१) को खण्ड (घ) बमोजिमको विशेष जगेडा कोषमा जम्मा गर्न सक्नेछ।<br><br>(घ) खण्ड (क), (ख) र (ग) बमोजिमको रकम छुट्याएपछि वितरणयोग्य आयको बाँकी रकमबाट दफा ७५ बमोजिम आर्थिक वर्षको अन्त्यमा नेपाल सरकारले बैङ्कलाई तिर्न बाँकी रहेको कर्जा तथा ब्याज शोधभर्ना | |

| | | | | |
|---|---|---|---|---|
| | | खर्च समेतलाई खाम्ने गरी थप रकम विनियोजन गर्नु पर्नेछ।<br><br>(२) साधारण जगेडा कोष र सञ्चित बचत कोषको रकम बैङ्कको पुँजी वृद्धि गर्नका लागि समेत प्रयोग गर्न सकिनेछ।<br><br>(३) उपदफा (१) र (२) बमोजिम कोषमा जाने रकम बाहेक अन्य रकमका | प्राप्त गरी बाँकी रहेको वितरणयोग्य आय बैङ्कले नेपाल सरकारलाई हस्तान्तरण गर्नेछ।<br><br>(२) उपदफा (१) बमोजिम निर्धारण गरिएदेखि बाहेक अन्य तरिकाबाट बैङ्कको आय वितरण गरिने छैन। | |

| | | | | |
|---|---|---|---|---|
| | | सम्बन्धमा नियममा व्यवस्था भएबमोजिम हुनेछ। | | |
| | | ४२. **<u>खुद व्ययको बाँडफाँटः</u>** (१) कुनै आर्थिक वर्षमा बैङ्कको आयको तुलनामा व्यय बढी भएको अवस्थामा बढी भएको खुद व्यय रकमलाई देहाय बमोजिम बाँडफाँट गर्नु पर्नेछः-<br><br>(क) खुद व्ययमा | ४२. **<u>खुद व्ययको बाँडफाँट</u>** : (१) कुनै आर्थिक वर्षमा पुनर्मूल्याङ्कन नोक्सानी भएमा त्यस्तो नोक्सानीलाई दफा ३९क. को उपदफा (१) को खण्ड (ख) बमोजिमको पुनर्मूल्याङ्कन जगेडा कोष हिसाबबाट व्यहोरिनेछ। त्यस्तो पुनर्मूल्याङ्कन जगेडा कोष हिसाब शून्य भएपश्चात् | नेपाल राष्ट्र बैङ्कलाई नोक्सानी हुन गई पूँजी घट्न गएमा सो पूँजीको पुन व्यवस्थापन गर्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | पुनर्मूल्याङ्कन आय समेत समावेश भएमा पुनर्मूल्याङ्कन आयलाई पुनर्मूल्याङ्कन जगेडा कोषमा राख्नु पर्नेछ।<br><br>(ख) खुद व्ययमा पुनर्मूल्याङ्कन व्यय समेत समावेश भएको अवस्थामा पुनर्मूल्याङ्कन व्ययलाई पुनर्मूल्याङ्कन जगेडा कोषमा खर्च लेख्नु पर्नेछ। पुनर्मूल्याङ्कन जगेडा कोषमा रहेको रकमभन्दा पुनर्मूल्याङ्कन व्यय बढी | त्यस्तो नोक्सानी क्रमशः चालू आर्थिक वर्षको खुद आय, दफा ३९क. को उपदफा (१) को खण्ड (क) साधारण जगेडा कोष र पुँजी बैंकको खाता हिसाबबाट खर्च शोधभर्ना गर्नु पर्नेछ।<br><br>(२) कुनै आर्थिक वर्षमा बैङ्कले पुनर्मूल्याङ्कन नाफा वा नोक्सानी बाहेक खुद नोक्सानी व्यहोर्नु परेमा त्यस्तो नोक्सानीलाई क्रमशः दफा ३९क. को उपदफा (१) को | |

| | | | | |
|---|---|---|---|---|
| | | भएमा बढी भएको व्यय रकमलाई देहायको कोष तथा खातामा प्राथमिकता क्रममा खर्च लेखिनेछः—<br><br>(१) सञ्चित बचत कोषमा जम्मा रहेको रकमसम्म सञ्चित बचत कोषमा,<br><br>(२) उपखण्ड (१) अनुसार सञ्चित बचत कोषमा समायोजन पश्चात् व्यय रकम बाँकी रहेमा | खण्ड (क) बमोजिमको साधारण जगेडा कोष र बैङ्कको पुँजी खाता हिसाबबाट बेहोरिनेछ।<br><br>(३) उपदफा (१) र (२) बमोजिम बैङ्कको पुँजी खाता हिसाबबाट क्रमशः पुनर्मूल्याङ्कन नोक्सानी र खुद नोक्सानी बेहोर्नु परेको कारणबाट बैङ्कको पुँजी घट्न गएमा नेपाल सरकारले सो पुँजी छ महिनाभित्र पुनः कायम गर्नु पर्नेछ। | |

| | | | | |
|---|---|---|---|---|
| | | साधारण जगेडा कोषमा, र<br><br>(३) उपखण्ड (१) र (२) बमोजिम सञ्चित बचत कोष र साधारण जगेडा कोष समायोजन पश्चात् व्यय रकम बाँकी रहेमा पुँजी खातामा।<br><br>(ग) खण्ड (क) बमोजिमको पुनर्मूल्याङ्कन आय र खण्ड (ख) बमोजिमको पुनर्मूल्याङ्कन व्यय बाहेकको सञ्चालन | | |

| | | | | |
|---|---|---|---|---|
| | | तथा अन्य व्ययलाई सञ्चित बचत कोषमा खर्च लेख्नु पर्नेछ।<br><br>(घ) सञ्चित बचत कोषमा जम्मा रहेको रकम भन्दा व्यय रकम बढी भएमा बढी व्यय रकमलाई देहायको कोष तथा खातामा प्राथमिकता क्रममा खर्च लेख्नु पर्नेछः—<br><br>(१) साधारण जगेडा कोषमा रहेको रकमसम्म | | |

| | | | | |
|---|---|---|---|---|
| | | साधारण जगेडा कोषमा,<br><br>(२) उपखण्ड (१) बमोजिम साधारण जगेडा कोषमा समायोजन पश्चात् व्यय रकम बाँकी रहेमा पुँजी खातामा,<br><br>(२) उपदफा (१) बमोजिम व्ययको बाँडफाँट गर्दा समायोजन हुन नसकेको व्यय नेपाल सरकारले व्यहोर्नेछ। | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ४७. | दफा ४४ को सट्टा दफा ४४ राखिएको। | ४४. <u>**मौद्रिक नीतिः**</u> बैङ्कलाई नेपालको मौद्रिक नीति निर्माण गर्ने, कार्यान्वयन गर्ने र गराउने पूर्ण अधिकार हुनेछ। | ४४. <u>**मौद्रिक नीति**</u> **:** (१) बैङ्कलाई नेपालको मौद्रिक नीति निर्माण गर्ने, कार्यान्वयन गर्ने र गराउने अधिकार हुनेछ।<br>(२) बैङ्कको मौद्रिक नीति निर्माण, सोको घोषणा र प्रकाशन प्रत्येक आर्थिक वर्ष सुरु भएको पन्ध्र दिनभित्र गर्नु पर्नेछ।<br>(३) उपदफा (१) | मौद्रिक नीति सम्बन्धमा स्पष्ट व्यवस्था गर्न आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | | बमोजिमको मौद्रिक नीतिमा बैङ्कले त्रैमासिकरूपमा समीक्षा तथा पुनरावलोकन गर्न सक्नेछ। | |
| ४८. | दफा ४९ को उपदफा (१) को खण्ड (ग) पछि खण्ड (ग१) थपिएको। | नभएको | (ग१) पुनर्कर्जा सुविधा उपयोग गर्ने वाणिज्य बैङ्क वा वित्तीय संस्थासँग रहेको असल कर्जा, | पुनर्कर्जा सम्बन्धी व्यवस्थालाई थप स्पष्ट पार्न आवश्यक भएको। |
| ४९. | दफा ४९ को उपदफा (२) र (३) मा संशोधन | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले सर्वसाधारणको हित र | झिकिएको। | कर्जा प्रवाह सम्बन्धी विषयलाई व्यवस्थित गर्न आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | कल्याणका लागि कर्जा प्रवाह गर्न उपयुक्त देखी बैङ्कलाई अनुरोध गरेको खण्डमा र त्यस्तो कर्जाको नेपाल सरकारले प्रचलित बजार दरको सुरक्षणपत्रको ग्यारेन्टी दिएमा वा अन्तिम ऋणदाताको रुपमा कार्य गर्नु पर्दा बैङ्कले असाधारण अवस्थामा बढीमा एक वर्षसम्मका लागि वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई कुनै पनि | | |

| | | | | |
|---|---|---|---|---|
| | | किसिमको कर्जा प्रवाह गर्न सक्नेछ। | | |
| | | (३) उपदफा (१) वा (२) बमोजिम प्रदान गरिएको कर्जा तोकिए बमोजिमका शर्तहरुको अधीनमा रही थप एक वर्षका लागि नवीकरण गर्न सकिनेछ। | उपदफा (३) मा रहेका "वा (२)" भन्ने शब्दहरू झिकिएका छन्। | कानूनी तर्जुमाको दृष्टिकोणले मिलाउन उपयुक्त भएको। |
| ५०. | दफा ४९ पछि दफा ४९क. थपिएको। | नभएको | ४९क. **अन्तिम ऋणदाताको रूपमा ऋण प्रदान गर्ने :** (१) बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित | तरलता व्यवस्थापन गर्न नसकी प्रणालीगत जोखिममा रहन सक्ने बैङ्कलाई त्यस्तो जोखिमबाट मुक्त |

| | | | | |
|---|---|---|---|---|
| | | | कानूनबमोजिम इजाजतप्राप्त संस्थाले उपलब्ध उपकरणको माध्यमबाट आवश्यक तरलता व्यवस्थापन गर्न नसकी तत्कालको दायित्व पूरा गर्न असमर्थ भई प्रणालीगत जोखिम सृजना हुने र बैङ्किङ् प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयतामा कमी आउन सक्ने जोखिम देखिएमा वित्तीय दायित्व खाम्नसक्ने क्षमता भएका वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई दफा ४९ | गराई सर्वसाधारणको बैङ्क तथा वित्तीय संस्था प्रतिको विश्वसनीयता अभिवृद्धि गर्न आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | | को उपदफा (१) बमोजिमको जायजेथाको सुरक्षणमा अन्तिम ऋणदाताको रूपमा बैङ्कले ऋण प्रदान गर्न सक्नेछ।<br><br>(२) उपदफा (१) बमोजिम इजाजतप्राप्त संस्थालाई अन्तिम ऋणदाताको रूपमा प्रदान गरिएको ऋणको अवधि बढीमा एक सय असी दिनको हुनेछ।<br><br>(३) उपदफा (१) बमोजिम प्रदान गरिएको ऋणको व्याजदर तथा अन्य शर्त | |

| | | | | |
|---|---|---|---|---|
| | | | बैङ्कले तोकेबमोजिम हुनेछ। | |
| ५१. | दफा ५१ को उपदफा (२) पछि उपदफा (३) थपिएको | नभएको | (३) बैङ्कले रुपैयाँलाई कुनै सङ्केत निर्धारण गरी प्रयोगमा ल्याउन सक्नेछ। | मुद्रा निष्कासन तथा प्रयोग कार्यलाई प्रभावकारी बनाउन आवश्यक भएको। |
| ५२. | दफा ५२ को उपदफा (२) मा संशोधन | (२) उपदफा (१) बमोजिम बैङ्कले नोट निष्कासन गर्दा सुरक्षण राखेर मात्र निष्कासन गर्नेछ र यस्तो निष्कासित नोटको दायित्व सुरक्षण बापत राखिएको सम्पत्तिको | उपदफा (२) को ठाउँ ठाउँमा रहेका "(मोहर, डबल र सोभन्दा बढी दरको)" भन्ने शब्दहरू झिकिएका छन्। | |

| | | | | |
|---|---|---|---|---|
| | | मूल्य बराबर हुनेछ। सुरक्षण बापत राखिने सम्पत्तिको कमसेकम पचास प्रतिशत सुन, चाँदी, विदेशी मुद्रा, विदेशी धितोपत्र र विदेशी विनिमेय अधिकारपत्रमध्ये एक वा एक भन्दा बढीमा र अरु बाँकी प्रतिशत सिक्का **(मोहर, डबल र सो भन्दा बढी दरको)**, नेपाल सरकारले निष्कासन गरेको ऋणपत्र र बैङ्कबाट पुनः भुक्तानी | | |

| | | | | |
|---|---|---|---|---|
| | | दिएको बढीमा अठार महिनाभित्र नेपालमा नै भुक्तानी हुने प्रतिज्ञापत्र वा विनिमयपत्रमध्ये एक वा एक भन्दा बढीमा राखिनेछ।<br><br>तर नेपाल सरकारले स्वीकृति दिएमा सुरक्षण बापत राखिने सम्पत्तिको कमसेकम चालीस प्रतिशत सुन, चाँदी, विदेशी मुद्रा, विदेशी धितोपत्र र विदेशी विनिमेय | | |

| | | | | |
|---|---|---|---|---|
| | | अधिकारपत्रमध्ये एक वा एक भन्दा बढीमा र अरु बाँकी प्रतिशत नेपाली सिक्का **(मोहर, डबल र सो सो भन्दा बढी दरको)**, नेपाल सरकारले निष्कासन गरेको ऋणपत्र र बैङ्कबाट पुनः भुक्तानी दिएको बढीमा अठार महिनाभित्र नेपालमा नै भुक्तानी हुने प्रतिज्ञापत्र वा विनिमयपत्रमध्ये एक वा एक भन्दा बढीमा पनि राख्न सकिनेछ। | | |

| | | | | |
|---|---|---|---|---|
| ५३. | दफा ५२ को उपदफा (६) को सट्टा उपदफा (६) राखिएको। | (६) च्यातिएको, मेटिएको अथवा झुत्रिएको नोट बैङ्कले पुनः निष्कासन गर्ने छैन। | (६) च्यातिएको, मेटिएको वा झुत्रिएको बैङ्क नोट वा प्रयोग गर्न निषेध गरिएको बैङ्क नोट वा डिजिटल करेन्सी बैङ्कले पुनः निष्कासन गर्ने वा चलनचल्तीमा ल्याउने छैन। | |
| ५४. | दफा ५३ र ५५ को सट्टा दफा ५३ र ५५ राखिएको | **५३. <u>बैङ्क नोट तथा सिक्का सर्वस्वीकार्य हुनेः</u>** बैङ्कद्वारा कानुनी ग्राह्य बनाई नेपालभित्र निष्कासन गरिएका बैङ्क नोट तथा सिक्का सबै किसिमको | **५३. <u>करेन्सी सर्वस्वीकार्य हुने</u>** : बैङ्कद्वारा कानूनी ग्राह्य बनाई नेपालभित्र निष्कासन गरिएको बैङ्क नोट, सिक्का वा डिजिटल करेन्सी सबै किसिमको सार्वजनिक वा | बैङ्क नोट, सिक्का वा करेन्सीलाई सर्वस्वीकार्य बनाउन आवश्यक व्यवस्था गर्न उपयुक्त हुने भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | सार्वजनिक तथा व्यक्तिगत ऋण चुक्ता गर्न त्यस्तो नोट वा सिक्कामा अङ्कित रकमसम्मको निमित्त सर्वस्वीकार्य हुनेछ। | व्यक्तिगत ऋण चुक्ता गर्न त्यस्तो नोट, सिक्का वा डिजिटल करेन्सीमा अङ्किकत रकमसम्मको लागि सर्वस्वीकार्य हुनेछ। | |
| | | **५५. <u>मुद्रा निष्कासन र सुरक्षाः</u>** बैङ्क नोट छाप्ने र टकमार्ने व्यवस्था गर्ने, जारी नगरिएको बैङ्क नोट र सिक्कालाई समुचित रुपमा राखी सुरक्षा प्रदान गर्ने र चलनचल्तीमा नरहेको | ५५. **<u>करेन्सी निष्कासन र सुरक्षा</u>** : बैङ्क नोट छाप्ने, डिजिटल करेन्सी जारी गर्ने र टकमरी गर्ने, जारी नगरिएको बैङ्क नोट, सिक्का र डिजिटल करेन्सीलाई समुचित रूपमा राखी सुरक्षा प्रदान | बैङ्क नोट, सिक्का वा करेन्सीको निष्कासन तथा सुरक्षा प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्था गर्न उपयुक्त हुने भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | पुरानो बैङ्क नोट वा सिक्का, प्लेट र डाईलाई सुरक्षित राख्ने वा नष्ट गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | गर्ने, चलनचल्तीमा नरहेको पुरानो बैङ्क नोट वा डिजिटल करेन्सी वा सिक्का, प्लेट र डाईलाई ऐतिहासिक अभिलेखको लागि मुद्रा सङ्ग्रहालयमा सुरक्षित राख्ने, प्लेट र डाई तथा उत्पादनको क्रममा प्रयोग गरिएको अन्य सामग्री, नोट र डिजिटल करेन्सी नष्ट गर्ने सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ। | |

| | | | | |
|---|---|---|---|---|
| ५५. | दफा ५६ मा संशोधन | **५६. <u>मुद्राको सटही व्यवस्था:</u>** बैङ्कले कुनै शुल्क वा दस्तुर नलिई नेपालभित्र कानूनी ग्राह्य हुने बैङ्क नोट वा सिक्कालाई समान मूल्यको एकै वा विभिन्न दरको बैङ्क नोट वा सिक्कासँग सटही गरिदिनेछ। | दफा ५६ को ठाउँ ठाउँमा रहेका "बैङ्क नोट वा सिक्का" भन्ने शब्दहरूको सट्टा "बैङ्क नोट, डिजिटल करेन्सी वा सिक्का" भन्ने शब्दहरू राखिएका छन्। | मुद्रा साट्न सकिने स्पष्ट व्यवस्था गर्न आवश्यक भएको। |
| ५६. | दफा ५७ को उपदफा (२) को सट्टा उपदफा (२) राखिएको | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बैङ्कले डिजाइन मेटिएको, च्यातिएको, विकृत | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले डिजाइन मेटिएको, विकृत भएको वा पचास | |

| | | | | |
|---|---|---|---|---|
| | | वा पचास प्रतिशतभन्दा बढी भाग नभएको बैङ्क नोट वा सिक्का सटही गर्न इनकार गर्न सक्नेछ। | प्रतिशतभन्दा बढी भाग नभएको कारण दोहोरो भुक्तानी जानसक्ने बैङ्क नोट, डिजिटल करेन्सी वा खोटो मुद्रा सटही गर्न इन्कार गर्न सक्नेछ। | |
| ५७. | दफा ५९, ६० र ६१ मा संशोधन | **५९. <u>जारी भएको मुद्राको हिसाब राख्ने</u>:** बैङ्कले चलन चल्तीमा रहेको कुल बैङ्क नोटलाई आफ्नो हिसाबमा मौद्रिक दायित्वको रुपमा छुट्टै देखाउनु पर्नेछ। यस्तो स्टकमा रहेको अथवा चलनचल्तीमा आई | दफा ५९ को ठाउँ ठाउँमा रहेका “बैङ्क नोट” भन्ने शब्दहरूको सट्टा “बैङ्क नोट वा डिजिटल करेन्सी” भन्ने शब्दहरू राखिएका छन्। | बैङ्कले जारी गरेको मुद्राको व्यवस्थापन प्रक्रियालाई प्रभावकारी बनाउन आवश्यक रहेको। |

| | | | | |
|---|---|---|---|---|
| | | नसकेको बैङ्क नोट दायित्व अन्तर्गत पर्ने छैन। | | |
| | | ६०. **<u>जारी गरिएको मुद्रा खिच्ने वा फिर्ता लिने:</u>** (१) बैङ्कले नेपाल भित्र चलनचल्तीमा रहेका बैङ्क नोट तथा सिक्का सोधभर्ना दिने गरी खिच्न वा फिर्ता लिन सक्नेछ। त्यसरी खिच्ने वा फिर्ता लिने बैङ्क नोट तथा सिक्का कति दिनभित्र बैङ्कको कुन कार्यालयमा सट्टाभर्नाका | दफा ६० को ठाउँ ठाउँमा रहेका "बैङ्क नोट" भन्ने शब्दहरूको सट्टा "बैङ्क नोट, डिजिटल करेन्सी" भन्ने शब्दहरू राखिएका छन्। | |

| | | | | |
|---|---|---|---|---|
| | | लागि पेश गर्ने भन्ने व्यहोरा स्पष्टरुपमा किटान गरी बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गर्नेछ।<br><br>(२) दफा ५३ मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि उपदफा (१) बमोजिम तोकिएको समय समाप्त भएपछि सट्टाभर्ना गर्नु पर्ने बैङ्क नोट तथा सिक्का कानूनी ग्राह्य हुने | | |

| | | | | |
|---|---|---|---|---|
| | | छैन।<br><br>(३) बैङ्कले उपदफा (१) बमोजिम चलनचल्तीबाट खिचेका बैङ्क नोट तथा सिक्का तथा त्रुटियुक्त मुद्रा तोकिए बमोजिम धुल्याउन, काट्न, फुटाउन वा अन्य कुनै पनि किसिमले नष्ट गर्न सक्नेछ। | | |
| | | ६१. <u>प्रतिलिपि र जाली मुद्रा:</u> (१) कसैले पनि देहाय बमोजिमको कुनै | उपदफा (१) र ९२० को ठाउँ ठाउँमा रहेका “बैङ्क नोट” भन्ने शब्दहरूको सट्टा | नेपालभित्र चलनचल्तीमा रहेका कानूनी ग्राह्य बैङ्क नोट, डिजिटल करेन्सी तथा |

| | | | | |
|---|---|---|---|---|
| | | काम कुरा गर्न, गराउन हुँदैनः—<br><br>(क) नेपालभित्र चलनचल्तीमा रहेका कानूनी ग्राह्य बैङ्क नोट तथा सिक्का वा चेक वा भुक्तानी कार्डको जालसाजीवा कीर्ते गरी वा रुप फेरी वा अन्य कुनै प्रकारले नक्कली मुद्रा बनाउन वा सो को प्रतिलिपि बनाउन वा सो सम्बन्धी कुनै कार्य गर्न वा | "बैङ्क नोट, डिजिटल करेन्सी" भन्ने शब्दहरू राखिएका छन्।<br><br>उपदफा (३) मा रहेका "जाली नोट" भन्ने शब्दहरूको सट्टा "जाली नोट वा डिजिटल करेन्सी" भन्ने शब्दहरू राखिएका छन्। | सिक्का वा चेक वा भुक्तानी कार्डको जालसाजी वा कीर्ते गर्ने कार्यलाई नियन्त्रण गर्न आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | त्यस्तो कुनै कार्यमा सघाउ पुऱ्याउन, वा<br><br>(ख) बैङ्क नोट वा सिक्का, चेक वा भुक्तानी कार्ड, नक्कली, झुत्रा, कीर्ते वा जालसाजी गरी वा रुप फेरेर बनाएको हो भन्ने थाहा पाई पाई पनि त्यस्ता बैङ्क नोट वा सिक्का वा चेक वा भुक्तानी कार्ड कसैले आफूसँग राख्न, ओसार पसार गर्न वा जारी गर्न वा त्यस्तो कुनै कार्यमा | | |

| | | | | |
|---|---|---|---|---|
| | | सघाउ पुऱ्याउन, वा<br><br>(ग) बैङ्क नोट वा सिक्का, चेक वा भुक्तानी कार्ड, नक्कली, झुट्टा, कीर्ते वा जालसाजी वा रुप फेरेर बनाउनका लागि प्रयोग हुँदैछ भन्ने जानी जानी कुनै धातुको पाता, ढुङ्गा, कागज, डाई वा अन्य कुनै वस्तु वा पदार्थ कसैले आफ्नो साथमा राख्न, उत्पादन गर्न वा ओसार पसार गर्न वा त्यस्तो कुनै | | |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यमा सघाउ पुऱ्याउन।<br><br>(२) नेपाली रुपैयाँमा अङ्कित मूल्यको बैङ्क नोट, सिक्का, चेक वा भुक्तानी कार्डको प्रतिलिपि उतार गर्दा र कुनै वस्तुको सृजना गर्दा त्यस्तो वस्तुको बनावट कुनै किसिमबाट बैङ्क नोट, सिक्का, चेक वा भुक्तानी कार्डसित मिल्न जाने भएमा सो गर्नु भन्दा पहिले बैङ्कको पूर्व | | |

| | | | | |
|---|---|---|---|---|
| | | स्वीकृति लिनु पर्नेछ। | | |
| ५८. | दफा ७५ को उपदफा (२) को सट्टा उपदफा (२) राखिएको। | (२) यस दफाको अधीनमा रही बैङ्कले एक सय असी दिनभित्र चुक्ता हुने गरी नेपाल सरकारलाई कर्जा प्रदान गर्न सक्नेछ। | (२) यस दफाको अधीनमा रही बैङ्कले उपदफा (५) बमोजिम नेपाल सरकारलाई अधिविकर्ष (ओभरड्राफ्ट) को रूपमा ऋण प्रवाह गर्न तथा उपदफा (७) बमोजिम नेपाल सरकारले जारी गरेको ऋणपत्र खरिद गर्न सक्नेछ। | नेपाल राष्ट्र बैङ्कले नेपाल सरकारलाई कर्जा उपलब्ध गराउने कार्यलाई व्यवस्थित गर्न आवश्यक भएको। |
| ५९. | दफा ७५ को उपदफा (३) मा संशोधन। | (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए | उपदफा (३) मा रहेको “विशेष” भन्ने शब्द | |

| | | | | |
|---|---|---|---|---|
| | | तापनि नेपालले कुनै अन्तर्राष्ट्रिय संस्थाको सदस्य हुँदा तिर्नु पर्ने दस्तुर वा सोसँग सम्बन्धित भुक्तानीको लागि लामो अवधिको कर्जा बैङ्कले नेपाल सरकारलाई प्रदान गर्न सक्नेछ। | झिकिएको छ। | |
| ६०. | दफा ७५ को उपदफा (४), (५) र (६) को सट्टा उपदफा (४), (५) र (६) राखिएको। | (४) बैङ्कले नेपाल सरकार वा नेपाल सरकारको पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएको संस्थालाई प्रदान | (४) नेपाल सरकार वा नेपाल सरकारको पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएको संस्थालाई प्रदान गर्ने अधिविकर्ष कर्जा नेपाली | |

| | | | | |
|---|---|---|---|---|
| | | गर्ने कर्जा नेपाली रुपैयाँमा मात्र भुक्तानी गर्नेछ। यसरी प्रदान गरिएको कर्जाको लागि नेपाल सरकारले सो कर्जा रकम बराबरको विनिमेय ऋणपत्र जारी गरी बैङ्कलाई प्रदान गर्नेछ। त्यस्तो ऋणपत्रको भुक्तानी अवधि कर्जा अवधिलाई खाम्ने र प्रचलित ब्याज दरको हुनु पर्नेछ। यसरी बैङ्कले नेपाल सरकारलाई प्रदान | रुपैयाँमा भुक्तानी गर्नेछ। | |

| | | | | |
|---|---|---|---|---|
| | | गर्ने सबै कर्जाका सम्बन्धमा बैङ्क र नेपाल सरकारका बीच लिखित सम्झौता हुनेछ। उक्त लिखित सम्झौतामा कर्जाको कुल रकम वा सीमा, त्यसको शर्त, भुक्तानी अवधि, ब्याज दर तथा अन्य दस्तुरको सम्बन्धमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ।<br><br>स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "विनिमेय ऋणपत्र" भन्नाले प्रमिसरी | | |

| | | | | |
|---|---|---|---|---|
| | | नोटको रुपमा जारी भएको ऋणपत्र सम्झनु पर्छ। | | |
| | | (५) बैङ्कले नेपाल सरकारलाई प्रवाह गरेको अधिविकर्ष कुनै पनि समयमा नेपाल सरकारको अघिल्लो आर्थिक वर्षको राजस्व आयको पाँच प्रतिशत भन्दा बढी हुने छैन। यस्तो राजस्व आयको गणना गर्दा ऋण सापटी, आर्थिक अनुदान वा अन्य कुनै पनि किसिमका | (५) बैङ्कले नेपाल सरकार वा नेपाल सरकारको पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएका संस्थालाई प्रवाह गरेको अधिविकर्ष कुनै पनि समयमा नेपाल सरकारको अघिल्लो आर्थिक वर्षको राजश्व आयको पाँच प्रतिशतभन्दा बढी हुनेछैन। | |

| | | | | |
|---|---|---|---|---|
| | | आर्थिक सहयोग तथा सम्पत्ति बिक्रीबाट भएको आर्जन समावेश हुने छैन। | | |
| | | (६) उपदफा (५) बमोजिमको अधिविकर्षको भुक्तानी नेपाल सरकारले एक सय असी दिनभित्र प्रचलित बजार ब्याज दरमा नगद वा बजारयोग्य ऋणपत्र मार्फत गर्नु पर्नेछ। | (६) उपदफा (५) बमोजिमको राजस्व आयको गणना गर्दा ऋण सापटी, आर्थिक अनुपात वा अन्य कुनै पनि किसिमको आर्थिक सहयोग तथा सम्पत्ति बिक्रीबाट भएको आर्जन समावेश हुनेछैन। | |
| ६१. | दफा ७५ को उपदफा | नभएको | (६क) उपदफा (५) बमोजिमको | नेपाल राष्ट्र बैङ्कले नेपाल |

| | | | | |
|---|---|---|---|---|
| | (६) पछि उपदफा (६क), (६ख), (६ग) र (६घ) थपिएको। | | अधिविकर्षलाई नेपाल सरकारबाट जारी भएको विनिमय योग्य ऋण उपकरण (नेगोसिएवल डेब्ट इन्स्ट्रयुमेन्ट) को रूपमा प्रमाणित गरी बैङ्कलाई बुझाउनु पर्नेछ।<br>(६ख) उपदफा (४) बमोजिम नेपाल सरकार वा नेपाल सरकारको पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएको संस्थालाई ऋण दिएको अधिविकर्षको ऋणपत्रको | सरकार वा नेपाल सरकारको पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएको संस्थालाई ऋण तथा कर्जा दिने कार्यलाई व्यवस्थित गर्न आवश्यक रहेको। |

| | | | | |
|---|---|---|---|---|
| | | | अवधि अधिविकर्षको अवधि बराबर र ब्याजदर बैङ्क दर बराबर हुनु पर्नेछ। | |
| | | | (६ग) यस दफा बमोजिम नेपाल सरकार वा नेपाल सरकारको पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएको संस्थालाई अधिविकर्षको प्रदान गर्दा लिखित सम्झौता गरी सो सम्झौतामा अधिविकर्षको मूलधन रकम, परिपक्वता अवधि, ब्याज दर तथा अन्य शुल्कहरू उल्लेख गर्नु | |

| | | | | |
|---|---|---|---|---|
| | | | पर्नेछ। | |
| | | | (६घ) उपदफा (२) बमोजिमको अधिविकर्षको भुक्तानी नेपाल सरकारले एक सय असी दिनभित्र प्रचलित बजार ब्याजदरमा नगद वा बजारयोग्य ऋणपत्र मार्फत गर्नु पर्नेछ र त्यस्तो बजारयोग्य ऋणपत्रको अवधि एक सय असी दिनभन्दा बढी हुनेछैन। | |
| ६२. | दफा ७५ को उपदफा | (७) बैङ्कले नेपाल सरकारबाट खरिद गरी | उपदफा (७) मा रहेका “अघिल्लो आर्थिक वर्षको” | |

| | | | | |
|---|---|---|---|---|
| | (७) मा संशोधन। | आफ्नो स्वामित्वमा लिएको ऋणपत्रको कुल रकम अघिल्लो आर्थिक वर्षको राजस्व आयको दश प्रतिशत भन्दा बढी हुने छैन। | भन्ने शब्दहरूको सट्टा "विगत तीन आर्थिक वर्षको औषत" भन्ने शब्दहरू राखिएका छन्। | |
| ६३. | उपदफा (८) को खण्ड (ख) मा प्रतिबन्धात्मक वाक्यांश थपिएको। | नभएको | उपदफा (८) को खण्ड (ख) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-<br><br>"तर यस खण्ड बमोजिम प्राथमिक निष्काशनको | |

| | | | | |
|---|---|---|---|---|
| | | | समयमा बैङ्कबाट खरिद गरिने ऋणपत्रको अधिकतम रकम अघिल्लो तीन आर्थिक वर्षको औषत राजस्व आयको पाँच प्रतिशतभन्दा बढी हुने छैन।" | |
| ६४. | दफा ७९ को उपदफा (५) पछि उपदफा (६), (७) र (८) थपिएको। | नभएको | (६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निक्षेप सङ्कलन गर्ने वा नगर्ने गरी प्रचलित कानूनबमोजिम स्थापित वित्तीय कारोबार गर्ने संस्थाको बैङ्कले नियमन तथा | वित्तीय कारोबार गर्ने बैङ्क तथा वित्तीय संस्थाको नियमन गर्ने कार्यलाई प्रभावकारी बनाउन आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | | सुपरीवेक्षण गर्नेछ। | |
| | | | (७) उपदफा (६) बमोजिम नियमन तथा सुपरीवेक्षण गर्ने सम्बन्धमा बैङ्कले आवश्यक देखेका विषयमा नियम तथा विनियम बनाउन र आवश्यक आदेश, निर्देशन तथा सूचना जारी गर्न सक्नेछ। | |
| | | | (८) उपदफा (७) बमोजिम बनाएको नियम तथा विनियम र जारी भएको आदेश, निर्देशन तथा सूचनाको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य | |

| | | | | |
|---|---|---|---|---|
| | | | हुनेछ। | |
| ६५. | दफा ८४ को उपदफा (२) पछि उपदफा (२क), (२ख) र (२ग) थपिएको। | नभएको | (२क) बैङ्कले वाणिज्य बैङ्क वा वित्तीय संस्था वा निक्षेप सङ्कलन गर्ने वा नगर्ने गरी प्रचलित कानूनबमोजिम स्थापित वित्तीय कारोबार गर्ने संस्था वा दफा ५ को उपदफा (१) को खण्ड (च२) बमोजिमको सहकारी संस्था वा वाणिज्य बैङ्क वा वित्तीय संस्थाको स्वदेश वा विदेशस्थित सहायक कम्पनी वा त्यस्तो वाणिज्य बैङ्क वा | |

| | | | | |
|---|---|---|---|---|
| | | | वित्तीय संस्था वा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सहायक कम्पनीमा प्रत्यक्ष वित्तीय स्वार्थ रहेको सम्बद्ध व्यक्ति, फर्म, कम्पनी वा संस्थाको समष्टिगत निरीक्षण तथा सुपरीवेक्षण गर्नेछ। | |
| | | | (२ख) बैङ्कले निरीक्षण तथा सुपरीवेक्षण गर्न अन्य नियामक निकायसँग सम्झौता गरी आवश्यक सूचना तथा वित्तीय विवरण आदान-प्रदान | |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्न सक्नेछ। | |
| | | | (२ग) उपदफा (२क) बमोजिमको समष्टिगत निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी अन्य व्यवस्था बैङ्कले निर्धारण गरेबमोजिम हुनेछ। | |
| ६६. | दफा ८४ को उपदफा (३) मा संशोधन। | उपदफा (२) बमोजिम निरिक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारी वा विशेषज्ञ वा बैङ्कले मागेका लगत, तथ्याङ्क, विवरण, सूचना, | उपदफा (३) मा रहेका "उपदफा (२) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपदफा (२), (२क), (२ख) र (२ग) बमोजिम" भन्ने शब्दहरू राखिएका | |

| | | | | |
|---|---|---|---|---|
| | | कम्प्यूटर अडिटको लागि आवश्यक पर्ने विवरण तथा अन्य विद्युतीय माध्यमबाट श्रृजना गरिएका कार्यक्रम, विवरण र वित्तीय नियन्त्रण प्रणाली वा आवश्यक अन्य कुनै कागजात त्यस्तो अधिकारी, विशेषज्ञ वा बैङ्कले तोकेको समयभित्र त्यस्तो अधिकारी, विशेषज्ञ वा बैङ्कलाई उपलब्ध गराउने, हेर्न वा जाँच्न दिने कर्तव्य सम्बन्धित वाणिज्य | छन्। | |

| | | | | |
|---|---|---|---|---|
| | | बैङ्क र वित्तीय संस्था वा त्यस्तो वाणिज्य बैङ्क र वित्तीय संस्थाको सञ्चालक, पदाधिकारी वा कर्मचारी हुनेछ। | | |
| ६७. | दफा ८६क. को सट्टा दफा ८६क. राखिएको। | **८६क. <u>वाणिज्य बैङ्क वा वित्तीय संस्थाले बैङ्कलाई जानकारी गराउनु पर्नेः</u>** कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था प्रचलित कानून बमोजिम दामासाही वा खारेजीमा पर्ने अवस्था भएमा वा त्यस्तो बैङ्क वा | **८६क. <u>बैङ्कलाई जानकारी गराउनु पर्ने</u>** : (१) वाणिज्य बैङ्क वा वित्तीय संस्था प्रचलित कानूनबमोजिम दामासाही वा खारेजीमा पर्ने अवस्था भएमा वा त्यस्तो बैङ्क वा वित्तीय संस्थाले भुक्तानी गर्नुपर्ने कुनै रकम | बैङ्क तथा वित्तीय संस्थालाई समस्याग्रस्त घोषणा गरी सोको व्यवस्थापन गर्न आवश्यक रहेको। |

| | | | | |
|---|---|---|---|---|
| | | वित्तीय संस्थाले भुक्तानी गर्नुपर्ने कुनै रकम भुक्तानी गर्न नसक्ने वा पूरा गर्नुपर्ने कुनै वा सबै दायित्व पूरा गर्न उल्लेखनीयरुपमा (म्याटेरियल्ली) असमर्थ भएमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाले सोको जानकारी बैङ्कलाई पन्ध्र दिनभित्र अविलम्व गराउनु पर्नेछ। | भुक्तानी गर्न नसक्ने वा पूरा गर्नुपर्ने कुनै वा सबै दायित्व पूरा गर्न उल्लेखनीय रूपमा (म्याटेरियल्ली) असमर्थ भएमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाले सोको जानकारी बैङ्कलाई तत्काल गराउनु पर्नेछ।<br>(२) बैङ्कले एकल वा सामुहिक रूपमा दफा 86ख. बमोजिम समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई वित्तीय सङ्कटको अवस्थामा | |

| | | | | |
|---|---|---|---|---|
| | | | शीघ्र सुधार गर्न सम्बन्धित बैङ्क वा वित्तीय संस्थाको सञ्चालक समितिबाट कार्ययोजना स्वीकृत गराई आवधिक रूपमा बैङ्कसमक्ष पेश गर्न आदेश दिन सक्नेछ।<br><br>(३) उपदफा (२) बमोजिमको कार्ययोजनामा समावेश गर्नुपर्ने आवश्यक विषयहरू बैङ्कले तोक्न सक्नेछ।<br><br>(४) उपदफा (२) बमोजिम पेस भएको कार्ययोजना | |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा बैङ्कले सो बाधा अडकाउ फुकाउन आवश्यक निर्देशन दिन सक्नेछ। | |
| ६८. | दफा ८६ख. को खण्ड (ग), (च), (छ) र (ञ) मा संशोधन। | **८६ख. <u>वाणिज्य बैङ्क वा वित्तीय संस्था समस्याग्रस्त भएको मानिने</u>:** दफा ८६क. बमोजिमको जानकारी बैङ्कले प्राप्त गरेकोमा वा दफा ८४ बमोजिमको निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदनबाट वा अन्य कुनै | दफा ८६ख. मा रहेका “कुनै अवस्था विद्यमान रहेको” भन्ने शब्दहरू पछि “वा हुन सक्ने” भन्ने शब्दहरू थपी सोही दफाको,- | |

| | | | | |
|---|---|---|---|---|
| | | पनि तवरबाट कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थामा देहायको कुनै अवस्था विद्यमान रहेको कुरामा बैङ्क विश्वस्त भएमा बैङ्कले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई लिखित सूचना दिई समस्याग्रस्त भएको वाणिज्य बैङ्क वा वित्तीय संस्थाको रुपमा घोषणा गर्नेछः- | | |
| | | (ग) दामासाहीमा परेको वा पर्न लागेको वा उन्लेखनीय | (१) खण्ड (ग) झिकिएको | |

| | | | | |
|---|---|---|---|---|
| | | रुपमा आर्थिक कठिनाई भोगिरहेको भएमा, | छ। | |
| | | (च) यस ऐन, वाणिज्य बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून तथा बैङ्कले समय-समयमा दिएको निर्देशन बमोजिमको न्यूनतम पूँजी कोष कायम गर्न नसकेमा, | (२) खण्ड (च) मा रहेका "न्यूनतम पुँजी कोष कायम गर्न नसकेमा" भन्ने शब्दहरू पछि "वा गर्न नसक्ने कुरामा बैङ्क विश्वस्त भएमा" भन्ने शब्दहरू थपिएका छन्। | |
| | | (छ) प्रचलित कानून बमोजिम कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको | (३) खण्ड (छ) झिकिएको छ। | |

| | | | | |
|---|---|---|---|---|
| | | खारेजी (लिक्विडेशन) वा फरफारख वा दामासाही सम्बन्धी कानूनी कारबाही अघि बढाइएको भएमा, | | |
| | | (ञ) वाणिज्य बैङ्क वा वित्तीय संस्थाले आफूले गर्नुपर्ने भुक्तानी वा पूरा गर्नुपर्ने दायित्व वा काम कर्तव्यमा प्रतिकुल असर पार्ने अवस्था विद्यमान भएको कुरामा बैङ्क विश्वस्त भएमा। | (४) खण्ड (ञ) मा रहेका "प्रतिकुल असर पार्ने अवस्था विद्यमान भएको" भन्ने शब्दहरू पछि "वा हुन सक्ने" भन्ने शब्दहरू थपिएका छन्। | |

| | | | | |
|---|---|---|---|---|
| ६९. | दफा ८६ग. उपदफा (१) मा संशोधन। | (१) दफा ८६ख. बमोजिम बैङ्कले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था समस्याग्रत भएको घोषणा गरेमा कम्पनी ऐन तथा **अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि** त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई वा सम्वन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको | (१) उपदफा (१) मा रहेका "अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरू पछि "वाणिज्य बैङ्क वा वित्तीय संस्थाको पुनर्संरचना गर्न" भन्ने शब्दहरू थपी सोही उपदफाको,- | |

| | | | | |
|---|---|---|---|---|
| | | सञ्चालक समितिलाई बैङ्कले देहायको कुनै वा सबै कारबाही गर्ने आदेश दिन सक्नेछः- | | |
| | | (ख) शेयरधनीहरुको मताधिकार वा **अन्य अधिकारहरु आवश्यकता अनुसार** निलम्बन गर्ने, | (क) खण्ड (ख) मा रहेका "अन्य अधिकारहरू आवश्यकता अनुसार" भन्ने शब्दहरू पछि "समस्याग्रस्त अवस्था रहेसम्म" भन्ने शब्दहरू थपिएका छन्। | |
| | | (च) निक्षेप स्वीकार, कर्जा प्रवाह वा लगानीमा | (ख) खण्ड (च) मा रहेका "प्रतिबन्ध लगाउने वा सोको" | |

| | | | | |
|---|---|---|---|---|
| | | **प्रतिबन्ध लगाउने वा सोको** सीमा तोक्ने, | भन्ने शब्दहरू झिकिएका छन्। | |
| | | (ट) वाणिज्य बैङ्क वा वित्तीय संस्थाले गर्न पाउने कार्यहरुमध्ये कुनै खास प्रकृतिको काम कारबाही **कुनै खास अवधिका लागि गर्न रोक लगाउने,** | (ग) खण्ड (ट) मा रहेका "कुनै खास अवधिका लागि गर्न रोक लगाउने" भन्ने शब्दहरूको सट्टा "बैङ्कले तोकेको अवधिका लागि रोक लगाउने" भन्ने शब्दहरू राखिएका छन्। | |
| ७०. | दफा ८६ग. उपदफा (५) मा संशोधन। | (५) उपदफा (१) को खण्ड (ण) बमोजिम बैङ्कले दिएको आदेशको अवधि बैङ्कले अर्को त्यस्तै | (२) उपदफा (५) मा रहेका "दुई वर्षसम्म" भन्ने शब्दहरूको सट्टा "एक वर्षसम्म" भन्ने शब्दहरू राखिएका छन्। | |

| | | | | |
|---|---|---|---|---|
| | | आदेशद्वारा थप नगरेसम्म सामान्यतया **दुई वर्षसम्म** कायम रहनेछ। | | |
| ७१. | दफा ८६घ. मा संशोधन। | (१) दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिमको आदेश दिई बैङ्कले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई सोको व्यवस्थापन तथा कारोबार सञ्चालन गर्दा गराउँदाको अवस्थामा त्यस्तो वाणिज्य | दफा ८६घ. को उपदफा (१) मा रहेका "दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिमको आदेश दिई" भन्ने शब्दहरू पछि "पुनःसञ्चालन गर्ने उद्देश्यले वाणिज्य बैङ्क वा वित्तीय संस्थाको पुनर्संरचना गर्न" भन्ने शब्दहरू थपिएका छन्। | |

| | | | | |
|---|---|---|---|---|
| | | बैङ्क वा वित्तीय संस्थाका सञ्चालक, व्यवस्थापक तथा कर्मचारीले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति, जयजेथा तथा सम्पूर्ण कारोबार या सोको विवरण र कारोबार सञ्चालन गर्न आवश्यकपर्ने सम्पूर्ण सहयोग तथा सुविधाहरू बैङ्क वा बैङ्कबाट नियुक्त भएको अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ। | | |

| | | | | |
|---|---|---|---|---|
| ७२. | दफा ८६ङ. को उपदफा (१) को खण्ड (घ) मा संशोधन। | (घ) आवश्यक देखिएमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई अन्य वाणिज्य बैङ्क वा वित्तीय संस्थामा गाभ्ने वा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कुनै वा सबै सम्पत्ति तथा दायित्व अन्य कुनै वाणिज्य बैङ्क, वित्तीय संस्था वा अन्य कुनै निकायमा हस्तान्तरण गर्ने प्रबन्ध मिलाउने, | दफा ८६ङ. को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :- "(घ) त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई अन्य वाणिज्य बैङ्क वा वित्तीय संस्थामा गाभ्ने," | |
| ७३. | दफा ८६च. को उपदफा | (२) उपदफा (१) | दफा ८६च. को उपदफा (२) | |

| | | | | |
|---|---|---|---|---|
| | (२) मा संशोधन। | बमोजिमको व्यवस्थापन परीक्षण वा लेखापरीक्षण प्रतिवेदनको आधारमा कम्पनी ऐन तथा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्क आफूले नियन्त्रणमा लिएको कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था राम्रोसँग सञ्चालन हुन सक्छ भन्ने कुरामा बैङ्क विश्वस्त भएमा बैङ्कले आवश्यकता अनुसार देहायका | मा रहेका “राम्रोसँग सञ्चालन” भन्ने शब्दहरूको सट्टा “पुनर्संरचना मार्फत पुनःसञ्चालन” भन्ने शब्दहरू राखिएका छन्। | |

| | | | | |
|---|---|---|---|---|
| | | उपचारात्मक कार्यहरु गर्न सक्नेछः- | | |
| ७४. | दफा ८८ को उपदफा (१) को खण्ड (क) पछि खण्ड (क१) थपिएको। | नभएको | (क१) ऋणीको क्रेडिट स्कोरिङ गर्न, | |
| ७५. | दफा ८८ को उपदफा (१) को खण्ड (च) मा संशोधन। | (च) प्रत्येक बैङ्क तथा वित्तीय संस्था वा सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्थाले यस्तो सूचना आदान प्रदान गरे, नगरेको तथा त्यस्तो सूचना | खण्ड (च) मा रहेका “बैङ्कलाई प्रतिवेदन पेश गर्न” भन्ने शब्दहरू पछि “र बैङ्कले तोकेको कर्जा सूचना सम्बन्धी अन्य कार्य गर्न” भन्ने शब्दहरू थपिएका छन्। | |

| | | | | |
|---|---|---|---|---|
| | | अनुरुप ऋण लगानी गर्ने गरे, नगरेको बारे निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गरी बैङ्कलाई प्रतिवेदन पेश गर्ने। | | |
| ७६. | दफा ८८क. को सट्टा दफा ८८क. राखिएको। | **८८क. <u>फरफारखको कार्य गर्न सक्ने बैङ्कको अधिकारः</u>** (१) बैङ्कले देहायको कुनै अवस्थामा कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई आफ्नो नियन्त्रणमा लिई फरफारखको कार्य अगाडि | **<u>८८क. फरफारखको कार्य गर्नसक्ने</u>** : (१) बैङ्कले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको मूल्याङ्कन गर्दा मनासिब समय सीमाभित्र सुधार गर्न सकिने नदेखेमा देहायको कुनै अवस्थामा वाणिज्य बैङ्क वा वित्तीय | नेपाल राष्ट्र बैङ्कले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको मूल्याङ्कन गर्दा सुधार गर्न नसकिने देखेमा वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई आफ्नो नियन्त्रणमा लिई सोको सुधार गर्नु आवश्यक |

| | | | | |
|---|---|---|---|---|
| | | बढाउन सक्नेछः-<br><br>(क) पूर्ण वा आंशिक रुपमा आफ्नो दायित्व भुक्तानी गर्न नसकेमा,<br><br>(ख) सुपरिवेक्षकीय विश्लेषणका आधारमा सो विश्लेषण सम्बन्धी कार्य समाप्त भएको मितिले नब्बे दिनभित्र भुक्तानी गर्नुपर्ने दायित्वहरु पुरा गर्न नसक्ने अवस्था भएमा,<br><br>(ग) खुद सम्पत्ति भन्दा | संस्थालाई आफ्नो नियन्त्रणमा लिई फरफारखको कार्य अगाडि बढाउन सक्नेछः-<br><br>(क) पूर्ण वा आंशिक रूपमा आफ्नो दायित्व भुक्तानी गर्न नसकेमा वा त्यस्तो भुक्तानी गर्न नसक्ने कुरामा बैङ्क विश्वस्त भएमा,<br><br>(ख) सुपरीवेक्षकीय विश्लेषणका आधारमा भुक्तानी गर्नुपर्ने दायित्व पूरा गर्न नसक्ने अवस्था भएमा,<br><br>(ग) खुद सम्पत्तिभन्दा दायित्व बढी भएमा वा बढी हुन सक्ने | रहेको। |

| | | | | |
|---|---|---|---|---|
| | | दायित्व बढी भएमा,<br><br>(घ) बैङ्कले तोकेका सबै प्रकारका पूँजी तथा कोषहरुले समेत खाम्न नसक्ने गरी घाटामा गएमा,<br><br>(ङ) बैङ्कले दफा ८६छ. बमोजिम फरफारखको प्रक्रियामा लैजाने निर्णय गरेमा।<br><br>(२) कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था उपर रहेको निक्षेपकर्ता तथा | देखिएमा,<br><br>(घ) बैङ्कले तोकेका सबै प्रकारका पुँजी तथा कोषहरूले समेत खाम्न नसक्ने गरी घाटामा गएमा,<br><br>(ङ) बैङ्कले दफा ८६छ. बमोजिम फरफारखको प्रक्रियामा लैजाने निर्णय गरेमा,<br><br>(च) प्रचलित कानूनबमोजिम वाणिज्य बैङ्क वा वित्तीय संस्थाको खारेजी वा दामासाहीको प्रक्रिया प्रारम्भ भएमा वा दामासाहीमा पर्न | |

| | | | | |
|---|---|---|---|---|
| | | सुरक्षित साहुको दाबीलाई फरफारख गर्ने गराउने अधिकार बैङ्कलाई मात्र हुनेछ।<br><br>(३) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारख सम्बन्धी कार्य गर्दा लागेको सम्पूर्ण खर्च सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति बिक्री गरी प्राप्त रकमबाट व्यहोरिने छ। | सक्ने कुरामा बैङ्क विश्वस्त भएमा।<br><br>(२) कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था उपर रहेको निक्षेपकर्ता तथा सुरक्षित साहुको दाबीलाई फरफारख गर्ने गराउने अधिकार बैङ्कलाई हुनेछ।<br><br>(३) वाणिज्य बैङ्क वा वित्तीय संस्था उपर रहेको निक्षेपकर्ता तथा सुरक्षित साहुको दावीलाई फरफारख सम्बन्धी कार्य गर्दा लागेको | |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्पूर्ण खर्च सम्बन्धित त्यस्तो संस्थाको सम्पत्ति बिक्री र शेयर धनीको शेयर स्वामित्वबाट व्यहोरिनेछ। त्यस्तो रकम अपुग भएमा फरफारक सम्बन्धी खर्च असुरक्षित तथा अबिमित साहुको खर्चबाट व्यहोरिनेछ।<br><br>(४) उपदफा (१) बमोजिम बैङ्कले देहायबमोजिम गर्न वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारखको कार्य अगाडि बढाउनेछ :- | |

| | | | | |
|---|---|---|---|---|
| | | | <u>९क०</u> वित्तीय स्थायित्वको लागि वाणिज्य बैङ्क वा वित्तीय संस्थाको अपरिहार्य कार्य सञ्चालन गर्ने,<br><br>स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "अपरिहार्य कार्य" भन्नाले आर्थिक वा वित्तीय स्थायित्वमा अवरोध हुन नदिन वाणिज्य बैङ्क वा वित्तीय संस्थाका सेवा वा व्यावसायिक क्रियाकलाप लगायतका कार्य सम्झनुपर्छ। | |

| | | | | |
|---|---|---|---|---|
| | | | ९ख० निक्षेपकर्तालाई कानूनले संरक्षण प्रदान गरेको हदसम्म संरक्षण प्रदान गर्ने,<br>९ग० फरफारखको खर्च न्यूनतम गर्ने।<br>(५) उपदफा (१) बमोजिम फरफारक गर्दा उपदफा (४) बमोजिमको उद्देश्य अनुसार हुने गरी मितव्ययी, पारदर्शी तथा जवाफदही रूपमा गर्नु पर्नेछ।<br>(६) यस दफा बमोजिम बैङ्कले फरफारक गर्दा देखापरेको बाधा अड्चन तथा | |

| | | | | |
|---|---|---|---|---|
| | | | सोको निरूपण सम्बन्धी विस्तृत मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ।<br>(७) फरफारक सम्बन्धी कार्ययोजना, मूल्याङ्कन तथा बाधा अड्चन फुकाउने सम्बन्धी व्यवस्था बैङ्कले तोकेबमोजिम हुनेछ।” | |
| ७७. | दफा ८८क. पछि दफा ८८क१. थपिएको। | नभएको | **८८क१. <u>बैङ्कले विवरण राख्न वा राख्न लगाउन सक्ने</u> :** बैङ्कले एकीकृत र केन्द्रीकृत ग्राहक पहिचान, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी | बैङ्क तथा वित्तीय संस्थामा अनुशासन कायम गरी बैङ्क तथा वित्तीय संस्थाप्रति सर्वसाधारण नागरिकको विश्वसनीयता |

| | | | | |
|---|---|---|---|---|
| | | | क्रियाकलापमा वित्तीय लगानी गर्ने कार्यमा संलग्न भएको व्यक्ति, फर्म, कम्पनी वा सङ्गठित संस्थाको सम्बन्धमा नेपाल सरकार तथा संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्बाट पारित प्रस्ताव (रेजोलुसन)बमोजिम सूचीकृत भएको व्यक्ति, समूह वा सङ्गठनको सूचीको अभिलेख, खाता रोक्का तथा उच्च पदस्थ अधिकारी लगायत वाणिज्य बैङ्क वा वित्तीय | अभिवृद्धि गर्न आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | | संस्थाको सुशासनसँग सम्बन्धित एकीकृत विवरण राख्न वा कुनै संस्थालाई राख्न लगाउन सक्नेछ। | |
| ७८. | दफा ८८ख. को उपदफा (५) पछि उपदफा (६) र (७) थपिएको। | नभएको | "(६) विशेष प्रशासन समूहले सम्पादन गर्ने कामकारबाही बैङ्कले तोकेबमोजिम हुनेछ र बैङ्कले त्यस्तो कामकारबाहीको नियमित रूपमा अनुगमन गरी विशेष प्रशासन समूहलाई आवश्यक निर्देशन दिन सक्नेछ। | |

| | | | | |
|---|---|---|---|---|
| | | | (७) उपदफा (६) बमोजिम बैङ्कले दिएको निर्देशनको पालना गर्नु विशेष प्रशासन समूहको कर्तव्य हुनेछ।” | |
| ७९. | दफा ८८ग. को उपदफा (१), उपदफा (२) को खण्ड (क) र उपदफा (३) को खण्ड (ग) मा संशोधन। | (१) विशेष प्रशासन समूहलाई सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको साधारणसभा, सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत तथा अन्य पदाधिकारीले प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार | उपदफा (१) मा रहेका “गर्न पाउने” भन्ने शब्दहरूको सट्टा “गर्ने” भन्ने शब्द राखिएको छ। | |

| | | | | |
|---|---|---|---|---|
| | | हुनेछ। | | |
| | | (क) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको बिक्री हुन बाँकी पूरै वा आंशिक शेयर नयाँ व्यक्तिलाई बिक्री गर्ने, | उपदफा (२) को खण्ड (क) मा रहेका “नयाँ व्यक्तिलाई बिक्री गर्ने” भन्ने शब्दहरू पछि "वा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति र दायित्व पूर्ण वा आंशिक रूपमा अन्य वाणिज्य बैङ्क वा वित्तीय संस्था वा अन्य कुनै संस्थालाई तोकिएबमोजिम हस्तान्तरण गर्ने गराउने" भन्ने शब्दहरू थपिएका छन्। | |

| | | | | |
|---|---|---|---|---|
| | | (ग) सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको निश्चित अधिकार, सम्पत्ति वा दायित्व अर्को व्यक्तिमा हस्तान्तरण गर्ने, | उपदफा (३) को खण्ड (ग) मा रहेका "सम्पत्ति वा दायित्व" भन्ने शब्दहरू पछि "पूर्ण वा आंशिक रूपमा" भन्ने शब्दहरू थपिएका छन्। | |
| ८०. | दफा ८८ग. को उपदफा (५) पछि उपदफा (५क) थपिएको। | नभएको | उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छः- "(५क) विशेष प्रशासन समूहले वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारक गर्दा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको खारेजी हुँदा प्राप्त हुने सुविधाभन्दा कम नहुने गरी फरफारक | |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्नु पर्नेछ। | |
| ८१. | दफा ८८ग. को उपदफा (७) र (१२) मा संशोधन। | (७) विशेष प्रशासन समूहलाई सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्था तथा सोका सहायक कम्पनीको कार्यालय, बहिखाता, अभिलेख, सम्पत्ति तथा सूचना प्रविधि प्रणाली माथि पहुँच राख्ने तथा नियन्त्रण गर्ने पूर्ण अधिकार हुनेछ।। | उपदफा (७) मा रहेका "विशेष प्रशासन समूहलाई" भन्ने शब्दहरूको सट्टा "विशेष प्रशासन समूहलाई दफा ८६ख. को अधीनमा रही" भन्ने शब्दहरू राखिएका छन्। | |
| | | (१२) विशेष प्रशासन | उपदफा (१२) मा रहेको | |

| | | | | |
|---|---|---|---|---|
| | | समूहले वाणिज्य बैङ्क वा वित्तीय संस्थाको वित्तीय विवरण, सो संस्थाको सम्पत्ति बिक्रीको योजना र सो सम्बन्धमा आफ्नो दृष्टिकोण, सो संस्थाको दायित्वको पूर्वानुमान वा सोको भुक्तानीको तरिका, सम्पत्तिको वास्तविक हस्तान्तरण र दायित्वको अनुमान सहितको विवरण तोकिए बमोजिम समय समयमा बैङ्क समक्ष पेश | "तोकिए बमोजिम" भन्ने शब्दहरू पछि "आवश्यक स्वीकृतिको लागि" भन्ने शब्दहरू थपिएका छन्। | |

| | | | | |
|---|---|---|---|---|
| | | गर्नु पर्नेछ। | | |
| ८२. | दफा ८८घ. को उपदफा (४) पछि उपदफा (५) थपिएको। | नभएको | (५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशेष प्रशासन समूहले फरफारख प्रक्रिया सुरु गरेको कारणले मात्र कुनै प्राकृतिक वा कानूनी व्यक्तिले वाणिज्य बैङ्क वा वित्तीय संस्थासँग फरफारखको प्रक्रिया सुरु हुनुभन्दा अगाडि गरेको करार सम्झौता स्वतः समाप्त हुने छैन। | |

| | | | | |
|---|---|---|---|---|
| ८३. | दफा ८८छ. को सट्टा दफा ८६छ. राखिएको | **८८छ. <u>वाणिज्य बैङ्क वा वित्तीय संस्थाको वित्तीय स्थिति सुधारको लागि सिफारिस गर्न सक्नेः</u>** (१) यस परिच्छेद बमोजिम कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्बन्धमा शुरु भएको फरफारखको प्रक्रिया सम्पन्न गर्दा समग्र वित्तीय स्थायित्व वा प्रणालीमा नकारात्मक असरपर्ने देखिएमा विशेष प्रशासन समूहले सोही | **८८छ. <u>वित्तीय स्थिति सुधारको लागि सिफारिस गर्नसक्ने</u> :** (१) यस परिच्छेदबमोजिम कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्बन्धमा सुरु भएको फरफारखको प्रक्रिया सम्पन्न गर्दा समग्र वित्तीय स्थायित्व वा प्रणालीमा नकारात्मक असर पर्ने देखिएमा विशेष प्रशासन समूहले सोही व्यहोरा उल्लेख गरी त्यस्तो अवस्था सृजना हुन नदिन सम्बन्धित बैङ्क वा | |

| | | | | |
|---|---|---|---|---|
| | | व्यहोरा उल्लेख गरी सो अवस्था सिर्जना हुन नदिनका लागि त्यस्तो संस्थाको सम्पत्ति तथा दायित्वको अवस्था समेत समावेश गरी भविष्यमा चाल्नुपर्ने कदम सहितको प्रतिवेदन तयार गरी बैङ्क समक्ष पेश गर्नु पर्नेछ।<br><br>(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि बैङ्कले त्यस्तो वाणिज्य बैङ्क | वित्तीय संस्थाको सम्पत्ति तथा दायित्वको अवस्था समेत समावेश गरी भविष्यमा चाल्नुपर्ने कदम सहितको प्रतिवेदन तयार गरी बैङ्कसमक्ष पेस गर्नु पर्नेछ।<br><br>(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि बैङ्कले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारख गर्दा समग्र वित्तीय स्थायित्व वा प्रणालीमा नकारात्मक असर | |

| | | | | |
|---|---|---|---|---|
| | | वा वित्तीय संस्थाको फरफारख गर्दा समग्र वित्तीय स्थायित्व वा प्रणालीमा नकारात्मक असर पर्ने देखिन आएमा र नेपाल सरकारले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थामा लगानी गरेमा वित्तीय स्थिति सुधार हुन सक्ने अवस्था देखिएमा बैङ्कले आफ्नो राय | पर्ने देखिन आएमा र नेपाल सरकारले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थामा फरफारखको लागि अल्पकालीन वित्तीय लगानी गर्दा वित्तीय स्थिति सुधार हुन सक्ने अवस्था देखिएमा बैङ्कले आफ्नो राय सहितको व्यहोरा नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ।<br>(३) उपदफा (२) बमोजिम सिफारिस भई आएमा नेपाल सरकारले सम्बन्धित वाणिज्य | |

| | | | | |
|---|---|---|---|---|
| | | सहित सोही व्यहोरा नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।<br><br>(३) उपदफा (२) बमोजिम बैङ्कको सिफारिसमा नेपाल सरकारले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थामा लगानी गरी त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको वित्तीय स्थिति सुधार भएमा सुधार भएको मितिले बढीमा पाँच वर्षभित्र | बैङ्क वा वित्तीय संस्थालाई त्यस्तो लगानी गर्न सक्नेछ।<br><br>(४) उपदफा (२) को प्रयोजनको लागि बैङ्कले फरफारख प्रक्रियामा रहेका वाणिज्य बैङ्क वा वित्तीय संस्था वा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाका प्राप्तकर्ता (अक्वायरर) वा दफा ८८ज. बमोजिमका पुल संस्था (ब्रीज इन्स्टिच्यूसन)लाई कर्जा वा जमानत दिन, वाणिज्य बैङ्क वा वित्तीय | |

| | | | | |
|---|---|---|---|---|
| | | बोलकबोलको माध्यमद्वारा नेपाल सरकारले आफ्नो लगानी भएको रकम निजी क्षेत्रलाई बिक्री गरी उठाउनु पर्नेछ। | संस्था वा पुल संस्थामा लगानी गर्न वा ऋण उपकरणको खरिद मार्फत वाणिज्य बैङ्क वा वित्तीय संस्थाको स्रोत सकिएपछि अल्पकालीन वित्तीय सहयोग गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ।<br><br>(५) उपदफा (२) बमोजिम बैङ्कको सिफारिसमा नेपाल सरकारले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था वा पुल संस्थामा लगानी गरी त्यस्तो | |

| | | | | |
|---|---|---|---|---|
| | | | वाणिज्य बैङ्क वा वित्तीय संस्था वा पुल संस्थाको वित्तीय स्थिति सुधार भएमा त्यस्तो सुधारका लागि प्रदान गरिएका सुविधाको अन्त्य गर्ने तथा सुधार भएको मितिले बढीमा पाँच वर्षभित्र बोलकबोलको माध्यमद्वारा नेपाल सरकारले आफ्नो लगानी भएको रकम निजी क्षेत्रलाई बिक्री गरी उठाउनु पर्नेछ। | |
| ८४. | दफा ८८ज. को उपदफा | (४) पुल संस्था वा | दफा ८८ को उपदफा (४) | |

| | | | | |
|---|---|---|---|---|
| | (४) मा संशोधन। | एकाइको काम, कर्तव्य र अधिकार तथा त्यस्तो संस्था वा एकाइका पदाधिकारीले पाउने पारिश्रमिक र सुविधा बैङ्कले तोके बमोजिम हुनेछ। | मा रहेका “पुल संस्था वा एकाइको” भन्ने शब्दहरु पछि “संस्थापना, अनुमतिपत्र,” भन्ने शब्दहरु थपिएका छन्। | |
| ८५. | दफा ८८झ. को उपदफा (१) को खण्ड (घ) मा संशोधन गरी खण्ड (घ) पछि खण्ड (ङ), (च), (छ) र (ज) थपिएको। | (घ) कानून बमोजिम सुरक्षित साहुको रुपमा मान्यता प्राप्त व्यक्तिहरुको स्वीकृत दाबी। | दफा ८८झ. को उपदफा (१) को खण्ड (घ) को अन्त्यमा रहेको पूर्ण विराम चिन्ह "।" को सट्टा अर्ध विराम "," चिन्ह राखी सो खण्ड पछि देहायका खण्ड (ङ), (च), (छ) र (ज) थपिएका छन् :- | |

| | | | | |
|---|---|---|---|---|
| | | | "(ङ) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र बैङ्कलाई तिर्नुपर्ने रकम,<br>(च) अन्य वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई तिर्नुपर्ने बक्यौता रकम,<br>(छ) अन्य साहुहरू र अन्य दाबीहरूको लागि भुक्तानी योग्य रकम, र<br>(ज) प्रचलित कानूनब मोजिमका | |

| | | | | |
|---|---|---|---|---|
| | | | शेयरधनीहरूले प्राप्त गर्ने भुक्तानी।" | |
| ८६. | दफा ८८ञ. को उपदफा (१) मा संशोधन। | (१) विशेष प्रशासन समूहले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था आफ्नो नियन्त्रणमा लिएपछि दफा ८८झ, बमोजिम भुक्तानी प्राप्त गर्न नसक्ने सो संस्थाका निक्षेपकर्ता तथा साहुहरुको दाबी र कुनै लेनाको सम्बन्धमा उक्त संस्थाको सम्पत्ति माथिको अधिकार कायम गर्ने कुनै | दफा ८८ञ. को उपदफा (१) मा रहेका "कुनै पनि कार्य" भन्ने शब्दहरू पछि "विशेष प्रशासन समूहले निर्धारण गरेको निश्चित समयको लागि" भन्ने शब्दहरू थपिएका छन्। | |

| | | | | |
|---|---|---|---|---|
| | | पनि कार्य स्वतः स्थगन हुनेछ। | | |
| ८७. | दफा ८८ट. को उपदफा (१) मा संशोधन। | (१) विशेष प्रशासन समूहले देहायको अवस्थामा वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्तिमा प्रभाव पार्ने कारोबार वा तेस्रो पक्षसँग सम्बन्धित हस्तान्तरणलाई निष्क्रिय गर्न सक्नेछः- | उपदफा (१) मा रहेका "विशेष प्रशासन समूहले" भन्ने शब्दहरूको सट्टा "बैङ्कले तोकेको समयावधिको लागि देहायको अवस्थामा विशेष प्रशासन समूहले" भन्ने शब्दहरू राखिएका छन्। | |
| ८८. | दफा ८८ट. को उपदफा (७) को सट्टा उपदफा | (७) कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थामा | (७) कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थामा फरफारखको | |

| | | | | |
|---|---|---|---|---|
| | (७) राखिएको। | फरफारखको लागि विशेष प्रशासन समूह गठन भई प्रक्रियामा रहेको अवस्थामा कसैले सो अगावै प्रदान गरेका विद्युत, पानी, टेलिफोन, घरजग्गा, सवारी साधन जस्ता अन्य वस्तु तथा सेवा बापतको रकम प्राप्त नगरेको कारणले मात्र त्यस्तो वस्तु तथा सेवा बन्द गर्न गराउन हुँदैन। त्यसरी प्राप्त वस्तु तथा सेवाको भुक्तानीको | लागि विशेष प्रशासन समूह गठन भई प्रक्रियामा रहेको अवस्थामा कसैले प्रदान गरिरहेको विद्युत, पानी, टेलिफोन, तथ्याङ्क, सूचना प्रविधि, भुक्तानी तथा फस्यौंट, घरजग्गा, सवारी साधन जस्ता अन्य वस्तु तथा सेवा, सो वस्तु तथा सेवा बापतको रकम प्राप्त नगरेको वा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्था फरफारखको प्रक्रियामा रहेको कारणले मात्र बन्द | |

| | | | | |
|---|---|---|---|---|
| | | हकमा विशेष प्रशासन समूहले फरफारखको प्रक्रियामा जानु अघि कायम रहेको वक्यौता रकम सम्बन्धित सेवा प्रदायकलाई भुक्तानी गर्नु पर्नेछ। | गर्न गराउन पाइने छैन। | |
| ८९. | दफा ८८ट. को उदपफा (७) पछि देहायको उपदफा (८) थपिएको। | नभएको | **(८)** उपदफा (७) बमोजिमको वस्तु तथा सेवा बापतको भुक्तानीको हकमा विशेष प्रशासन समूहले फरफारखको प्रक्रिया सुरु हुनु अघि कायम रहेको वक्यौता रकम सम्बन्धित सेवा प्रदायकलाई | |

| | | | | |
|---|---|---|---|---|
| | | | भुक्तानी गर्नु पर्नेछ। | |
| ९०. | दफा ८८ठ. को उपदफा (३) र (४) को सट्टा उपदफा (३) र (४) थपिएको | (४) अदालतले देहायको अवस्थामा मर्कापर्ने पक्षलाई मनासिव माफिकको आर्थिक क्षतिपूर्ति भराई दिन सक्नेछः-<br><br>(क) फरफारखको क्रममा अधिकार क्षेत्र नाघी गरेको कुनै काम कारवाही भएकोमा,<br><br>(ख) यस ऐन बमोजिम फरफारखको प्रक्रिया पूरा | "(३) यस परिच्छेद बमोजिम विशेष प्रशासन समूह वा बैङ्कले गरेको काम कारबाहीबाट दफा ८८ग. को उपदफा (५क) बमोजिम वाणिज्य बैङ्क वा वित्तीय संस्थाको खारेजी हुँदा प्राप्त हुने सुविधा भन्दा फरफारक गर्दा प्राप्त हुने सुविधा कम हुने अवस्था उत्पन्न भएमा मर्का पर्ने पक्षले विशेष प्रशासन समूहले बैङ्कमा प्रतिवेदन पेश गरेको वा कुनै कारणले विशेष प्रशान समूह | |

| | | | | |
|---|---|---|---|---|
| | | नगरेकोमा,<br><br>(ग) फरफारखको कारबाही गर्दा पर्याप्त आधार र कारण बिना गरेकोमा। | विघटन भएकोमा विघटन भएको मितिले साठी दिनभित्र मौद्रिक क्षतिपूर्तिको लागि अदालत समक्ष निवेदन दिन सक्नेछ।<br>तर अदालतबाट अन्यथा आदेश भएकोमा बाहेक त्यसरी निवेदन परेको कारणले मात्र फरफारकको प्रक्रियामा रहेका कुनै कार्य निलम्बन, परिमार्जन, खारेज वा रद्द हुने छैन।<br>(४) उपदफा (३) बमोजिम निवेदन परेमा अदालतले देहायको अवस्थामा | |

| | | | | |
|---|---|---|---|---|
| | | | मर्का पर्ने पक्षलाई मनासिब माफिकको मौद्रिक क्षतिपूर्ति उपलब्ध गराइदिन सक्नेछः-<br>(क) फरफारकको क्रममा अधिकार क्षेत्र नाघी गरेको कुनै काम कारबाही भएकोमा,<br>(ख) यस ऐन बमोजिम फरफारकको प्रक्रिया पूरा नगरेकोमा,<br>(ग) फरफारकको कारबाही गर्दा पर्याप्त आधार र कारण बिना गरेकोमा।" | |
| ९१. | दफा ८८ण. को उपदफा (१) मा संशोधन। | (१) बैङ्कले कुनै पनि वाणिज्य बैङ्क वा वित्तीय | दफा ८८ण. को उपदफा (१) मा रहेका "राम्रोसँग सञ्चालन | |

| | | | | |
|---|---|---|---|---|
| | | संस्थाका सम्बन्धमा शुरु गरेको फरफारखको प्रक्रिया समाप्त भएमा वा अन्य कुनै कारणले सो प्रक्रिया सम्पन्न नहुँदै सो सम्बन्धमा विशेष प्रशासन समूहले दिएको सुझाव वा अन्य आधारमा समेत त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्था राम्रोसँग सञ्चालन हुन नसक्ने भन्ने कुरामा बैङ्क विश्वस्त भएमा त्यस्तो वाणिज्य | हुन नसक्ने भन्ने कुरामा बैङ्क विश्वस्त भएमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई खारेज गर्नको लागि अदालतसमक्ष निवेदन दिन सक्नेछ" भन्ने शब्दहरूको सट्टा "पुनर्संरचना मार्फत पुनःसञ्चालन हुन नसक्ने भन्ने कुरामा बैङ्क विश्वस्त भएमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई खारेज गर्नको लागि बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनबमोजिम अदालतसमक्ष | |

| | | | | |
|---|---|---|---|---|
| | | बैङ्क वा वित्तीय संस्थालाई खारेज गर्नका लागि अदालत समक्ष निवेदन दिन सक्नेछ। | निवेदन दिन सक्नेछ" भन्ने शब्दहरू राखिएका छन्। | |
| ९२. | दफा ९२ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको। | नभएको | (१क) उपदफा (१) बमोजिम महालेखा परीक्षकले बैङ्कको लेखापरीक्षण गर्दा लेखापरीक्षण सम्बन्धी प्रचलित कानूनको अधीनमा रही केन्द्रीय बैङ्कको लेखापरीक्षणको अनुभव रहेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त लेखापरीक्षकको | लेखापरीक्षण कार्यलाई प्रभावकारी बनाउन आवश्यक रहेको। |

| | | | | |
|---|---|---|---|---|
| | | | सहयोग लिन सक्नेछ। | |
| ९३. | दफा ९३ को सट्टा दफा ९३ राखिएको। | ९३. <u>**नेपाल सरकारमा प्रतिवेदन पेश गर्ने:**</u> (१) बैङ्कले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र देहायका प्रतिवेदनहरु नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछः—<br><br>(क) लेखापरीक्षण प्रतिवेदन।<br><br>(ख) आफ्नो काम कारबाही बारेको | "९३. <u>**बैङ्कका कार्यको प्रतिवेदन**</u> : (१) बैङ्कले प्रत्येक आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र वार्षिक वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गराउने तथा प्रत्येक महिना समाप्त भएको पन्ध्र दिनभित्र मासिक वासलात तयार गरी प्रकाशन गर्नेछ।<br>(२) बैङ्कले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र बैङ्कको | प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाई देखिएका कमीकमजोरी पहिचान मार्फत बैङ्कका गतिविधिलाई व्यवस्थित गर्न आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | प्रतिवेदन।<br><br>(ग) आर्थिक तथा वित्तीय अवस्था बारेको प्रतिवेदन।<br><br>(२) बैङ्कले प्रत्येक महिना समाप्त भएको पन्ध्र दिनभित्र आफ्नो मासिक वासलात तयार गरी प्रकाशन गर्नेछ। | लेखापरीक्षण गरिएको वित्तीय विवरण र आर्थिक तथा वित्तीय अवस्था समावेश भएको वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष पेस गर्नु पर्नेछ।" | |
| ९४. | दफा १०४ मा संशोधन। | **१०४. <u>तथ्याङ्क सङ्कलनः</u>** (१) बैङ्कले आफ्नो उद्देश्य प्राप्त गर्न तथा | दफा १०४ मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, प्रदेश | बैङ्कलाई आवश्यक पर्ने तथ्याङ्क संकलन गरी आर्थिक अवस्थाको |

| | | | | |
|---|---|---|---|---|
| | | आफ्नो कार्य सम्पादन गर्न आफैं वा नेपाल सरकार वा अन्य निकायबाट आफूलाई आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्न सक्नेछ। यस प्रयोजनका लागि बैङ्कले नेपालभित्र वा बाहिरका आधिकारिक व्यक्ति, सङ्घ, संस्था र अन्तर्राष्ट्रिय सङ्घ, संस्थासँग पनि सहयोग लिन सक्नेछ।<br><br>(२) बैङ्कले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित | सरकार, स्थानीय तह" भन्ने शब्दहरू राखिएका छन्। | वास्तविक चित्रण गर्न आवश्यक रहेको। |

| | | | | |
|---|---|---|---|---|
| | | तथ्याङ्क सङ्कलन, सङ्ग्रह तथा वितरण व्यवस्थालाई समन्वय र परिमार्जन गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ। | | |
| ९५. | दफा १०७ को सट्टा दफा १०७ राखिएको। | **१०७. <u>असल नियतले गरेको काममा जवाफदेही हुन नपर्ने</u>:** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन बमोजिम असल नियतले गरेको कुनै | **१०७. <u>असल नियतले गरेको काममा जवाफदेही हुनु नपर्ने</u> :** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम वा जारी गरिएको आदेश वा निर्देशनबमोजिम असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा | असल नियतले कार्य गर्ने पद्धितको विकास गर्न आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | काम कारबाहीको सम्बन्धमा गभर्नर, डेपुटी गभर्नर, सञ्चालक वा बैङ्कका कर्मचारी वा विशेष प्रशासन समूह व्यक्तिगत वा सामुहिक रुपले जवाफदेही हुने छैनन्।<br><br>तर जानाजान वा गलत मनसायबाट गरिएको कुनै कामको सन्दर्भमा भने निजहरु व्यक्तिगत रुपमा | गभर्नर, डेपुटी गभर्नर, सञ्चालक वा बैङ्कका कर्मचारी वा विशेष प्रशासन समूह वा बैङ्कले नियुक्त गरेको प्रतिनिधि वा एजेन्ट व्यक्तिगत वा सामुहिक रूपले जवाफदेही हुने छैनन्।<br>तर जानाजान वा गलत मनसायबाट गरे वा नगरेको कुनै कामको सन्दर्भमा भने निजहरू व्यक्तिगत रूपमा जिम्मेवार हुनेछन्।<br>(२) यो ऐन वा यस | |

| | | | | |
|---|---|---|---|---|
| | | जिम्मेवार हुनेछन्।<br><br>(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशनको पालना गर्नको निमित्त असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराले हुन आएको वा हुने हानि नोक्सानीको सम्बन्धमा गभर्नर, डेपुटी गभर्नर, सञ्चालक वा बैङ्कका कुनै अधिकृत वा | ऐनअन्तर्गत बनेको नियम तथा विनियम वा जारी गरिएको आदेश वा निर्देशनको पालना गर्नको निमित्त असल नियतले गरे वा गर्न खोजेको कुनै कुराले हुन आएको वा हुने हानि-नोक्सानीको सम्बन्धमा गभर्नर, डेपुटी गभर्नर, सञ्चालक वा बैङ्कका कुनै अधिकृत वा कर्मचारी वा बैङ्कले नियुक्त गरेको प्रतिनिधि वा एजेन्ट विरुद्ध कुनै किसिमको मुद्दा परेमा | |

| | | | | |
|---|---|---|---|---|
| | | कर्मचारी विरुद्ध कुनै किसिमको मुद्दा परेमा त्यस्तो मुद्दाको खर्च बैङ्कले व्यहोर्नेछ।<br><br>तर जानाजान वा गलत मनसायबाट गरिएको कुनै कामको सन्दर्भमा परेको मुद्दाको खर्च बैङ्कले व्यहोर्ने छैन। | त्यस्तो मुद्दाको खर्च बैङ्कले व्यहोर्नेछ।<br>तर जानाजान वा गलत मनसायबाट गरे वा नगरेको कुनै कामको सन्दर्भमा परेको मुद्दाको खर्च बैङ्कले व्यहोर्ने छैन। | |
| ९६. | दफा ११० को उपदफा (१) को सट्टा उपदफा (१) राखिएको। | (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न बैङ्कले नेपाल सरकारको स्वीकृति लिई देहायका | उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-<br>(१) यस ऐनको उद्देश्य | बैङ्कले बनाउने नियमका बारेमा थप स्पष्ट गर्न आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | विषयमा आवश्यक नियम बनाउन सक्नेछः-<br>(क) विदेशी विनिमय कारोबार।<br><br>(ख) जलेको, च्यातिएको, झुत्रिएको, मेटिएको वा आकृति बिग्रिएको बैङ्क नोट तथा सिक्काको सट्टाभर्ना।<br><br>(ग) नेपाल सरकार र बैङ्क बीच हुने व्यापारिक कारोबार।<br><br>(घ) यस ऐनको उद्देश्य | कार्यान्वयन गर्न बैङ्कले नेपाल सरकारको सहमति लिई नेपाल सरकार र बैङ्क बिच हुने व्यापारिक कारोबारको विषयमा आवश्यक नियम बनाउन सक्नेछ। | |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यान्वयन गर्न समितिले आवश्यक ठानेका अन्य विषयहरु। | | |
| ९७. | दफा ११० को उपदफा (२) को खण्ड (क) पछि खण्ड (क१) र (क२) राखिएको। | नभएको | उपदफा (२) को खण्ड (क) पछि देहायका खण्ड (क१) र (क२) थपिएका छन् :-<br>“(क१) विदेशी विनमय कारोबार।<br>(क२) जलेको, च्यातिएको, अत्रिएको, मेटिएको वा आकृति बिग्रिएको बैङ्क नोट तथा सिक्काको सट्टाभर्ना। | समितिले बनाउने विनियमका बारेमा थप स्पष्ट गर्न आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| ९८. | दफा ९१ र १०६ग. खारेज। | **९१. <u>वार्षिक प्रतिवेदनः</u>** (१) बैङ्कले वासलात आय व्यय र सोसँग सम्बन्धित विवरण समेत खुलाई प्रत्येक आर्थक वर्षको लागि वार्षिक प्रतिवेदन तयार गर्नु पर्नेछ।<br><br>(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन बैङ्कले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितले चार महिनाभित्र नेपाल सरकारमा पेश | दफा ९१ र १०६ग. खारेज गरिएका छन्। | प्रतिवेदन सम्बन्धी विषय अन्यत्र पनि समावेश भएको हुँदा राख्न आवश्यक नभएको। |

| | | | | |
|---|---|---|---|---|
| | | गर्नेछ।<br><br>**१०६ग. नेपाल सरकारले निर्देशन दिन सक्ने:** (१) मुद्रा, बैङ्किङ्ग र वित्त सम्बन्धमा नेपाल सरकारले बैङ्कलाई निर्देशन दिन सक्नेछ।<br><br>(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु बैङ्कको कर्तव्य हुनेछ। | | नेपाल राष्ट्र बैङ्कलाई कार्यगत रुपमा स्वतन्त्र र सक्षम बनाउन आवश्यक भएको। |
| ९९. | रूपान्तर | **रुपान्तर:** ऐनको ठाउँ ठाउँमा रहेका “बैङ्क वा वित्तीय संस्था” भन्ने शब्दहरूको सट्टा | | |

| | | |
|---|---|---|
| | | “वाणिज्य बैङ्क वा वित्तीय संस्था” भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ। |